# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ८ अङ्क १० पूर्णाङ्क ३२८ २०७९ भदौ २२ गते बुधबार Wednesday, 7 September 2022 www.eratokhabar.com/ www.ratokhabar.com मूल्य रु. १०


## दोस्रो जनयुद्ध सुरु भयो भने आश्चर्य हुनेछैन



- *सरकारले सहमतिको उल्लङ्घन गरेको छ । हाम्रो पार्टी नेकपा (बहुमत) कानुनी तथा जनदबाबका कार्यक्रमहरूको तयारी गरिरहेको छ ।*
- *अदालतले पक्राउपुर्जी जारी गर्नु राज्यसत्ताका तीन अङ्गहरूबीचको अन्तरविरोधको विस्फोटन हो ।*
- *दोस्रो जनयुद्धको सुरुआत भयो भने कुनै आश्चर्यको विषय हुनेछैन । यसको कारक पनि शासकहरू नै हुनेछन् ।*
- *पुरानो सत्ताले न्यायको आवाज नसुन्नु भनेको क्रान्तिको भ्रूण परिपक्व हुँदै जानु हो ।*
- *सारसङ्ग्रहवादी चिन्तन पनि विप्लव प्रवृत्ति नै हो । यो वास्तवमा कम्युनिस्ट आन्दोलन र क्रान्तिमा एउटा भ्रम हो । त्यसकारण यस प्रवृत्तिलाई नाङ्गेझार पार्नुपरेको हो ।*

नेकपा (बहुमत) का प्रवक्ता सुदर्शनको अन्तरवार्ता पृष्ठ ३ मा

# जनजनमा लोकप्रिय हुँदै नेकपा (बहुमत)

### राष्ट्रियता, जनतन्त्र र जनजीविका अभियानका मुख्य विषय



अम्बिका चन्द, काठमाडौँ/ नयाँ पार्टी पुनर्गठनको प्रक्रियासँगै नेपाल कम्युनिस्ट पार्टी (बहुमत) ले आफ्नो सङ्गठन विस्तार गर्नुका साथै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूलाई जनतामा स्थापित गर्नका लागि २ महिने राष्ट्रिय जनजागरण अभियान देशभर चलाइरहेको छ । नेकपा (बहुमत) ले आफ्ना पार्टी समितिहरूमा गरेको परिपत्रमा नै 'एकाइसम्मको सङ्गठन विस्तार, सङ्घर्ष र उत्पादनका कामलाई केन्द्रमा राखी राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान सञ्चालन गर्ने' उल्लेख गरेको छ । सोहीअनुसार पार्टीले देशैभरि आफ्नो सङ्गठन विस्तारलगायत कार्यहरू गरिरहेका समाचार देशभरबाट प्राप्त भएका छन् ।

यसै क्रममा राष्ट्रिय जागरण अभियानको अवधिमा नेकपा (बहुमत) को गण्डक ब्युरो इन्चार्ज रूपेशका अनुसार त्यस क्षेत्रको कास्की र तनहुँमा मात्र अभियान टोलीले २ हजार विद्यार्थी र एक हजार नागरिकका बीचमा पुगिसकेको छ । कास्की र तनहुँमा केन्द्रित भएको ब्युरोको अभियान टोलीले कास्कीमा मात्र २७ र तनहुँमा १८ वटा एकाइ निर्माण गरेको छ । अभियान टोलीले कास्कीको माछापुच्छ्रे गाउँपालिकामा भर्खरै प्रदर्शनसहित सभा र भेला गरेको छ । सङ्गठनका कामहरूमा धमाधम युवा र विद्यार्थीहरूका भेलाहरू भइरहेको जानकारी उनले दिए ।

यस्तै तनहुँमा १८ गते ८० जना विद्यार्थीको उपस्थितिमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ र एकदुई दिनमै मजदुर र विद्यार्थीको सम्मेलन गर्ने कार्यक्रम रहेको जानकारी रूपेशले दिएका छन् । गण्डक ब्युरोमा अभियान टिमको नेतृत्व गरिरहेका रूपेशले जनता कम्युनिस्ट टुटफुट र विभाजनबाट केही निराश भए पनि वर्तमान दलाल संसदीय व्यवस्था र जनजीविकाका समस्याहरू गम्भीर बन्दै गएका कारण आफ्नो पार्टीले राखेका विषयहरूप्रति सकारात्मक धारणा र सहानुभूति राखेको पाइएको बताए । यसबाट आफ्नो पार्टी छिट्टै जनतामा स्थापित हुने विश्वास उनले व्यक्त गरे ।

यसैबीच मधेस ब्युरोमा पनि नेकपा (बहुमत) को अभियान जनताको घरआँगनमा पुगिरहेको बताइएको छ । नेकपा (बहुमत) का मधेस ब्युरो इन्चार्ज नयनले सप्तरीबाहेक आफू इन्चार्ज भएको ब्युरोका सबै जिल्लामा जिल्ला समितिहरू निर्माण गरेर गाउँपालिका र वडा स्तरमा सङ्गठन निर्माणको प्रक्रिया अघि बढिरहेको जानकारी दिएका छन् । नयनका अनुसार मधेस ब्युरोका बारा र पर्सामा केन्द्रित भएको

... बाँकी ७ पृष्ठमा

## प्रवक्ता सुदर्शनद्वारा भीमकला बुढाथोकीप्रति श्रद्धाञ्जली व्यक्त

काठमाडौँ/ नेकपा (बहुमत) ले नेकपा (माओवादी समाजवादी) का अध्यक्ष कर्णजित बुढाथोकी 'सुशील' की आमा भीमकला बुढाथोकीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ । पार्टी प्रवक्ता सुदर्शनले शोक वक्तव्य जारी गरी आमा भीमकलाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै सुशीललगायत शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका छन् ।

... बाँकी २ पृष्ठमा

## अखिल (क्रान्तिकारी) द्वारा बुटवलका विद्यालयमा तालाबन्दी

बुटवल/ नेकपा (बहुमत) निकट अखिल (क्रान्तिकारी) रूपन्देहीले बुटवलका सामुदायिक र संस्थागत विद्यालयहरूमा अनिश्चितकालीन तालाबन्दी गरेको छ ।

अखिल (क्रान्तिकारी) रूपन्देहीले विभिन्न शैक्षिक मागहरू समेटेर यसअघि रूपन्देहीका स्थानीय शिक्षा शाखाहरूमा ५ बुँदे मागपत्र बुझाएको थियो । त्यसलगत्तै

... बाँकी ४ पृष्ठमा

## जाजरकोटमा पार्टी ध्रुवीकरण र सङ्गठन विस्तार तीव्र

जाजरकोट/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) जाजरकोटका गाउँबस्तीमा सङ्गठन विस्तार, पार्टी ध्रुवीकरण र भित्तेलेखन तीव्र बनेको छ । पार्टीको राष्ट्रिय जनजागरण अभियानका क्रममा पूर्वी जाजरकोटमा सङ्गठन विस्तारका साथै पार्टी ध्रुवीकरण तीव्र बनेको हो ।

अभियानका क्रममा नलगाड नगरपालिका वडा नं.

... बाँकी ४ पृष्ठमा

## राष्ट्रहितविपरीत काम नगर्न पाँच दलको चेतावनी

काठमाडौँ/ नेकपा (बहुमत), नेकपा (क्रान्तिकारी माओवादी) सहित पाँच वाम घटकले संसद्ले राष्ट्रहित र जनहितको रक्षा कदापि गर्न नसक्ने निचोड निकाल्दै आम श्रमजीवी शोषित-उत्पीडित जनसमुदायलाई सङ्घर्षमा उत्रन आह्वान गरेका छन् । सोमबार संयुक्त रूपमा जारी गरिएको वक्तव्यमा भनिएको छ, 'संसद्ले न नेपाली जनताको हितको प्रतिनिधित्व गर्न सक्छ, न राष्ट्रिय हितको संरक्षण र संवर्द्धन गर्नुपर्ने राष्ट्रपतिजस्तो सर्वोच्च संस्थाको मर्यादा र गरिमा नै कायम राख्नसक्छ । कदापि सक्तैन भन्ने निचोडमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको रक्षा र विकासका निमित्त संयुक्तत रूपमा सङ्घर्षरत हामी पाँच वाम शक्तिहरू पुगेका छौँ ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'अतः यस्तो गम्भीरतम् स्थितिमा के तराई, के पहाड, के हिमाल सबै क्षेत्रका आमनेपाली जनता, मजदुर, किसान, महिला, युवा, विद्यार्थी, मधेसी, जनजाति, अल्पसङ्ख्यक, सीमान्तकृत तथा लोपोन्मुख सबै तह र तप्काका

... बाँकी ७ पृष्ठमा

## नेकपा (बहुमत) ले चुनाव बहिष्कार गर्छ : रूपेश



बागलुङ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) बागलुङको प्रथम जिल्ला भेलामा पार्टीका गण्डकी ब्युरो इन्चार्ज रूपेशले आगामी संसदीय चुनाव बहिष्कार गरिने बताएका छन् । भेलाले सागरको संयोजकत्वमा १५ सदस्यीय जिल्ला समिति चयन गरेको छ ।

बागलुङको जिल्ला सदरमुकाम बागलुङ बजारमा शुक्रबार सम्पन्न भेलामा नेकपा (बहुमत) का गण्डकी ब्युरो इन्चार्ज रूपेश प्रमुख अतिथि थिए भने म्याग्दी, पर्वत र बागलुङ इन्चार्ज दलसिंह विशेष अतिथि थिए ।

कार्यक्रममा प्रमुख अतिथि रूपेशले पार्टी कार्यकर्ताहरूलाई प्रशिक्षण दिँदै आउँदो चुनावलाई आफ्नो पार्टीले बहिष्कार गर्ने बताए । आफ्नो पार्टी र अन्य क्रान्तिकारी शक्तिहरूबीच पार्टी एकता गर्दै जाने पनि उनले बताए । साथै उनले विप्लवमा आएको विचलनका कारण आफूहरूले पार्टी पुनर्गठन गर्नुपरेको पनि बताए ।

... बाँकी २ पृष्ठमा

## दाङमा राष्ट्रिय जनजागरण अभियान घनीभूत



गमानसिङ घर्ती, दाङ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को जनजागरण तथा सङ्गठन विस्तार अभियन दाङमा घनीभूत रूपमा सञ्चालन भइरहेको छ । अभियानअन्तर्गत दाङका विभिन्न ठाउँमा सङ्गठन निर्माण र पुनर्गठन चलिरहेको छ ।

यसैक्रममा युवा जनस्वयम्सेवक नेपालले बिहीबार तुलसीपुर उपमहानगरपालिकामा सुवासको संयोजकत्वमा १५ सदस्यीय ६ नम्बर वडा एकाइ समिति गठन गरेको छ ।

कार्यक्रमका प्रमुख अतिथि पार्टी नगर इन्चार्ज सजकले देश र समाज परिवर्तनमा युवाहरूको विशेष भूमिका हुने

... बाँकी २ पृष्ठमा

## क्रान्तिकारी शक्ति एकताबद्ध हुन आवश्यक छ : शार्दूल



गुल्मी/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) सचिवालय सदस्य एवम् लुम्बिनी ब्युरो इन्चार्ज शार्दूलले वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिकारीहरु एकताबद्ध भएर अघि बढ्नुपर्ने बताएका छन् । नेकपा (बहुमत) गुल्मीको प्रथम भेला उद्घाटन गर्दै प्रमुख अतिथि शार्दूलले व्यक्तिगत स्वार्थका लागि नागरिकता बेच्ने र राष्ट्रियता बेच्ने नवऔपनिवेशिक दलाल नोकरशाही पुँजीवादी

... बाँकी २ पृष्ठमा

## 'क्रान्तिमा सञ्चार मोर्चाको कार्यभार महत्वपूर्ण'

### नेकपा (बहुमत) केन्द्रीय प्रचार, प्रसार तथा प्रकाशन ब्युरोको बैठक सम्पन्न

काठमाडौँ/ नेकपा (बहुमत) केन्द्रीय प्रचार, प्रसार तथा प्रकाशन ब्युरोको पहिलो बैठक काठमाडौँमा आइतबार सम्पन्न भएको छ । ब्युरो संयोजक अशोक सुवेदीको अध्यक्षतामा सम्पन्न बैठकमा प्रमुख अतिथिका रूपमा नेकपा (बहुमत) का संयोजक कञ्चन, विशेष अतिथि पार्टी प्रवक्ता सुदर्शन र अतिथिहरू पार्टी केन्द्रीय कार्यालय सदस्य दीपक, पार्टी केन्द्रीय कार्यालय सचिव एवम् केन्द्रीय प्रचार, प्रसार तथा प्रकाशन ब्युरोका इन्चार्ज प्रवीर, पार्टी सचिवालय सदस्य समरजङ्ग, पार्टी केन्द्रीय आर्थिक विभागका सदस्य राजन उपस्थित थिए ।

ब्युरो बैठकमा प्रमुख अतिथि पार्टी संयोजक कञ्चनले वर्गसङ्घर्ष र अन्तरसङ्घर्षमा सञ्चार मोर्चाको भूमिका अत्यन्त महत्वपूर्ण रहेकाले प्रचार ब्युरोले दलाल पुँजीवादविरुद्ध र वैज्ञानिक समाजवादका पक्षमा निरन्तर सङ्घर्ष गरिरहनुपर्ने बताए । पार्टीको प्रचार ब्युरोले वर्गसङ्घर्ष र अन्तरसङ्घर्षमा निर्वाह गरेको भूमिका र स्पिरिट सराहनीय र उल्लेखनीय रहेको भन्दै प्रमुख अतिथि कञ्चनले यो गति कायम राख्दै अघि बढ्नुपर्ने पनि बताए ।

प्रतिक्रियावादी र संसदीय संशोधनवादी दुवै शक्ति मार्क्सवादका विरोधी भएकाले क्रान्तिकारी मार्क्सवादीहरूले दुस्मन र मार्क्सवादविरोधीहरूले क्रान्तिविरुद्ध फैलाएका भ्रमणहरू तत्काल प्रतिवाद गरी वैज्ञानिक समाजवादी क्रान्तिका पक्षमा निरन्तर विचार र सञ्चार प्रवाह गरिरहनुपर्ने संयोजक कञ्चनले बताए । क्रान्तिकालमा मार्क्सवादी सञ्चार मोर्चाले प्रचारक, संगठक र आन्दोलनकर्ताको भूमिका निर्वाह गर्नुपर्ने मार्क्स, लेनिन र माओदेखिकै विश्लेषण र संश्लेषण कायमै रहेको उल्लेख गर्दै संयोजक कञ्चनले अत्याधुनिक प्रविधि र चेतानाले युक्त सञ्चारयोद्धा समयको माग रहेको बताए ।

पार्टी प्रवक्ता सुदर्शनले लेनिनले क्रान्तिकालमा आफैँ सम्पादक रहेर स्क्रा सम्पादन गरेको, कार्ल मार्क्सलदेखि माओसम्मका मुख्य दार्शनिक र नेताहरूले सञ्चारमोर्चा समालेको इतिहास स्मरण गराउँदै पार्टीको प्रचार ब्युरो र विशेषगरी केन्द्रीय प्रकाशन रातो खबरले अन्तरसङ्घर्ष र वर्गसङ्घर्षमा निर्वाह गरेको भूमिका स्क्रा र प्राब्दाकै स्तरमा रहेको बताए । विप्लव समूहको संसदीय संशोधनवादका विरुद्ध पार्टीको सञ्चार ब्युरो र रोता खबर प्रकाशन गृहले निर्वाह गरेको भूमिका ऐतिहासिक रहेको संश्लेषण गर्दै प्रवक्ता सुदर्शनले यो गतिलाई वैज्ञानिक समाजवाद स्थापना होउन्जेल कायम राख्नुपर्ने बताए ।

प्रवक्ता सुदर्शनले पार्टीका सबै नेता-कार्यकर्ताले आन्दोलनको दायित्व र जिम्मेवारी महसुस गर्दै सिर्जनाका माध्यमबाट विचार प्रवाह गर्नुपर्ने

... बाँकी ५ पृष्ठमा

## पार्टी सुदृढीकरणबारे

देश/परिवेश

■ थमनसिंह राई 'निर्मल'



हामीले विशेष राष्ट्रिय भेलामार्फत नेकपा (बहुमत) गठन गरेसँगसँगै कार्यदिशा, कार्यक्रम, कार्यनीति र कार्यनीतिक कार्यक्रमको शृङ्खला निर्माण गरेका छौँ । यसले विगतमा रहेको कार्यदिशा, कार्यक्रम, कार्यनीति र कार्यनीतिक कार्यक्रमसम्बन्धी अस्पष्टता र अन्योलताको स्थितिलाई अन्त्य गरेको छ । अस्पष्टता र अन्योल हटेसँगै हामीमाथि देशव्यापी पुनर्गठित पार्टीलाई सुदृढ एवम् व्यवस्थित गर्ने अभिभारा आएको छ । यो अभिभारालाई कुशलता र दृढतापूर्वक पूरा गर्नु आजको आवश्यकता हो ।

जसरी क्रान्तिकारी कार्यदिशाबिना क्रान्ति सम्भव हुन्न, ठीक त्यसरी नै सुदृढ र व्यवस्थित प्रकारको क्रान्तिकारी पार्टीबिना पनि क्रान्ति सम्भव हुन्न । सुदृढ र व्यवस्थित बोल्सेभिक पार्टीको बलमा लेनिनले रुसमा सशस्त्र विद्रोहको कार्यदिशामार्फत समाजवादी क्रान्ति सम्पन्न गर्नुभयो । सुदृढ र व्यवस्थित चिनियाँ कम्युनिस्ट पार्टीकै ताकतमा माओले चीनमा दीर्घकालीन जनयुद्धको कार्यदिशामार्फत नयाँ जनवादी क्रान्ति पूरा गर्नुभयो । विश्वभरि जति पनि क्रान्तिकारी आन्दोलनहरू सफल भएका छन्, त्यहाँ सुदृढ प्रकारको पार्टी सङ्गठनको महत्वपूर्ण भूमिका रहेको छ । नेपालमा हामी जनवादी क्रान्तिको कार्यभारसहितको वैज्ञानिक समाजवादी क्रान्ति गर्न गइरहेका छौँ । यसलाई पूरा गर्नसक्ने विश्वदृष्टिकोणमा स्पष्ट, सिद्धान्तनिष्ठ, क्रान्तिको असली वाहक, सर्वहारा वर्गको अग्रदस्ता, अनुशासित, व्यवस्थित, सुदृढ र जुझारु चरित्रको पार्टी निर्माण आजको आवश्यकता हो । नेकपा (बहुमत) यसै आवश्यकतालाई परिपूर्ति गर्ने उद्देश्यले गठन भएको क्रान्तिकारी पार्टी हो । अहिलेको स्थितिमा यसको सुदृढीकरणका निमित्त केही आवश्यक विषयमा चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

सर्वप्रथमतः पार्टीभित्र विश्वदृष्टिकोणको प्रश्नमा स्पष्टता र एकरूपता कायम गर्न जोड गर्नुपर्दछ । कम्युनिस्टहरूको विश्वदृष्टकोण द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो, आदर्शवाद होइन किनकि कम्युनिस्टहरूको लक्ष्य र उद्देश्य शोषणकारी र विभेदकारी पुँजीवादी व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवाद हुँदै वर्गविहीन र शोषणविहीन साम्यवाद स्थापना गर्नु हो । नेकपा (बहुमत) को न्यूनतम लक्ष्य नेपालमा विद्यमान दलाल पुँजीवादी संसदीय व्यवस्थाको अन्त्य गरी जनवादी क्रान्तिको कार्यभारसहितको वैज्ञानिक समाजवाद स्थापना गर्नु र अधिकतम लक्ष्य साम्यवादमा पुग्नु रहेको छ । यसका निमित्त अचुक र अन्तिम दार्शनिक हतियार द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद नै हो । आदर्शवादी विश्वदृष्टिकोण

... बाँकी २ पृष्ठमा

# सम्पादकीय

## अभियानको प्रभावकारिता र संसदीय चुनावको बितण्डा

दलाल संसद्वादी दलहरू आफ्नो सत्ता र सरकार रक्षाको मीठो सपना देख्दै कथित प्रदेश र सङ्घको चुनावको जोडघटाउ, सिट बाँडफाँटको बितण्डा मच्चाउँदै चुछाचुँडीमै लागिरहेको समयमा नेकपा (बहुमत) का नेताहरूले विभिन्न मञ्चहरूबाट चुनाव बहिष्कार हुने सार्वजनिक गरिरहेका छन् । सरकारले तीनबुँदे सहमति लागू नगर्ने सङ्केत गर्दै मुद्दा नै तोकेर पत्रकारसम्मेलन गरेपछि नेकपा बहुमत) ले सरकारी बितण्डाका विरुद्ध अर्को चरणको सङ्घर्ष सुरु हुने सार्वजनिक गरेको छ । नेकपाका नेताहरूका अनुसार त्यो सङ्घर्षको स्वरूप दोस्रो जनयुद्धसम्म हुनसक्नेछ र त्यो अवस्था उत्पन्न भएमा त्यसको परिणामको सम्पूर्ण भागीदार वर्तमान सरकार नै हुनुपर्नेछ ।

यसैक्रममा नेकपा (बहुमत) ले भदौ पहिलो साताबाट सुरु गरेको राष्ट्रिय जनजागरण तथा सङ्गठन सुदृढीकरण अभियान तीन साता पूरा गर्दै गर्दा अत्यन्त प्रभावकारी बनेको छ । संसदीय संशोधनवादी बनेको विप्लव समूहलाई कारबाही गरी नेकपा (बहुमत) पुनर्गठन भएपछि आरम्भ भएको पहिलो देशव्यापी जनजागरण अभियानले जनतालाई राष्ट्रियता, जनजीविका र जनतन्त्रका विषयमा जानकारी राख्दै रूपान्तरित र सजग हुने मौका मिलेको छ भने विभिन्न पार्टी र समूहमा अल्मलिएर रहेका मानिस नेपालको एक मात्र क्रान्तिकारी पार्टी नेकपा (बहुमत) नै रहेको निष्कर्ष निकाल्दै लामबद्ध/ध्रुवीकरण हुने क्रम पनि ह्वात्तै बढेको छ । सहिद कुमार पौडेलका बुबाआमाले नै मधेसको अभियानलाई स्वागत गरेको सन्देशले अभियानको प्रभावकारिता बढिरहेको पुष्टि गर्छ । ठाउँठाउँमा सहिद, बेपत्ता, घाइते परिवार नै अभियानमा लामबद्ध बनिरहेका र स्वागत गर्दै अभियान अघि बढाइरहेका खबरहरूले आमूल परिवर्तनका पक्षधर शक्तिलाई खुसी र सन्तुष्ट बनाउँदै लगेको छ । अभियानकै क्रममा देशव्यापी रूपमा पार्टी, जवस, मोर्चाहरूको गठन, पुनर्गठन, पार्टीका जिल्ला भेला र सम्मेलनहरू भइरहेका कारण यतिबेला एक किसिमले देशव्यापी रूपमा नेकपा (बहुमत) का पक्षमा लहर नै चलेको देखिन्छ । संसदीय संशोधनवादी बनेको विप्लव समूह भने अभियानका क्रममा भन्डाफोर र नेकपा (बहुमत) प्रतिको जनलहरका कारण इतिहासको विषय बन्दै गएको छ ।

दलाल पुँजीवादी संसदीय व्यवस्थाका अवयवहरू कथित प्रदेश र सङ्घको निर्वाचन घोषणा गरी सिट बाँडफाँटमा लुछाचुँडी गरिरहेको, भ्रष्टाचार, कसिमन र राष्ट्रघातमा लिप्त रहेका कारण जनताले निन्दा र घृणा गरिरहेको अवस्थामा नेकपा (बहुमत) भने राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषय लिएर जनताको घरदैलोमा पुगेको छ । नेकपाले जनतालाई राष्ट्रघाती, जनघाती संसद्वादी शक्तिहरूको भन्डाफोर गर्दै वैज्ञानिक समाजवादी क्रान्ति नै दलाल पुँजीवादी व्यवस्थाको एक मात्र विकल्प हो भन्ने प्रमाणित गर्दै गएपछि सरकार अत्तालिएको देखिन्छ । फलस्वरूप उसले तत्कालीन नेकपासँग १९ महिनाअघि गरेको तीनबुँदे सहमति उल्लङ्घन गर्ने औपचारिक निर्णय नै सुनाएको छ भने नेकपा (बहुमत) का शीर्ष नेताहरू संयोजक कञ्चन र प्रवक्ता सुदर्शनले औपचारिक रूपमै सरकारले सहमति उल्लङ्घन गरेर क्रान्तिकारी शक्तिलाई चुनौती दिएकाले पुनः क्रान्ति वा जनयुद्ध सुरु हुनसक्नेतर्फ सङ्केत गरेका छन् ।

नेकपा (बहुमत) ले 'संसदीय संशोधनवादका विरुद्ध सङ्घर्ष गरौँ ! वैज्ञानिक समाजवाद स्थापनाको बाटोमा अघि बढौँ !!' नारासहित आरम्भ गरेको दुईमहिने अभियानका क्रममा माके, एमालेदेखि नेकपा एससम्म र यसअघि नेकपाबाट विद्रोह गरेका, विप्लवमण्डलीको कोपभाजनमा परेका, अल्मलिएका समूह र व्यक्तिहरू नेकपा (बहुमत) मै ध्रुवीकत हुने लहर चलेको छ । नेकपा (क्रान्तिकारी माओवादी) सँग पार्टी एकताका लागि संयोजन समिति नै बनिसकेको छ भने विद्रोही मसाललगायत क्रान्तिकारी कम्युनिस्ट समूहसँग पनि छलफल र वार्ताहरू चलिरहेका छन् । कतिपय पार्टी र व्यक्तित्वहरू पार्टीको कार्यदिशा, कार्यक्रम र कार्यनीति स्वीकार गर्दै एकत्रित र ध्रुवीकत हुने अभियान नै चलेको छ । यो अभियानको मात्र सफलता नभएर नेकपा (बहुमत) ले अघि सारेको वैज्ञानिक समाजवादी क्रान्तिको कार्यदिशाको सकारात्मक प्रभाव हो । यो अभियानले नेपालमा अब क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको नेतृत्व नेकपा (बहुमत) ले र संसदीय संशोधनवादको नेतृत्व माके-एमालेले गर्ने देखिएको छ । कम्युनिस्ट नाउँका अरू अवसरवादी समूहहरू स्वतः संसदीय संशोधनवादमा विलय हुने, इतिहासका विषय बन्ने र त्यसमा रुमल्लिएका पात्रहरू विद्रोह गरी क्रान्तिकारी आन्दोलनमा समाहित हुने देखिन्छ ।

नेकपा (बहुमत) प्रतिको जनविश्वास र ध्रुवीकरणको लहर किन यति तीव्रतामा बढिरहेको छ भन्ने विषय अब सार्वजनिक भइसकेको छ । पार्टीले देशभक्त, क्रान्तिकारी जनसमुदायलाई सम्बोधन गर्दै नेकपा (बहुमत) ले नेपाली जनताले अहिलेसम्म राजनीतिक पार्टीका नेता र सत्ताबाट धोका मात्र पाउँदै आएको र केही वर्षअघि क्रान्ति गर्ने उद्घोष गरेको विप्लव समूहले सिङ्गो पार्टीलाई संशोधनवादी कार्यनीति तय गरेर संसद्वादमा फसाउने दुष्कार्य गरेकाले त्यसबाट विद्रोह गरिएको प्रस्ट पारेको छ । नेकपामा रहँदा बहुमतभन्दा बढी क्रान्तिकारी शक्तिले विप्लवलगायत संसदीय संशोधनवादको कित्तामा रहेकाहरूलाई कारबाही गरी नयाँ जनवादका कार्यभार पूरा गर्दै वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न गर्ने लक्ष्य तय गर्ने कार्यदिशा निर्माण गरेपछि नेकपा (बहुमत) प्रति मानिसको विश्वास अझै चुलिएको हो । पार्टीले क्रान्ति सम्पन्न गर्न दलाल पुँजीवादी संसदीय प्रणाली खारेज गर्दै स्वाधीनतासहितको संयुक्त सरकार निर्माणको कार्यनीति किटान गरेपछि जनताका सामुन्ने नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम, कार्यदिशा, कार्यनीति र तत्कालीन कार्यक्रम बनाएर नेपाली श्रमिक र उत्पीडित जनताको सत्ता निर्माणको मार्गप्रशस्त भएको छ । अभियानका क्रममा पार्टीले एकीकृत जनक्रान्तिका नाममा समाजवादी क्रान्तिलाई तत्कालका लागि सुदूर भविष्यको कुरा बनाउने तत्वहरूलाई दलाल पुँजीवादी शक्ति र संसदीय संशोधनवादी शक्तिकै लहरमा राखेर नाङ्गेझार पारेपछि जनतामा मित्रशक्ति, संशोधनवादी शक्ति र दुस्मन शक्ति छुट्ट्याउन द्विविधा रहेको छैन । त्यसैले पनि नेकपा (बहुमत) ले सञ्चालन गरेको अभियानमा देशभक्त शक्ति र जनताको लहर बढिरहेको छ भने चुनाव घोषणा गरेका दलाल शक्तिहरूप्रति चरम घृणा र वितृष्णा बढिरहेको छ ।

नेकपा (बहुमत) ले अभियानका क्रममा जनताको घरदैलोसम्म देश र जनताका विषय पुर्‍याएको छ । पार्टीले हिन्द-प्रशान्त रणनीतिअन्तर्गत अमेरिकी साम्राज्यवाद र नेपालबीच भएको सहश्राब्दी चुनौती निगम एमसीसी, एसपीपीसम्झौता खारेज गर्न, नेपाल र भारतबीच भएका असमान सन्धि-सम्झौता खारेजी तथा पुनरावलोकन गर्न, नेपालका विभिन्न स्थानमा भारतद्वारा अतिक्रमित भूभाग फिर्ता गराउन राज्यद्वारा पहल गर्न, खुला सिमाना बन्द गरी वर्क पर्मिट (श्रम स्वीकृति) को व्यवस्था गर्न, साम्राज्यवादी तथा प्रतिक्रियावादी उद्देश्यद्वारा सञ्चालित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई सरकारद्वारा नियन्त्रण तथा नियमन गर्न, आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासका लागि उद्योग, व्यापार र वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गर्न, सम्पूर्णखाले साम्राज्यवादी सांस्कृतिक अतिक्रमण अन्त्य गर्न माग राखेकाले जनलहर बढिरहेको हो ।

यसैगरी जनतन्त्रसँग सम्बन्धित जनताको वास्तविक जनगणतन्त्र स्थापना गर्न प्रत्याह्वानको व्यवस्थासहित निर्वाचित कार्यकारी प्रमुख र न्यायपालिका भएको स्वाधीन संयुक्त सरकार गठन गर्न, आत्मनिर्णयको अधिकारसहित उत्पीडित राष्ट्रियता र उत्पीडित क्षेत्रहरूको स्वायत्तता लागू गर्न, महिला हिंसा तथा लैङ्गिक विभेद, जातीय प्रथा, वर्णविभेद, मुस्लिम तथा मधेसी समुदायमाथिको विभेद अन्त्य गर्न, तीनबुँदे सहमतिविपरीत र जनयुद्धका प्रक्रियामा लगाइएका झूट्टा मुद्दा खारेज गरी सम्पूर्ण राजबन्दी रिहा गर्न माग गरेकाले पनि पार्टीले आमजनसमुदायको मन जितिरहेको छ ।

त्यसैगरी जनजीविकाका सम्बन्धमा सम्पूर्ण नेपाली जनतालाई जमिनमाथि जन्मसिद्ध अधिकार सुनिश्चित गर्न, दलाल तथा नोकरशाही पुँजीको राष्ट्रियकरण गरी राष्ट्रिय उद्योगहरू स्थापना गर्न, सम्पूर्ण नेपाली नागरिकको आवासको व्यवस्था राज्यद्वारा सुनिश्चित गरियोस् र सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको तुरुन्त वैकल्पिक व्यवस्था गर्न, सम्पूर्ण श्रमिकहरूको न्यूनतम् ज्याला दैनिक १ हजार हुने गरी कडाइपूर्वक लागू गर्न, विदेशमा पलायन भइरहेको सीप र श्रमलाई रोक्न स्वदेशमा रोजगारीको योजनाबद्ध व्यवस्था गर्न किसानहरूलाई उपयुक्त समयमा नै मल, बिउ, औजारको सस्तो र सुलभ व्यवस्था गर्न पनि माग गरेको छ । सबैलाई निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था गर्न, साना तथा मझौला उद्योगहरूलाई विशेष सहुलियतको व्यवस्था गर्न, अनाथ, अपाङ्ग, वृद्ध र बालबालिकाको राज्यद्वारा उचित संरक्षण प्रदान गर्न जनयुद्ध र जनआन्दोलनका घाइते तथा अपाङ्ग योद्धाहरूको उपचार तथा जीविकाको उचित व्यवस्था गर्न, कालोबजारिया, तस्कर, घूसखोर, भ्रष्टाचारी, कमिसनखोरहरूलाई कडा सजाय गरी अनुचित रूपले आर्जित सम्पत्ति राष्ट्रियकरण गर्न, मिटरब्याजी र लघुवित्त, सहकारी र बैङ्कहरूद्वारा गरिएको सूदखोरीको नियमन गरी संलग्न अधिकारीहरूलाई कडा कारबाही गर्न र लागूपदार्थको दुर्व्यसन अन्त्य गर्न राष्ट्रिय संयन्त्र गठन गर्न माग गर्दै अभियान जनताको घरसम्म पुर्‍याएको छ । यसरी एकातिर नेकपा (बहुमत) देश र जनताका माग लिएर जनताको घरदैलोमा पुगी लोकप्रिय बनिरहेको छ भने संसद्वादी दलहरू चुनावी लुछाचुँडीका कारण झन्झन् बदनाम बन्दै गएका छन् । जनताको प्रिय बनिरहेको अभियानले दुई महिनासम्म पार्टीको विचारलाई स्थापित गर्ने र दलाल पुँजीवादका पक्षधर शक्तिप्रति घृणा उत्पन्न गर्नेमा विश्वस्त हुन सकिन्छ ।

## पार्टी सुदृढीकरणबारे ....

बोक्नेहरू वास्तविक कम्युनिस्ट क्रान्तिकारी हुन सक्दैनन् । उनीहरू क्रान्तिको असली वाहक हुन पनि सक्दैनन् । उनीहरू कम्युनिस्ट दृष्टिकोण, आदर्श र मूल्यमान्यताबाट स्खलित भई सुधारवादी, संशोधनवादी, संसद्वादी, अर्थवादी आदि बन्न पुग्छन् । उनीहरूले क्रान्तिकारी आन्दोलनलाई बीचमै अलपत्र पारेर छाडिदिन्छन् । विगतमा आफूलाई असली क्रान्तिकारी तथा भौतिकवादी बताउने कम्युनिस्ट अगुवाहरू विचलित भएर क्रान्तिकारी आन्दोलनलाई अलपत्र पार्दै आदर्शवादको शरणमा पुगेका अनेकौँ दृष्टान्त हाम्रासामु छन् । जस्तै : मोहनचन्द्र अधिकारी कम्युनिस्ट आन्दोलनबाट पलायन भएर शान्तिको खोजीमा वृन्दावनमा तपस्या गर्न पुगे; प्रचण्डले ज्योतिषीको सल्लाहमा ग्रह शान्त पार्न चतरा पुगेर भैँसी पूजा मात्रै गरेनन् 'भौतिकवाद र अध्यात्मवादलाई समायोजन गर्नुपर्छ' सम्म भन्न भ्याए; विप्लवले शुभलाभ हुने विश्वासमा कुनै एक सरकारी कर्मचारीले उपहार दिएको फलामे औँठी धारण गरे । आफूलाई अब्बल दर्जाको कम्युनिस्ट बताउन रुचाउने यस्ता कयौँ नेताहरू छन् जो कार्यक्रमहरूमा भौतिकवादबारे घन्टौँ प्रवचन दिन्छन् तर आफ्नो घरमा पुगेपछि रामनामी ओढ्छन्, हनुमान चालिसा पाठ गर्छन्, मृतक बाबुआमाका नाममा पिण्ड चढाउँछन् । यस्ता आदर्शवादी दृष्टिकोणको प्रभावबाट मुक्त हुनका निम्ति पार्टीभित्र द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणयुक्त नेता-कार्यकर्ताहरूको पङ्क्ति निर्माण गर्न जोड लगाउनु पर्दछ । यसका लागि नियमित स्कूलिङ र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्दछ । साथै स्वअध्ययनलाई पनि प्रोत्साहित गर्नुपर्दछ ।

दोस्रो कुरा, पार्टीले लिएको कार्यदिशा, कार्यक्रम, कार्यनीति र कार्यनीतिक कार्यक्रमबारेको बुझाइमा स्पष्टता र एकरूपता कायम गर्नुपर्दछ । विप्लव नेतृत्वको पार्टीमा कहिल्यै पनि बुझाइमा स्पष्टता र एकरूपता कायम हुन सकेन । सधैँभरि कुहिरोमा काग रुमल्लिएझैँ अन्योलपूर्ण अवस्थामा रुमल्लिनुपर्ने स्थिति बन्यो । त्यस्तो स्थितिको अन्त्य भएको अहिलेको अवस्थामा हाम्रो पार्टीका नेता-कार्यकर्ताहरू पार्टीको कार्यदिशा, कार्यक्रम, कार्यनीति र कार्यनीतिक कार्यक्रमका विषयमा पूर्णतया जानकार हुनुपर्दछ । उनीहरूजस्तो फोस्रो गफमा रमाउने क्रान्तिकारी कुरौटे हुनु हुँदैन । कुरा मात्रै ठूला र चर्का गर्ने, काममा भने सिन्को नभाँच्ने विरासतको अन्त्य हुनुपर्छ । सतही कुरामा रमाउने तर गहन अध्ययन र कडा परिश्रम गर्न अनिच्छुक रहने कुरा हटाउनुपर्छ । उनीहरू पार्टीको रणनीति, कार्यनीति, कार्ययोजनाका विषयमा प्रस्ट र पोख्त हुनुपर्छ ।

हामीले कार्यदिशा— वैज्ञानिक समाजवादी क्रान्ति, कार्यक्रम— जनवादी क्रान्तिको कार्यभारसहितको वैज्ञानिक समाजवाद, कार्यनीति— स्वाधीन संयुक्त सरकार तथा कार्यनीतिक कार्यक्रम- संसदीय व्यवस्थाको अन्त्य, राजनीतिक स्थिरता, सामाजिक रूपान्तरण, शान्ति, समृद्धि र स्वाधीनता तय गरेका छौँ । त्यस्तै राजनीतिक स्थिरताका लागि उपरि संरचनाअन्तर्गत कार्यपालिकामा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुने र निजको नेतृत्वमा विषयविज्ञहरू सम्मिलित मन्त्रिमण्डल गठन गर्ने, व्यवस्थापिकामा प्रत्यक्ष निर्वाचित विधायकहरू रहने र निजहरूले कानुन बनाउनेबाहेकका काम गर्न नपाउने, न्यायपालिकामा प्रत्यक्ष निर्वाचित प्रधानन्यायाधीश रहने र आर्थिक आधारका रूपमा जमिनमाथि सम्पूर्ण नागरिकको नैसर्गिक अधिकार कायम गर्ने नीति प्रस्तुत गरेका छौँ । यस विषयमा स्पष्ट पार्टी पङ्क्तिले मात्रै पार्टीले निर्धारण गरेको क्रान्तिकारी उद्देश्य हासिल गर्ने कार्यमा सशक्त र निर्णायक भूमिका निर्वाह गर्न सक्छ । तसर्थ पार्टीले प्रस्तुत गरेका यी विषयमा स्पष्टता र एकरूपता हासिल गर्नका लागि नियमित प्रशिक्षण, छलफल, अन्तरक्रिया, स्वअध्ययनजस्ता विधिहरू अवलम्बन गर्नुपर्दछ ।

तेस्रो कुरा, सङ्गठनात्मक संरचना पिरामिड आकारको बनाउँदै लैजानु पर्दछ । अहिलेका हाम्रा सङ्गठन करिब छाताको आकारजस्तै बन्न पुगेका छन् । सामान्यतः माथिल्लो ओहोदामा रहने कुरामा अभिरुचि राख्ने तर मातहतको ओहोदामा रहन अरुचि व्यक्त गर्ने कुराले यस्तो हुन पुगेको छ । माथिल्लो समितिमा धेरै जनशक्ति केन्द्रित हुने तर जनशक्तिको अभावमा मातहतका समितिहरूको आकार खिइँदै जानेजस्तो भएको छ । यसले माथि जनशक्ति बेरोजगार बन्ने तर तल जनशक्तिको अभावमा योजना कार्यान्वयन नहुने वा फितलो हुने स्थिति पैदा हुन्छ । माथिल्लो तहको आकार ठूलो हुँदैमा पार्टीले सही दिशा समात्न सक्छ भन्ने कुनै सुनिश्चित हुन्न । कार्यविन्यास कस्तो प्रकारको गरिन्छ

> *अबका दिनमा को पार्टीको नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्न कटिबद्ध भएर लागिपरेको छ र को व्यवहारमा माखो नमार्ने तर बोलीले चिरिच्याँट्ट पार्ने कुरा गर्दैछ भन्ने छुट्ट्याउन सक्नुपर्दछ । कामचोर र ठग प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ । कुन नेता-कार्यकर्ताको सबल पक्ष के हो र सीमा-कमजोरी के हुन् भन्ने थाहा पाउनुपर्छ ।*

भन्ने कुराले यसको निर्धारण गर्छ । सही प्रकारको कार्यविन्यास गर्न सक्दा समितिको आकार सानै भए पनि प्रभावकारी रूपले कार्य सम्पादन गर्न सम्भव हुन्छ तर कार्यविन्यास सही प्रकारले गर्न सकिएन भने अस्तव्यस्तताको अवस्था उत्पन्न हुन्छ ।

हामीले कम्युनिस्ट पार्टीको सङ्गठन निर्माणका सन्दर्भमा दुई प्रकारका अतिबाट जोगिनुपर्दछ : एउटा, लचकता र उदारता अपनाउने नाममा न्यूनतम गुणस्तर कायम गर्न नसक्ने, भद्दा प्रकारको पार्टी सङ्गठन निर्माण गर्ने प्रचण्डको अराजक तरिका र अर्को, कडाइ गर्ने नाममा आफ्नो आलोचक र सम्भावित प्रतिस्पर्धीका निम्ति ढोका बन्दवादी नीति लिने मोहनविक्रम सिंहदेखि विप्लवसम्मको सङ्कीर्ण र निषेधवादी तरिका । प्रचण्डको तरिकाले सङ्गठनको आकार सुन्निएर मोटाएजस्तो र मोहनविक्रम-विप्लव तरिकाले सुकेनास लागेजस्तो बन्न जान्छ । हाम्रो सन्दर्भमा तल व्यापक सञ्जाल भएको र माथि चुस्त र छरितो हुने स्वरूपको पार्टी निर्माणमा ध्यान केन्द्रित गर्नु आवश्यक छ । यसो गर्दा हामीले विशेष राष्ट्रिय भेलामार्फत निर्धारण गरेबमोजिम सबै तहका समितिहरूमा वृद्ध, प्रौढ र युवालाई समावेश गर्नुपर्दछ । साथै समितिहरूमा एउटा हिस्साले अवकाश लिने र अर्को हिस्सा प्रवेश गर्ने नीतिलाई पनि लागू गर्दै जानुपर्दछ ।

चौथो कुरा, पार्टीको चरित्र अनुशासित र जुझारु प्रकारको बनाउनुपर्छ । क्रान्ति सफल पार्न सशक्त र घनीभूत सङ्घर्ष सञ्चालनका निम्ति यसप्रकारको पार्टी हुनु अनिवार्य छ । हामीले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवाललाई समेटेर सङ्घर्ष सञ्चालन गर्ने नीति निर्धारण गरेका छौँ । सङ्घर्ष सञ्चालन गर्दा ट्रेड युनियन प्रकारको मात्र नगरी विद्यमान सत्ताका अवयवहरूमा प्रहार गर्ने प्रकृतिका हुनुपर्ने निश्चित गरेका छौँ । यसलाई पूरा गर्नका निम्ति बैठकमा आए पनि हुने नआए पनि हुने, योजना कार्यान्वयन गरे पनि हुने नगरे पनि हुने गैरजिम्मेवार तरिकालाई पूर्णतया सच्याउनुपर्दछ । पार्टीको जिम्मेवार निकायमा रहेपछि पार्टीको अनुशासन कडाइपूर्वक पालना गर्नुपर्छ । 'अलिनो पनि नखाने, नुनढिको पनि नफोर्ने' भनेझैँ माथिल्लो तहको पदमा रहन पनि चाहने तर पार्टीले खटाएको जिम्मा र क्षेत्रमा जान आनाकानी गर्ने र योजना कार्यान्वयनमा उदासीनता प्रकट गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ । पार्टीको योजना र निर्देशनलाई निःसर्त र निःस्वार्थ भावका साथ कार्यान्वयन गर्न तत्पर पार्टीपङ्क्ति तयार गर्नुपर्दछ । माथिल्लो पदमा बहाल रहन चाहना राख्ने तर पार्टीको योजना र निर्देशन कार्यान्वयन गर्ने बेलामा आनाकानी गर्ने वा उदासीन रहने नेता-कार्यकर्तालाई रूपान्तरण हुन सूचित गर्नुपर्दछ । पटकपटकको प्रयत्नमा पनि रूपान्तरण सम्भव नभएमा निजहरूलाई सम्झाइबुझाई सक्ने जिम्मेवारीमा राखेर सम्बन्धित जिम्मेवारीबाट अवकाश दिनुपर्दछ । तिनको स्थानमा बुझाइमा स्पष्ट, ऊर्जावान्, उच्च मनोबलयुक्त, सिर्जनशील र जुझारु सदस्यहरूलाई पदस्थापन गर्नुपर्दछ ।

पाँचौँ कुरा, नेता-कार्यकर्ताहरूको व्यवस्थापन र परिचालन मिलाउन सक्नुपर्छ । व्यवस्थापनका दुई पक्ष हुन्छन् : एउटा, जिम्मेवारी र अर्को, भरणपोषण । हरेक नेता-कार्यकर्तालाई उसको कार्यक्षमता, रुचि र आन्दोलनको आवश्यकताअनुसारको जिम्मेवारी प्रदान गर्नुपर्दछ । यसो गर्दा कोही आफ्नो अनुकूल वा प्रतिकूल हुने आधारमा नभई पार्टी र क्रान्तिको हितलाई सर्वोपरि राख्ने कुरालाई प्राथमिकता दिनुपर्दछ ।

भरणपोषणका सन्दर्भमा हाम्रो पार्टीले विकसित गरेको विधिअनुरूप गर्नुपर्दछ । पूर्णकालीन नेता-कार्यकर्ताहरूको भरणपोषणको जिम्मा सङ्गठनले लिन्छ र लिनुपर्दछ । भरणपोषणका लागि आवश्यक स्रोतको व्यवस्था गरी बजेट तर्जुमा गर्नुपर्दछ । सहयोग, कर र उत्पादन यसका स्रोत हुन सक्छन् । स्रोतहरू व्यक्तिगत नियन्त्रणमा हुने र संस्थागत भण्डार रित्तै हुने अवस्था उत्पन्न हुन दिनु हुन्न । बजेट तयार गरेपछि न्यायोचित वितरणप्रणाली लागू गर्नुपर्दछ । सक्नेले मनमौजी सुविधा भोग गर्ने, नसक्नेले निरीह बन्नुपर्ने अवस्था आउन दिनु हुन्न । मनपरेका र चतुर्‍याइँ गर्नेलाई जति भने पनि र जहिले भने पनि सुविधा उपलब्ध गराउने, मन नपरेका र सोझा-इमानदारलाई नाकाबन्दी गरेर प्रताडित गर्ने विगतको प्रचलनलाई हटाउनुपर्दछ । पार्टीभित्र निरपेक्ष समानता नभई सापेक्षिक समानता लागू हुने हुँदा कामको जिम्मेवारी र आवश्यकताअनुसारको सुविधा प्रदान गर्नु न्यायोचित हुन्छ । पूर्णकालीनहरूको आश्रित परिवारजनहरूको भरणपोषणको समस्या हल गर्न उनीहरूलाई नियमित आय आर्जनका काममा जोड्नुपर्दछ भने भइपरी आउँदा यथोचित संस्थागत सहयोग पनि उपलब्ध गराउने नीति बनाउनुपर्दछ ।

परिचालनका सन्दर्भमा भने समग्र पार्टीपङ्क्तिलाई माओले भनेझैँ प्रचारको काम, सङ्गठनात्मक काम, सङ्घर्षको काम र उत्पादनको काममा लगाउनुपर्दछ । कोही पनि भूमिकाविहीन, बेरोजगार र निष्क्रिय बन्नु हुँदैन । कार्यदिशा, कार्यक्रम, कार्यनीति र कार्यनीतिक कार्यक्रमहरूका विषयमा जनसमुदायका बीचमा व्यापक प्रचार गर्नुपर्दछ । अहिलेको आवश्यकताअनुरूपका पार्टी, जवस र मोर्चा सङ्गठनहरू व्यापक रूपमा निर्माण गर्नुपर्दछ । सत्ताकेन्द्रित सङ्घर्ष सञ्चालन गर्न जोड लगाउनुपर्दछ । आत्मनिर्भर बन्ने उद्देश्यका साथ उत्पादन कार्यमा संलग्न बन्नुपर्दछ ।

छैटौँ कुरा, नेता-कार्यकर्ताको जिम्मेवारी र कार्य सम्पादनबारे नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ । विगतमा यस्तो प्रचलन अपनाइएको विरलै भेटिन्छ । तमाम विषयका लागि निश्चित अधिकारीहरूको रिपोर्टिङमा भरपर्ने स्थिति हुन्थ्यो । ती अधिकारीले गरेको रिपोर्टिङको सत्यतथ्य मापन गर्ने कुनै मापदण्ड हुँदैनथ्यो । नेता-कार्यकर्ताहरूका बारेमा पनि तिनै अधिकारीको रिपोर्टिङलाई आधार मानेर निर्णय लिने स्थिति हुन्थ्यो । फलस्वरूप कतिपय अवस्थामा इमानदारहरू दण्डित हुने र बेइमानहरू पुरस्कृत हुने स्थितिसमेत बन्ने गर्दथ्यो । यसले पार्टीको विकासमा गतिरोध पैदा हुन्थ्यो । अबका दिनमा को पार्टीको नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्न कटिबद्ध भएर लागिपरेको छ र को व्यवहारमा माखो नमार्ने तर बोलीले चिरिच्याँट्ट पार्ने कुरा गर्दैछ भन्ने छुट्ट्याउन सक्नुपर्दछ । कामचोर र ठग प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्दछ । कुन नेता-कार्यकर्ताको सबल पक्ष के हो र सीमा-कमजोरी के हुन् भन्ने थाहा पाउनुपर्छ । सबल पक्षलाई पुँजीकृत गर्न प्रोत्साहित गर्नुपर्छ र सीमा-कमजोरीलाई सच्याउन मद्दत गर्नुपर्छ । राम्रो काम गर्नेहरूलाई पुरस्कृत गर्ने र गल्ती दोहोर्‍याइरहनेलाई नसियत दिने थिति बसाल्नुपर्दछ ।

त्यस्तै नेता-कार्यकर्ताहरूको मूल्याङ्कन सही रूपले गर्नुपर्दछ । आफ्नो हितैषी, प्रशंसक र मनपरेको अमूक पात्रलाई काखी च्याप्ने र अरूलाई बेवास्ता गर्ने परम्परा तोड्नुपर्छ । प्रचण्डदेखि विप्लव नेतृत्वको पार्टीसम्म आउँदा कुनै अमूक पात्रलाई हेर्ने विषयमा मतैक्य हुँदैनथ्यो । अर्थात् एउटै पात्रलाई एउटाले एकदम सही भएको जिकिर गर्थ्यो भने अर्कोले एकदम गलत भएको बताउँथ्यो जब कि ती दुईमध्ये एउटाचाहिँ सत्य हुन्थ्यो । हामी यसबाट माथि उठ्नुपर्छ । हामीले कुनै पनि नेता-कार्यकर्ताका विषयमा मूल्याङ्कन गर्दा उसको वैचारिक तथा राजनीतिक स्पष्टता, पार्टी र क्रान्तिप्रतिको समर्पणभाव र दृढता, कार्यक्षमता, निरन्तरता, क्रियाशीलता तथा वरिष्ठतालाई मापदण्ड बनाउनुपर्दछ । यो मापदण्डका आधारमा मात्रै सम्पूर्ण नेता-कार्यकर्ताको वस्तुनिष्ठ र न्यायोचित मूल्याङ्कन गर्न सम्भव हुन्छ ।

*१७ भदौ, २०७९*

*(नेकपा (बहुमत) को मुखपत्र 'बहुमत' भदौ अङ्कबाट साभार ।)*

### प्रवक्ता सुदर्शनद्वारा भीमकला...

प्रवक्ता सुदर्शनद्वारा आइतबार जारी शोक वक्तव्यमा भनिएको छ, 'नेपाल कम्युनिस्ट पार्टी (माओवादी समाजवादी) का केन्द्रीय अध्यक्ष कमरेड कर्णजित बुढाथोकी 'सुशील' की आमा भीमकला बुढाथोकीको ८५ वर्षको उमेरमा भएको असामयिक निधनको खबरले हाम्रो पार्टी मर्माहत भएको छ । महान् जनयुद्धकालदेखि नै हुम्लालगायत कर्णाली क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएका सर्केगाड ६ बराई, हुम्ला निवासी क. सुशीलकी आमाप्रति हाम्रो पार्टी भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ । यस दुःखद् घडीमा क. सुशीललगायत शोकसन्तप्त सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।'

### दाङमा राष्ट्रिय जनजागरण ...

बताए । दलाल संसदीय पुँजीवादी सत्ताले देशमा चरम सङ्कट निम्त्याएको बेला युवा जनस्वयम्सेवक नेपालले जनजीविकाका समस्यालाई मुख्य मुद्दा बनाउँदै र वर्गदुस्मनसँग सङ्घर्ष गर्दै अघि बढिरहेको र वर्गीय मुक्तिका लागि युवाहरू लड्नुपर्ने सजकले बताए ।

कार्यक्रममा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ दाङ जिल्ला अध्यक्ष प्रेम, युवा जनस्वयम्सेवक दाङका जिल्ला सचिव टोपेन्द्र, जिल्ला सदस्य इन्द्रजितलगायत अतिथिका रूपमा सहभागी थिए । कार्यक्रमको अध्यक्षता वसन्तले र सञ्चालन जिल्ला सदस्य लीलाले गरेका थिए ।

### क्रान्तिकारी शक्ति एकताबद्ध हुन...

संसदीय सत्ता अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नुपर्ने बताए । वैज्ञानिक समाजवादी व्यवस्थामा सम्पूर्ण मानव जातिको हित हुने भएकाले उक्त व्यवस्था निर्माणका लागि क्रान्तिकारी र वामपन्थीहरु एकताबद्ध भएर लड्नुपर्ने शार्दूलको भनाइ थियो ।

राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियान २०७९ कै क्रममा पार्टीको प्रथम जिल्ला भेला सम्पन्न भएको हो । सोमबार सम्पन्न भेलाले चिरागको नेतृत्वमा १७ सदस्यीय जिल्ला कार्यसमिति निर्माण गरेको छ । भेलाको अध्यक्षता तथा सञ्चालन चिरागले गरेका थिए ।

### नेकपा (बहुमत) ले चुनाव बहिष्कार...

जिल्ला इन्चार्ज दलसिंहले विश्व कम्युनिस्ट आन्दोलनमा र नेपालमा पनि कम्युनिस्ट आन्दोलनको समीक्षा गर्दै संसारमा भएका असफल क्रान्तिहरूबाट शिक्षा लिएर नेपालमा समाजवादी क्रान्ति पूरा गर्न आफ्नो पार्टीको नेतृत्वमा क्रान्तिकारी आन्दोलन अघि बढेको र यसलाई सफल बनाउन लागिपर्नुपर्ने बताए । उनले पार्टीका नीति र सिद्धान्तहरूलाई जनतामा लागू गर्न पार्टी, सेना र मोर्चा निर्माण गर्दै अघि बढ्नुपर्ने बताए ।

भेलामा जिल्लाका ५३ जना प्रतिनिधि सहभागी भएका थिए । भेलाको अध्यक्षता नेकपा (बहुमत) बागलुङका जिल्ला सदस्य शिवप्रसाद शर्माले गरेका थिए भने सञ्चालन निर्मला विकले गरेकी थिइन् ।

# दोस्रो जनयुद्ध सुरु भएमा कुनै आश्चर्य हुनेछैन

सुदर्शन
प्रवक्ता, नेकपा (बहुमत)




**हामी राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई लिएर जनसङ्घर्ष गरिरहेका छौँ। जनसङ्घर्षकै सिलसिलामा पक्राउ परेका साथीहरूलाई बन्दी बनाइएको हो। उहाँहरूलाई थुनामा राख्न नहुने सयौँ नजिरहरू हुँदाहुँदै पनि थुनामै राख्नु राज्यसत्ता र जनताबीच अन्तरविरोध र मुठभेडको कारक हो भन्ने कुरा त स्पष्ट नै छ। फेरि दोस्रो जनयुद्धको सुरुआत भयो भने कुनै आश्चर्यको विषय हुनेछैन। यसको कारक पनि शासकहरू नै हुनेछन्।**

☛ *प्रवक्ता कमरेड, रातो खबरमा स्वागत छ !*

◆ धन्यवाद छ ।

☛ *तपाईंहरूले तीनबुँदे सहमति कार्यान्वयन गर भन्दाभन्दै र भेट र छलफलमा प्रधानमन्त्रीदेखि गृहमन्त्रीसम्मले लागू गर्छौं भन्दाभन्दै पक्राउपुर्जी पो जारी भयो त तपाईंहरूमाथि, के गर्दै हुनुहुन्छ त्यसको प्रतिरोध वा जबाफमा ?*

◆ **उत्तर** : तत्कालीन नेकपा र सरकारबीच भएको तीनबुँदे सहमति उल्लङ्घन भइरहेको छ । हुनुपर्ने के हो भने यो सहमति भएको तीन महिनाभित्र मुद्दाहरू खारेज गरी सरकारले सबै बन्दीहरूलाई रिहा गरिसक्नुपर्ने थियो । ललितपुर जिल्ला अदालतले जारी गरेको पक्राउ पुर्जी र गृहमन्त्री, कानुनमन्त्री तथा महान्यायाधिवक्ताको पत्रकार सम्मेलनले स्पष्ट रूपमा सहमति उल्लङ्घन भएको प्रमाणित भएको छ । यस विषयमा हाम्रो पार्टी नेकपा (बहुमत) ले गम्भीरतापूर्वक अध्ययन गर्दै कानुनी तथा जनदबाबका कार्यक्रमहरूका लागि तयारी गरिरहेको छ ।

☛ *सरकार साँच्चिकै अदालतको आदेशअनुसार नै अघि बढ्यो भने ? किनकि अदालतले सरकारी सहमति वा प्रक्रियाका बारेमा न्यायालयलाई केही जानकारी नै छैन भनिरहेको छ त ?*

◆ एक हदसम्म अदालतको कुरा पनि सही हो किनभने राजबन्दीहरू काराबासमा कोचिएको चार वर्षभन्दा बढी भइसकेको छ भने तीनबुँदे सहमति भएको डेढ वर्षभन्दा बढी भइसक्यो । सरकारले सहमतिबारे कुनै निर्णय नगरेपछि अब म आफ्नो प्रक्रियामा अघि बढ्छु भन्ने अधिकार त अदालतलाई छ । यो राज्यसत्ताका तीन अङ्गहरूबीचको अन्तरविरोधको विस्फोटन पनि हुनसक्छ । सरकारले अदालतकै आदेशअनुरूप धरपकड गर्‍यो भने सरकार र अदालतको षड्यन्त्रअनुरूप पक्राउ पुर्जी जारी गरिएको रहेछ भन्ने बुझ्नुपर्छ । त्यसपछि सरकारविरुद्धको जनसङ्घर्ष सञ्चालन गर्न हामीलाई सजिलो हुनेछ ।

☛ *जनयुद्धकालमा वा पछिल्लो प्रतिबन्ध कालमा सरकारले थुनेका कतिपय नेता-कार्यकर्तालाई अदालतले प्रमाण नपुगेको भन्दै रिहा गर्न आदेश दिएका उदाहरणहरू छन् तर यति बेला ठीक उल्टो भएको छ, सरकार सहमति कार्यान्वयन गर्छौं भन्ने तर न्यायालय पक्राउपुर्जी जारी गर्ने। के सङ्केत गर्छ यसले ? के सरकार घुमाउरो शैलीमा मुठभेड, द्वन्द्व वा युद्धतिर धकेल्न चाहन्छ देशलाई ?*

◆ **उत्तर :** जनताहरू सधैँ युद्ध होइन, शान्ति चाहन्छन् । इतिहासले के साबित गरेको छ भने शासकहरूले नै युद्ध, मुठभेड र द्वन्द्वको सुरुआत गर्दछन् । नेपालमा जनयुद्धको सुरुआत तत्कालीन शासकहरूकै दमन र अत्याचारको जनप्रतिरोधका रूपमा जन्मिएको थियो । त्यसकारण आज पनि हामी राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई लिएर जनसङ्घर्ष गरिरहेका छौँ । जनसङ्घर्षकै सिलसिलामा पक्राउ परेका साथीहरूलाई बन्दी बनाइएको हो । उहाँहरूलाई थुनामा राख्न नहुने सयौँ नजिरहरू हुँदाहुँदै पनि थुनामै राख्नु राज्यसत्ता र जनताबीच अन्तरविरोध र मुठभेडको कारक हो भन्ने कुरा त स्पष्ट नै छ । फेरि दोस्रो जनयुद्धको सुरुआत भयो भने कुनै आश्चर्यको विषय हुनेछैन । यसको कारक पनि शासकहरू नै हुनेछन् ।

☛ **तीनबुँदे सहमति तत्कालीन नेकपाका लागि, विप्लवका लागि, राज्यका लागि, कसका लागि आवश्यक थियो र गरियो ? कार्यान्वयन नहुँदा पनि, उल्टै पक्राउ पुर्जी नै जारी हुँदासमेत वक्तव्य जारी गर्नुबाहेक केही प्रतिक्रिया देखिँदैन त ? ४० भन्दा बढी नेता-कार्यकर्ताहरू अझै जेलमै छन् । तपाईंहरूमाथिका मुद्दाहरू अझै फिर्ता भएका छैनन्** *!*

◆ विद्रोही पक्ष र राज्यसत्ताबीच हुने सहमति र सम्झौताहरू दुवै पक्षको आवश्यकताअनुसार हुन्छन् । यसमा एकअर्कामा लेनदेनहरू भएका हुन्छन् । तीनबुँदे सहमतिकै व्याख्या गर्ने हो भने दोस्रो बुँदाले हामीलाई शान्तिपूर्ण गतिविधिमा आउन माग गरेको छ भने तेस्रो बुँदाले सरकारलाई तत्कालीन पार्टीमाथिको प्रतिबन्ध हटाउन, राजबन्दीहरूको रिहाइ गर्न र झूट्टा मुद्दाहरू खारेज गर्न माग गरेको छ । सरकारले तेस्रो बुँदाको पार्टीमाथिको प्रतिबन्ध मात्र हटाएको छ । विप्लव कमरेडले बताएअनुसार त झूट्टा मुद्दा खारेजी र राजबन्दीहरूको रिहाइ भइसकेपछि बुँदा एकमा सरकारसँग कुराकानी सुरु हुन्छ । उक्त बुँदामा राजनीतिक समस्याहरूको समाधान गर्ने भनिएको छ । त्यसबेला राजनीतिक समस्याहरूको समाधान जनमतसङ्ग्रहबाट गर्ने भनिएको थियो । आज राज्यसत्ताले सहमतिको पूरै उल्लङ्घन गरेको छ । यो सरकारले तीनबुँदे सहमतिको जिम्मा लिएको छ कि छैन भन्ने कुराको स्पष्ट जबाफ दिनुपर्दछ । होइन भने सहमति पालन गर्नुपर्छ । हाम्रो शान्तिपूर्ण आवाजलाई सचेत बहिरो बनी सरकारले सुन्दैन भने तीनबुँदे सहमतिको फैसला उत्पीडित जनताको बलवान् फैसलाले गर्नेछ । पुरानो सत्ताले न्यायको आवाज नसुन्नु भनेको क्रान्तिको भ्रूण परिपक्व हुँदै जानु हो ।

☛ *पार्टीको केन्द्रीय कार्यालय सदस्य र प्रवक्ता पनि हुनुहुन्छ । अढाइ वर्षभन्दा बढी केपी-प्रचण्ड सरकारको प्रतिबन्धमा जेल बसेर निस्किनुभएको छ। मुलुक कता गइरहेको अनुभूति गरिरहनुभएको छ ?*

◆ हाम्रो पार्टी नेपाली जनताको अग्रदस्ता हो किनभने यो मानवजातिको इतिहासमा सबभन्दा विकसित सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादद्वारा निर्देशित रहेको छ । त्यसकारण यस पार्टीले विषयवस्तुलाई मालेमावादी दर्शन द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणले हेर्दछ । म पनि त्यस पार्टीको सदस्य भएकाले घटनाक्रमलाई यही दृष्टिकोणले हेर्दछु । मलाई दलाल पुँजीवादी राज्यसत्ताले काराबासमा कोच्यो । मलाई मात्र होइन, हजारौँलाई मुद्दा लगायो, काराबासमा थुन्यो । यो घटना एकातिर हाम्रो पार्टीका लागि क्षति हो भने अर्कोतिर राज्यसत्ताको टेक्ने ठाउँ भासिँदै जानु हो । यो मुलुक वास्तवमा भीषण सङ्कटतिर धकेलिइरहेको छ । भाबी एक दशकभित्र हाम्रो देश भयावह सङ्कटमा जाँदै छ । अहिले नेपालको वार्षिक बजेट बराबर साढे १७ अर्ब व्यापार घाटा रहेको छ । करिब साढे २ खर्ब कुल गार्हस्थ उत्पादनबाट पुरिन्छ । केही पर्यटनबाट पूरा हुन्छ भने बाँकी विप्रतिषेध (रेमिटेन्स) बाट पूरा हुन्छ । सबभन्दा बढी विप्रतिषेध आउने देशहरू खाडी देशहरू हुन् । एक दशकभित्र त्यहाँको निर्माणकार्य स्थिरतामा जानेछ र नेपालबाट श्रमबजारमा गएका ६९ लाख नेपाली फर्कनेछन् । अन्य देशहरूमा गएका नेपालीहरू पनि फर्कनेछन् । अर्को कुरा हाम्रो देशलाई अमेरिकालगायत साम्राज्यवादी देशहरूले युद्धको अखडा बनाउँदैछन् भन्ने कुरा एमसीसीलगायत सम्झौताहरूले प्रस्ट पारेका छन् । यो घटनालाई पनि मालेमावादी दृष्टिकोणबाट हेर्नुपर्दछ । देशमा एउटा सङ्कट आउँदैछ । यो नेपाली जनताका लागि महासङ्कट हुनेछ भने क्रान्तिकारी कम्युनिस्टहरूले सचेत र योजनाबद्ध काम गर्दा यो एउटा महान् अवसर हुनेछ । किनभने यो सङ्कटमा नै समाजवादको भविष्य मुस्कुराइरहेको छ ।

☛ *विप्लवलगायत नेतालाई कारबाही गरेर तत्कालीन नेकपा विघटन गरी नयाँ पार्टी नै बनाउनुपर्ने के बाध्यता आइपर्‍यो ?*

◆ इतिहासले के सिद्ध गरेको छ भने जब एउटा कम्युनिस्ट पार्टी संशोधनवादी बन्दछ तब क्रान्तिकारीहरूले विद्रोह गर्दछन् । विद्रोह नगरेर त्यही पार्टीमा रहनु भनेको पुरानै सत्ताको सेवा गर्नु हो । विप्लवले नेतृत्व गरेको कम्युनिस्ट पार्टी संसदीय संशोधनवादमा चुर्लुम्मै डुब्यो । त्यो पार्टी दार्शनिक हिसाबले सारसङ्ग्रहवादी, राजनीतिक हिसाबले संसदीय संशोधनवादी, साङ्गठनिक हिसाबले निषेधात्मक अधिभूतवादी, सङ्घर्षका हिसाबले आत्मसुरक्षावादी, आर्थिक हिसाबले जुझारु अर्थवादी, चिन्तन-पद्धतिको हिसाबले निम्नपुँजीजीवी कल्पनावादी र सांस्कृतिक हिसाबले अराजकतावादी साबित भयो । त्यसकारण हामीले त्यसबाट विद्रोह गर्‍यौँ र नेकपालाई विघटन गरी नेकपा (बहुमत) पुनर्गठन गर्‍यौँ ।

☛ *पार्टीकेन्द्रमा सङ्ख्याको बहुमत नै नदेखिँदा पनि पार्टीको नाउँचाहिँ नेकपा (बहुमत) राख्नुभएको भन्ने आरोप छ नि, यो खासमा के हो ?*

◆ २०७८ सालको चैत ४ देखि १४ सम्म बसेको तत्कालीन नेकपाको १२ औँ बैठकमा उपस्थित ६८ जना केन्द्रीय सदस्य र ४ जना सल्लाहकारमध्ये ४५ जनाले सैद्धान्तिक रूपमा नै चुनावको प्रयोग गर्नु गल्ती हुन्छ भन्ने विचार प्रकट गरेका थिए । चुनाव प्रयोग गर्नुपर्दछ भन्ने १२ जना मात्रै थिए । बाँकी ढुलमूल थिए । यो स्पष्ट रूपले विचारधारात्मक सर्वोच्चता हो । यही आधारमा नै हामीले पार्टीको नाम बहुमत राखेका हौँ । लेनिनले पनि तेस्रो महाधिवेशनमा यही कुराका आधारमा आफ्नो पार्टीको नाम बोल्सेबिक राखेका थिए । भोलिपल्ट को कता रहन्छ भन्ने कुराको अर्थ हुँदैन । कसैको मृत्यु हुनसक्छ, कोही निष्क्रिय हुनसक्छ, कोही अर्को पार्टीमा जान सक्छ, कसैको अपहरण हुनसक्छ । आधिकारिक ठाउँमा व्यक्त हुने विचार नै आधिकारिक हुन्छ । यसका साथै केन्द्रीय समितिको मात्र हिसाब हुँदैन । तल्ला समितिहरूमा कतिपय जिल्लाहरूबाट शतप्रतिशत, कतिपय जिल्लाहरूबाट ७० प्रतिशत, प्रमुख जवसहरूबाट शतप्रतिशत र धेरैजसोबाट ६० प्रतिशतभन्दा माथि कार्यकर्ताहरूले विद्रोह गरेका छन् । यी तथ्यहरूले हामीसँग बहुमत थिएन भनी लगाउने आरोप तथ्यहीन तर्कमा आधारित छ ।

☛ *पार्टीमा अन्तरसङ्घर्ष चल्दा र नयाँ पार्टी गठन गर्दासम्म विप्लव समूहमाथि अलि चर्कै, सीधासीधा र कडा रूपमा प्रस्तुत हुनुभयो भनिन्छ नि ? त्यस्तो नाङ्गेझार नै पार्नुपर्ने गल्ती के गरेका थिए विप्लवले ?*

◆ हामी इतिहासमा पटकपटक अन्तरसङ्घर्ष र वर्गसङ्घर्ष गर्दै आएका छौँ । यो पहिलो होइन । नेपाली कम्युनिस्ट आन्दोलन एवम् कार्यकर्तामा अज्ञानताको फाइदा उठाएर अवसरवादीहरूले धोका दिँदै आएका छन् । श्री विप्लव र उनको मण्डलीले दिउँसै रात पारेर मालेमावादका मान्यताहरू द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन, सिद्धान्त, राजनीति, संस्कृति र चिन्तनप्रक्रियामा ठाडो हमला भयो । ख्रुस्चेभकै लयमा शान्तिपूर्ण तरिकाले दलाल संसदीय व्यवस्थाको रूपान्तरण गर्न सकिन्छ भन्ने कुरा ल्याइयो । ठाडै दुई लाइन सङ्घर्ष र आलोचना-आत्मालोचनाजस्ता पार्टी सञ्चालनका प्रक्रियाहरू हटाउने कार्यहरू भएका छन् । संसदीय व्यवस्थाअन्तर्गत हुने चुनावलाई उपयोग गर्ने र त्यसलाई एकीकृत जनक्रान्तिकै अङ्ग भन्ने सारसङ्ग्रहवादी चिन्तन पनि विप्लव प्रवृत्ति नै हो । यो वास्तवमा कम्युनिस्ट आन्दोलन र क्रान्तिमा एउटा भ्रम हो । त्यसकारण यस प्रवृत्तिलाई नाङ्गेझार पार्नुपरेको हो ।

☛ *विप्लवहरूसँग दर्शन, सिद्धान्त, विचार, राजनीति, सङ्गठन, कार्यक्रम केकेमा अन्तर भयो र मिल्नै नसक्ने गरी नयाँ पार्टी बनाउनुपर्ने अवस्था उत्पन्न भएको हो त ? मानिसहरू त विप्लव-प्रकाण्डले जम्मा र दुरुपयोग गरेको आर्थिक स्रोतलाई पनि कारण देखाइरहेका छन् त ?*

◆ यसबारेमा माथि धेरै ठाउँमा चर्चा भइसकेको

**साम्यवादी पार्टीको सदस्य हुनु भनेको निजी सम्पत्तिको अन्त्य गर्दै सामूहिक सम्पत्तिको विकास गर्नु हो। विप्लवलगायत नेपालका साम्यवादीहरू निजी सम्पत्ति जोड्दै र सामूहिक उत्पादनबाट अतिरिक्त मूल्य चुस्दै गएका छन्। यही कुरा विप्लवमा पनि मूर्तीकृत भएको छ।**

छ । दर्शनमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद र सारसङ्ग्रहवादी आदर्शवाद, सिद्धान्तमा मार्क्सवाद र संशोधनवाद, राजनीतिमा वैज्ञानिक समाजवाद र संसदीय संशोधनवाद र कार्यक्रममा जनवादी क्रान्तिको कार्यभारसहितको वैज्ञानिक समाजवाद र संसद्सहितको समाजवादबीचको अन्तरविरोध रहेकाले पार्टी पुनर्गठन गर्नुपरेको हो । विप्लव-प्रकाण्डले सहिदहरू, जनता, कार्यकर्ता र नेताको रगत र पसिना भँजाएर कालो धन जम्मा गरेको तथा त्यसको दुरुपयोग गरेको कुरा सत्य हो ।

☛ *उल्टै उनीहरूले तपाईंसहित पार्टीका अन्य नेता-कार्यकर्तामाथि आर्थिकलगायत प्रश्न उठाइरहेका छन् नि !*

◆ यो त जो चोर उसकै ठूलो स्वर भनेजस्तै कुरा हो भन्ने कुरा दुनियाँका सामु छर्लङ्ग भैसकेको छ । साथै यसका बारेमा हाम्रो पार्टीले दर्जनौँ सञ्चारमाध्यमहरूका अन्तरवार्ता, प्रेस वक्तव्य र लेखहरूबाट स्पष्ट पारिसकेको छ ।

☛ *तपाईंहरूले चाहिँ विप्लवहरूले कपिलवस्तुलगायत स्थानमा पार्टी र क्रान्तिका नाउँमा सङ्कलित अर्बौं रकम विप्लव-प्रकाण्डले दुरुपयोग गरेको, निजी स्वार्थमा हिनामिना गरिरहेको तर्फ सङ्केत गरिरहनुभएको छ नि ?*

◆ मार्क्सले १७५ वर्षपहिले नै साम्यवाद भनेको के हो भन्ने प्रश्नको जबाफमा निजी सम्पत्तिको अन्त्य भन्नुभएको थियो । साम्यवादी पार्टीको सदस्य हुनु भनेको निजी सम्पत्तिको अन्त्य गर्दै सामूहिक सम्पत्तिको विकास गर्नु हो । विप्लवलगायत नेपालका साम्यवादीहरू निजी सम्पत्ति जोड्दै र सामूहिक उत्पादनबाट अतिरिक्त मूल्य चुस्दै गएका छन् । यही कुरा विप्लवमा पनि मूर्तीकृत भएको छ ।

☛ *सन्दर्भ बदलौँ, सरकारले तपाईंहरूलाई वास्तै नगरी, वार्ता र सहमति खारेज गर्दै संसदीय चुनाव पनि घोषणा गरिसकेको छ । तपाईंको पार्टीको नीति र कार्यक्रम के हुन्छ प्रदेश र सङ्घका चुनावहरूमा ?*

◆ **उत्तर :** सरकारले हाम्रा मागहरूप्रति जति बेवास्ता गर्दछ त्यति नै पुरानो राज्यसत्ताको आयु छोटिन्छ । प्रदेश र सङ्घका चुनावहरू संसदीय व्यवस्थाअन्तर्गत नै हुने भएकाले हामी स्पष्ट रूपमा अवज्ञा गर्ने नीति लिन्छौँ र भण्डाफोर कार्यक्रमलाई अघि बढाउँछौँ ।

☛ *दुईमहिने राष्ट्रिय जागरण तथा सङ्गठन विस्तार अभियान आरम्भ गर्नुभएको छ । केके छन् अभियानका कार्यक्रमहरू ? कस्तो चलिरहेको छ अभियान ? राष्ट्रियता झन्झन् सङ्कटमा परेको छ । महँगी, मूल्यवृद्धि, शोषण, अन्याय, व्यभिचार बढिरहेका छन् । मिटरब्याजी, लघुवित्तलगायत शोषणले सीमा नाघिसकेको देखिन्छ । पीडित जनता सडकमै आउँदासमेत भरपर्दो साथ देखिएको छैन नि ?*

◆ राष्ट्रिय जनजागरण तथा सङ्गठन विस्तार अभियानको उद्देश्य नै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका नयाँ मुद्दाहरूबारे जनतालाई प्रशिक्षित गर्ने हो । यसका साथै बैङ्क, लघुवित्त र मिटरब्याजरूपी नयाँ साहुकारहरूका कुकृत्यहरूलाई भन्डाफोर गर्नु यसको अर्को उद्देश्य हो । तेस्रो उद्देश्य भनेको भर्खरै विद्रोह गरेर बनेको पार्टीलाई जनताको दिलदिमागमा पुर्‍याउनु हो र वडा तथा टोलसम्म सङ्गठन विस्तार गर्नु हो । हामी सदा जनताकै साथमा रहनेछौँ भनी प्रतिबद्धता गर्नका लागि यो अभियानमा खटिरहेका छौँ ।

☛ *नयाँ पार्टी त बनाउनुभयो । सङ्गठनको अवस्था कस्तो छ ? सम्भावना र चुनौतीहरूका बारेमा केही बताइदिनुहुन्छ कि ?*

◆ नयाँ पार्टी बनेको पाँच महिनाभित्र नै हामीले ६३ जिल्लामा पार्टी पुनर्गठन गरिसकेका छौँ । यसका साथै युवा, विद्यार्थी, महिला, दलितलगायत जवस मोर्चाका राष्ट्रिय भेलाहरू सम्पन्न गर्नुका साथै मजदुर, किसानलगायत जवस मोर्चाहरूको बैठक सम्पन्न गरेका छौँ । हामीले विद्रोहको प्रक्रियाअनुसार केन्द्रबाट प्रारम्भिक तहसम्म पार्टी र जवसहरूलाई विस्तार गर्ने प्रक्रिया अघि बढाइरहेका छौँ । हामीले यस प्रक्रियामा हाम्रो पार्टीका नीति, कार्यक्रम र कार्यदिशाबारे २ हजारभन्दा बढी नेता तथा कार्यकर्ताहरूलाई प्रशिक्षण पनि दिएका छौँ । सापेक्ष रूपमा हाम्रो कार्यदिशा, कार्यक्रम र कार्यनीति नै वैज्ञानिक भएकाले जनता र क्रान्तिकारीहरूको आकर्षण बढिरहेको कुरा सहजै देख्न सकिन्छ । यसको प्रमाणका रूपमा जनसमाजवादी मञ्च नेपालसँग भएको एकता र नेकपा (क्रामा) सँग बनेको पार्टी एकता संयोजन समितिलाई लिन सकिन्छ । त्यसै गरी अरू ससाना क्रान्तिकारी समूहहरू र व्यक्तित्वहरूसँग पनि छलफल भइरहेको छ ।

यसका साथसाथै संशोधनवादीहरू र साम्राज्यवादीहरूले क्रान्तिकारीहरूलाई एकजुट हुन नदिन सङ्गठनभित्र घुसपैठ गर्ने तथा बाहिर भ्रम फैलाउने काम गरिरहेका हुन्छन् भन्ने कुराप्रति हामी सचेत छौँ । यसमा पार्टीभित्रको घुसपैठ नै सबभन्दा खतरनाक हुन्छ ।

☛ *वैज्ञानिक समाजवाद स्थापना गर्न वैज्ञानिक समाजवादी क्रान्तिको राजनीतिक कार्यदिशा अघि सार्नुभएको छ तर यता स्वतन्त्र, स्वाधीन संयुक्त सरकारको विषय उठाउनुभएको छ । केही व्यक्ति यसलाई पनि प्रचण्ड-विप्लवहरूझैँ संसदीय व्यवस्थामा जाने बाटोका रूपमा अर्थ्याइरहेका छन् नि ? जनमतसङ्ग्रह, प्रगतिशील सरकारसँग साझेदारीको प्रस्ताव त विप्लवहरूसँग छँदै गर्नुभएको थियो ?*

◆ स्वाधीन संयुक्त सरकार भनेको जनमतसङ्ग्रह वा सत्ता साझेदारीजस्तो संसदीय व्यवस्थामा छिर्ने चोर बाटो होइन । वैज्ञानिक समाजवादी क्रान्तिपछि उत्पीडित वर्ग एकैचोटि सत्ता चलाउन सक्षम हुँदैन । त्यसकारण अहिलेदेखि नै जनसत्ताको अभ्यास गर्न पराधीन सरकारका विरुद्ध हामीलाई स्वाधीन सरकार चाहिएको हो । त्यसकारण यो वैज्ञानिक समाजवादी क्रान्तिकै सेवाका लागि बनाइएको कार्यनीति हो ।

☛ *नेपालका सन्दर्भमा संसदीय चुनाव कार्यनीतिको प्रश्न हो कि रणनीतिक ? यही विषयमा बारम्बार पार्टीहरूबीच मतभिन्नता हुने र फुट्नेसम्म भएको पाइएको छ । विप्लवहरूसँग तपाईंहरू पनि यही विषयमा विवाद चर्किएर विभाजित हुनुभयो नि ?*

◆ संसदीय व्यवस्थाअन्तर्गत हुने चुनाव सिद्धान्ततः कार्यनीति नै हो तर आज संसदीय व्यवस्थाको चरित्र प्रगतिशील नभएर प्रतिगामी भैसकेको छ । विश्वका र नेपालका जति पनि कम्युनिस्ट पार्टीहरू कार्यनीतिक उपयोगका नाममा संसदीय व्यवस्थामा छिरे ती सबै संसदीय फोहोरको आहालमा डुबिरहेका छन् । तिनको उपयोगले कहीँ पनि समाजवादी क्रान्ति सम्पन्न भएको छैन । आज नेपालको स्थितिमा थुप्रै नामधारी कम्युनिस्टहरूले संसदीय व्यवस्थालाई नै आफ्नो अन्तिम गन्तव्य बनाइसकेका छन् । कार्यनीतिक उपयोगका नाममा रणनीतिको बलिदान गरिएको छ । त्यसकारण हाम्रो पार्टी यो संसदीय निर्वाचनमा भाग लिएर थप भ्रम उत्पन्न गर्न चाहँदैन । बरु यसको विपरीत स्वाधीन संयुक्त सरकारको कार्यनीति लिएर वैज्ञानिक समाजवादको बाटोमा अघि बढ्न चाहन्छ ।

☛ *विप्लवहरूलाई कारबाही गरेपछि समूह घोषणा गर्नुभयो नि ? के सरकारले त्यतिबेला भनेजस्तै विप्लवजीहरूको समूह अझै पार्टी बन्न सकेको छैन र ? किन त समूह नै भनिरहनुभएको छ ?*

◆ हामीले समूह भनेर घोषणा त गरेका छैनौँ, बरु व्यक्ति विप्लवका नाममा गाँसिएकाले त्यसलाई पहिलेदेखि नै सरकारी अधिकारीहरू र सञ्चारमाध्यमहरूले विप्लव समूह भन्दै आएका छन् ।

☛ *विप्लवजीहरूसँग छुट्टिइसकेपछि तपाईंहरूले नेपालको क्रान्तिको खाका वा कार्यदिशा नै सर्वाधिक नयाँ बनायौँ, यसअघि मौलिक कार्यदिशा बनेकै थिएन भन्नुभएको छ । त्यो के मानेमा नयाँ छ ? केके हो त्यो ? कस्तो बनाउनुभएको छ ? यसले इतिहासको अवमूल्यन त गर्दैन ?*

◆ सापेक्षतामा हाम्रो कार्यदिशा वैज्ञानिक नै छ तर यसलाई सर्वाधिक नयाँ र निरपेक्ष रूपले परिपूर्ण भन्न थाल्यौँ भने हाम्रो विकासको बाटो नै बन्द हुन्छ । हामीले नयाँ जनवादी क्रान्तिको कार्यभारसहितको वैज्ञानिक समाजवाद हाम्रो न्यूनतम कार्यक्रम हो, वैज्ञानिक समाजवादी क्रान्ति हाम्रो राजनीतिक कार्यदिशा हो, एकीकृत जनयुद्ध सामरिक कार्यदिशा हो । स्वाधीन संयुक्त सरकार हाम्रो कार्यनीति हो भनेर एउटा शृङ्खलामा समग्र कार्यदिशालाई विकास गर्ने कोसिस गरिरहेका छौँ । प्रस्ट कुरा यो भएपछि हामीले इतिहासको अवमूल्यन गरेको ठहरिँदैन ।

☛ *तपाईंहरूको जेलनीति के हो ? पार्टीमाथि प्रतिबन्ध लगाएपछि जेल परेका कयौँ बन्दी अझै रिहा भएका छैनन् । विप्लवहरूले त उनीहरूलाई वास्तै गर्न छोडेको गुनासो पनि सुनिन्छ ।*

◆ हाम्रो पार्टी जेल (कारागार) मा रहेका साथीहरूप्रति संवेदनशील रहेको छ । अझै ४५ जना साथी काराबासमै रहनुभएको छ । जनयुद्धदेखिकै बन्दीहरू पनि कारागारमै रहनुभएको छ । उहाँहरूको रिहाइका लागि तीनबुँदे सहमति कार्यान्वयन गराउन एकातिर हामी सरकारका विरुद्ध सङ्घर्ष गरिरहेका छौँ भने अर्कोतिर कानुनी लडाइँ पनि लडिरहेका छौँ । राजबन्दी र उनीहरूका परिवारलाई सम्बन्धित जिल्लाले नियमित भेट्ने तालिका पनि मिलाएका छौँ । क्रान्तिको बाटो छोडिसकेपछि विप्लवहरूले क्रान्तिका राजबन्दीहरूलाई वास्ता नगर्नु स्वाभाविकै छ ।

☛ **अन्य कम्युनिस्ट पार्टी, समूहसँग कार्यगत एकता, संयुक्त मोर्चा, पार्टी एकताका आधार, आवश्यकता र पहलहरू केके भइरहेको छ ? नेकपा (क्रान्तिकारी माओवादी) सँग त पार्टी एकताका लागि संयोजन समिति बनाएर पटकपटक बैठक नै गर्नुभएको सुनिन्छ । मिल्न बाँकी के विषय छ ?**

◆ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को पुनर्गठन हुनेबित्तिकै हामीले अरू क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूसँग कार्यगत एकता, संयुक्त मोर्चा र पार्टी एकताकै लागि पहलकदमीहरू अघि बढाइरहेका छौँ । त्यसको परिणामका रूपमा ६ दलको संयुक्त कार्यक्रम भइरहेका छन् । पार्टीएकताको प्रक्रिया पनि

... बाँकी ७ पृष्ठमा

संस्मरण

# जनताको घर–आँगनमा



**बुद्धिबहादुर श्रेष्ठ 'अन्जान विरही'**

जब जनतामा चेतनाको विकास हुन्छ तब शोषण गर्ने राज्यसत्ताको विरुद्धमा विद्रोहका लहरहरू उर्लिन थाल्छन् । तीव्र गतिमा विकास हुँदै विद्रोहको लहरहरू गाउँदेखि सहर र देशदेखि विदेशसम्म फैलिन पुग्छन् । अनि त्यसले सिङ्गो राज्यसत्ता टिकाउन कम्मर कसेका बहादुरहरूको मुटु कपाउँछ, उसलाई न दिनको भोक न रातको निद्रा नै पर्छ । त्यसपछि तिल्मिलाएका काँतरहरू मुक्तिका खातिर विद्रोहको लहरहरू उराल्दै वासन्ती युद्धमा निस्केका शोषित-पीडित वर्गका जनताका असल छोराछोरीहरूमाथि आक्रमण गर्दै दमनमा उत्रन्छन्, हत्या गर्छन्, बाटो छेक्ने दुस्प्रयास गर्छन् र आफ्नो लुटको स्वर्ग बचाउने कुचेस्टा गर्छन् । तर नयाँ जनवादी क्रान्तिको पथप्रदर्शक सिद्धान्त वा विचारधारा (वैचारिक हतियार) मार्क्सवाद-लेनिनवाद-माओवादलाई कुनै पनि हालतमा जुन कुनै शक्ति लगाए पनि निमोठ्न नसक्नेहरूले जस्तोसुकै धरपकड, हत्या अभियान सञ्चालन गरेर जनतालाई, क्रान्तिलाई धुलो चटाउने सपना देखे पनि समाप्त पार्न सक्ने छैनन् । बरू हत्या अभियान सञ्चालन गर्दा बगेको त्यही रक्तबीजमा लाखौं साहसीहरू जन्मने क्रम बढ्न थाल्छ र क्रान्ति एक दिन सफल भएरै छाड्छ । त्यसैले अन्याय विरूद्ध न्यायपूर्ण युद्धमा भाग लिएका हामीहरूले यही सत्यता बुझेर देखेर युद्धमा लामबन्दी भएका छौं ।

सुतिरहेका मान्छेका हृदय, मुटुलाई भक्भक्काउन र वस्तीहरूलाई जगाउनका निम्ति पार्टीले जनसम्पर्कको निम्ति हामीलाई निदाइरहेको उत्तरी भेगमा पठाएको थियो । जहाँ राम्रोसँग खस भाषा पनि बोल्न जान्दैनन्, जहाँ अशिक्षित मान्छेको जमात अति दुःखकष्ट खेपेर अति दुर्गम विकट हिमाल छेउका पहाडी पखेराहरूमा एकमुठी सास मुस्किलले धानेका छन् । अधिकांश जनजाति गुरुङ, मगर र तामाङहरू एवम् दलित जातिको बसोबासस्थलमा झन्डै जङ्गली युग कायम रहेको छ भन्ने आभास पाइन्छ । खेत त्यति धेरै छन । भए पनि चिसोको कारणले धान उत्पादन हुँदैन अनि कोदाको एक डल्लो ढिँडो पनि माले ढिँडो मकैको च्याख्ला, गहुँ, जौ र कोदोको पिठो घोलेर खान्छन् । मान्छे देखेर मान्छे तर्सन्छन् । त्यही ठाउँनेर हामी सोभिएका थियौं । अँध्यारो रात, उकाली ओराली, खोच, कुइनेटा, पार गर्दै हामी कुनै ठाउँबाट अनुशासनपूर्वक हिड्यौं । जाँजाँदै बाटोमा एउटा खोला आइपुग्यो, रातको शान्त वातावरणमा खोलाको आवाजले हृदय नै झक्झकाइरहेको थियो । वरिपरिबाट गीत गाउँदै कानमा चुम्न आउने बतासको मीठो धुन सुन्दै कहिलेकाहीँको चिसो स्याँठमा काँप्दै हामी निकै परका बस्तीतिर जाँदै थियौं । हामी खुसी पनि थियौं । बाटोमा पर्ने घरहरू अन्धकारमा बिलाएका थिए । सारा मान्छे निन्द्रामा थिए । रातको सन्नाटा चिरेर मध्य राततिर सम्बन्धित ठाउँमा हामीहरू पुग्यो । त्यस रात त्यही घरमा बितायौं । भोलिपल्ट दिनभरि त्यही रह्यौं । स्थानीय साथीहरूको सहयोगमा जिम्मेवार टिमका कमरेडले जानकारी लिनु भएपछि सम्पर्कको लागि जाने बाटो गाउँघर सम्बन्धित मान्छेको हुलिया लिएर कार्यक्रम तयार पार्नुभयो । अर्को दिन इलाका सेक्रेटरीले हाम्रो काम जिम्मेवारीलगायत नौलो ठाउँमा जाने हुँदा आइपर्ने विभिन्न समस्यासँग मुकाबिला गर्न त्यहाँबाट धेरै ज्ञान लिन, बुझ्न र अनुशासन पालन गर्दै आफ्नो स्वर उठाउन प्रेरणा र सुझाव दिनुभयो । अझ सबभन्दा बढी पार्टीको उद्देश्य सफल पारेर फर्कन जोड दिनुभयो र विदा दिनुभयो ।

भोलिपल्ट रिमरिम साँझपख हामी बसेका घरका बाआमालगायत गाउँलेहरूसँग विदा भएर यात्रा सुरु गर्‍यौं । हाम्रो ग्रुप एकपछि अर्को गर्दै हिँड्दैथ्यौं । गाउँदेखि केही पर त्यस गाविसभरिका जनतालाई अति दुःख दिएको, धूर्त फटाहा, जासुसको काम गर्ने र स्थानीय स्तरमा जनयुद्धको प्रतिकार गर्न प्रतिकार समितिमा रहेको एमालेको विकल श्रेष्ठ, जसलाई त्यस भेगका कसैले रूचाउँदैन त्यस भ्रष्टाचारीसँग भेट भयो । हामीहरूसँग भेट हुँदा उसको अनुहार हेर्न लायकको थियो । ठाडो शिर गरेर हेर्ने साहस नगरिहाल्ने गाउँलेकै उसले मुन्टो बटारेर हे-यो र डराउँदै हाम्रो राजनीतिक कमिसारसँग थोरै कुरा गरेर बाटो ततायो । हाम्रो धपक्क बलिरहेको अनुहारको अगाडि ऊ नुन खाएको कुखुराजस्तै देखिन्थ्यो ।

आधा घण्टा हिँडिसकेपछि पुलिसहरू, फटाहाहरू, लफङ्गाहरू र गाउँलेहरूले किनमेल गर्ने खार्चोक भन्ज्याङ काटेर माथि रहेको सिरानघर, माझघर गाउँतिर लाग्यौं । हामी दुई टोली भएर पस्यौं । सिरान घरको विक दलितहरूको गाउँमा माझघरको गुरुङ गाउँमा कार्यक्रम गर्‍यौं । खाना खानुभन्दा अगाडि हामीलाई देखेर तिनले मार्न आएको कुरा पनि गरे । हामीले फटाहालाई कुटपिट गर्न आको पनि भने । हामीले गरिब किसानहरूसँग चन्दास्वरूप पैसा माग्न आएको हल्ला पनि गरे । डरत्रासले गर्दा कोहीचाहिँ के गर्दा रहेछन् यिनले हेरौं भनेर साहस झिक्दै हामीतिर आए । तर पछि हाम्रो कार्यक्रम देखेपछि तिनीहरू औधी खुसी भए । नजिकै बसेर गफ गरेर हामीलाई झुकेर नमस्कार गर्दै 'हजुरहरूको कार्यक्रम सफल होस्' भनेर गए । काङ्ग्रेस, एमाले, पञ्चलगायत फटाहाले फिँजाएका भ्रमका पत्रहरू हामीले चिर्‍यौं । कलाकारहरूको नाताले मैले जनताका दुःखसुखलाई समेटेर शोषण र शोषणका विरुद्धमा लेखिएका गीतहरू गाएर सुनायौं । उनीहरूले निकै रमाउँदै चाख मानेर सुने ।

दोस्रो दिन हामी चिसापानी लेकमा लाग्यौं । सम्पर्कका लागि खोजेको मान्छे घरमा नभएकाले केही असुविधा प-यो तर जनताको न्यानो माया पाएर औधी खुसी भयौं । भोकले सुसुपाल परेर पुगेका हामीलाई ज्यान कक्रक्क पार्ने जाडोमा सागको तिउन र ढिँडो खान दिनुभएर एकजना किसानले सत्कार गर्नुभयो । त्यहाँ खेत छैन । कोदोको शुद्ध ढिँडो पनि खान पाइदैन ।

भोलिपल्ट त्यस गाउँलाई दुःख दिइरहेको जितबहादुर गुरुङ भन्ने फटाहाकहाँ पुग्यौं । चुनाव आउँदा उम्मेदवारको पैसा खाएर गाउँलेलाई फलानालाई भोट हाल भनेर धम्क्याउने, घूस खाने र हैकम लाद्ने नाइकेबाट नराम्रो व्यवहार पायौं । मान्छेको हत्या गरेर त्यही खुनले बौलाउँदै शरण खोज्न हिँडेको भन्ने आशयका तुच्छ कुरा गरेको त्यस फटाहाको फटयाइँ र चर्तिकला राम्रैसँग थाहा पायौं । सम्पूर्ण गाउँलेलाई थर्काउने जितबहादुर गुरुङ गाउँलेहरूको बाटो बनाउँदा विरोध गर्ने, जाँडरक्सी खान उक्साउने र गाउँसेवाको कुरा गर्नेहरूलाई पिटेर तह लगाउने कार्य गरेको रिपोर्ट पायौं र त्यसो हो भने अर्कोपटक राम्रोसँग भेट्न आउनेछौं भन्दा मकहाँ ढिक्निनै पर्दैन भनेर रुखो व्यवहार देखायो । त्यस बिहान ढिँडोसमेत खान नपाएर छाक छाड्यौं । भोक र थकाइलाई च्यापेर हामी अर्कै गाउँतिर लाग्यौं । निकै तल आएपछि एउटा घरमा मकै भुट्न लगाउने कुराकानी गर्दै आयौं । डाँडाको एउटा घरमा आइपुग्दा त्यहाँ बारीमा जोतिरहेका बुढा किसानलाई देख्यौं । बाह्र दिनदेखि निस्लोट भएर एउटै ओछ्यान परेकी बिरामी छोरी र दस वर्षको सानु छोरा मात्रै रहेछन् । बिरामी छोरी पन्ध्र वर्षकी थिइन् । अझसम्म अस्पताल लगिएको रहेनछ । जोतिरहेका किसान बालाई घरमा बोलाएपछि साथीहरूले जोल्ने पालो दिनुभयो । ती किसानलाई हामीले सोध्यौं- बुवा, छोरीलाई किन अस्पताल नलानुभएको हो ?

उहाँले भन्नुभयो- झाँक्री राखेको । सङ्गत गुनाको रोग बताएको छ । नजिक अस्पताल छैन । फेरि एकपटक भारफुक गरेर, देवीदेउता भाकल गर्छु । ठीक हुन्छ कि हुँदैन, हेर्छु ।

हामी सबै छक्क पर्‍यौं । बिरामी छोरी ज्वरो र खोकीले प्राण खुस्केलाजस्तो भइसकेकी थिइन् । हामीले सिटामोल दिएर चाँडै अस्पताल लैजान अनुरोध गर्‍यौं । उहाँहरूको अस्पताल, डाक्टर, औषधीप्रतिभन्दा धामीझाँक्री, भारफुकप्रति विश्वास




*जाँडरक्सी खाएर मनपरी व्यवहार गर्ने, छोरीचेलीको इज्जत लुट्ने त्यो दुराचारीले गाविसको पदाधिकारीको संरक्षणमा उल्टै गाउँलेहरूलाई धम्क्याउँदै आएको रहेछ । त्यसको विरोध सचेत युवकहरूले गर्दा पुलिस ल्याएर तर्साएको रहेछ । त्यस मारबाट छुटकारा पाउन कुरिरहेका गाउँलेहरू सबैले हामीलाई त्यहाँ देख्दा र भेट्न पाउँदा भगवान् देखेसरह खुसी हुनुभयो । त्यस बेलुकी गाउँकै स्कुलमा पढाउने शिक्षकसँग अन्तरक्रिया गर्‍यौं । गाउँलेहरूसँग कुराकानी गरेर खुट्यौं ।*

थियो । यो कस्तो ठाउँ र चेतना भएका मान्छे बस्दारहेछन् भन्ने प्रत्यक्ष देख्न पायौं । भोकले गर्दा किसान बालाई मकै भुट्न लगायौं । मकै भुट्ने हाँडी रहेनछ । डेक्चीमा भुटेर दिनुभयो । त्यो आधा काँचो आधा पाकेको मकै र पानी खायौं अनि भोक मार्‍यौं । पछि पैसा बुझाउँदा लिन मान्नुभएन किनभने हामीले कुराकानी गरेको सुन्दा माओवादीको हल्ला सुन्नुभएका ती किसान बाले आफ्नै घरमा आफ्नै आँखाले देख्न पाउँदा खुसीले गद्गद भएको छु भन्नुभयो । मैले धर्म गरें भाइ-छोराछोरीहरूलाई भन्दै मजासँग हाँस्न थाल्नुभयो । हामी पनि खुसी भएर हाँस्दै बाटो लाग्यौं ।

ओरालो झर्दैछौं रमाइलो, मनोहर दृश्य हेर्दै । तल स्तुल खोला नागबेली हुँदै अनेक डाँडापखेरा छिचोल्दै बगिरहेको थियो । वरिपरि फाँटतिर गाउँको हरियाली, गाईगोरु आनन्दले चरिरहेका, गोठाला-गोठालीहरू रमाइलो गरेर खेलिरहेका, किसानहरूले जोतिरहेका रमाइला दृश्यहरू देखिन्थे । माथितिर हेर्दा सुन्दर डाँडा, बनजङ्गल, घरगाउँले मोहनी लगाइरहेको थियो भने चराहरूले हावा खाँदै नाचिरहेको त्यो दृश्य, आहा ! झन् त्यसलाई हेर्दै प्रकृतिको सुन्दरताको कविता कोरूँकोरूँझैं लागिरहेको थियो । लोभी आँखाले जति दृश्यपान गर्दा पनि नअघाउने । तर टाढा पुग्नुपर्ने हुनाले ती सबै हेर्दै छिट्टै बाटो काट्यौं ।

बेलुकी रातमाटे गाउँमा पुग्यौं । हामी दुई समूह भएर छुट्टाछुट्टै बस्यौं । खुसीको कुरा एमालेबाट विजयी भएका वडाअध्यक्षकै घरमा बसेर कार्यक्रम चलायौं । भोलिपल्ट दिउँसो त्यहाँ प्रावि स्कुलको भवन बनाउँदै गरेका कामदारकहाँ छापामार तरिकाले प्रवेश गरेर डेढ घण्टाको कार्यक्रम गरेर हाम्रो उद्देश्य प्रस्ट बुझायौं । उहाँहरूले खुसीले भावविभोर भएर ताली पड्काउनुभयो । उपस्थित कामदार दाजुहरूलाई कुरा सुन्न कामै छोड्न लगाएर एमाले वडाध्यक्षले धेरै सहयोग गर्नुभयो । कामदार ६५ जना थिए । ती परपर, निकै पर खोला पारितिरको गाउँबाट काम गर्न जुटेका थिए । अनि हामी उहाँहरूसँग बिदाबारी भएर मिलिक्क त्यहाँबाट निस्कियौं । उहाँहरू हेरिरहनुभएको थियो हामीलाई । हामीले पनि उहाँहरूलाई हेर्दै डाँडा काट्यौं । जनताको मायाममता सागरझैं उर्लिएको थियो । त्यसै मायाको सागरमा हामी डुबेर भोक प्यास, थकाइ, अनिँदो, निद्रा, जाडो अझ हामीमाथि आइपरेका दुःखकष्टको अनुभवसम्म गर्न परेन । जनताको घरआँगनमा गएर उहाँहरूसँगै रमाइलो जीवन बिताउन पाउँदा, उहाँहरूको सुख-दुःखमा सहभागी हुन पाउँदाको असीम आनन्द भौतिक सुखसयलबाट प्राप्त हुने आनन्दभन्दा बढी थियो, मीठो थियो ।

त्यस गाउँकै अति गरिब परिवारमा हामी तीनजना खाना खान गएका थियौं । जेनतेन गरी खाने त्यो परिवारकहाँ खाने कुरा कोदोभन्दा अरू अन्न केही रहेनछ । सुकुमबासी परिवार । अर्को घरबाट चामल ल्याएर उहाँले पकाइदिनुभयो । बिचरीको घरमा पानी खाने गतिलो अम्खोरा पनि रहेनछ । तीनवटा सिलाबरका बटुको पनि पल्लो घरबाट ल्याउनुभयो । उहाँले अति सत्कार गरेर खाना खुवाउनुभयो । त्यो झुप्रो, त्यो गरिबीले डामेको विशाल हृदय भएकी दिदीले दुःखका कुरा गरेर धुरुधुरु मन रुवाइदिनुभयो । बच्चा सानासानै थिए । उहाँका श्रीमान् पनि बिहानै अर्काको काम गर्न गइसक्नुभएको रहेछ । मैले नाम सोधें- दिदी तपाईंको नाम के हो ? उहाँ ट्वाल्ल परेर हेरिरहनुभयो र एकछिनपछि भन्नुभयो- 'नानीबाबु, मेरो नाम श्रीमान्लाई थाहा होला ।' उहाँले यस्तो जबाफ दिँदा हामी छक्कै पर्‍यौं । २७ वर्ष भएकी दिदीले आजपर्यन्त गोरखाको सदरमुकामसम्म देख्नुभएको रहेनछ । ठूलाठूला घर, मोटरगाडी, सहरको रमझमको के कुरा गर्नु ? उहाँले खालि सुनेर चित्त बुझाउनुभएको रहेछ । आरुघाट बजार र उँभो लेकतिर भारी बोक्दैमा त्यो लहलहाउँदो बैँस पनि ढलिसकेको, मायालाग्दो अनुहार देख्यौं, गरिबको दुःख कस्तो हुन्छ ? रोइरोई दुःखमा, भोकमा अनिकालमा गरिबहरूले कसरी दिन काट्नु परिरहेको छ ? त्यो पनि आँखाले देख्न पाइयो । त्यो सौतेनी व्यवहारमा परेको गाउँको जहाँ न मावि स्कुल नै छ, न अस्पताल, न कार्यालयहरू, न फराकिलो बाटोघाटो । एक पाथी चामलको ८०/९० रुपैयाँ पर्छ । बल्लतल्ल चाडबाडमा जाउलो खान पाइने कुरा दिदी भन्नुहुन्छ । बाँच्ने आधार छैन । त्यो अवस्था, स्थिति देख्दा, ठूलाठूला महल खडा गरेर पजेरोमा हुइँकिने, सुरासुन्दर िसँग मोज गरेर, होटेलमा चौरासी व्यञ्जन डकारेर महँगा पेय पदार्थ पिएर हिँड्ने, पशुभैं किनबेच हुने सौखिन पशु मान्छे यो देश र जनताको उत्थानका निम्ति भनेर चुनाव जितेर जान्छ । विकासको कुरा गर्छ । कुर्सी-कुर्सी अनि आफ्नै दैलोमा देशको ढुकुटी र जनताको रगतपसिनाको मूल्य थन्क्याउँछ । ढाँट, छलकपटको राजनीति गरेर हिँड्छ- उसको विलासितापूर्ण जीवन देख्दा ६ प्रतिशत हुनेखाने सामन्त, धनाढ्य, तस्कर, कालोबजारिया र दुष्टहरूको जीवन देख्दा हाम्रो मनमा त्यसैत्यसै आक्रोशका ज्वालाहरू धपक्क बल्न थाल्छन् । आँखामा विद्रोहका मुस्लाहरू मडारिन थाल्छन् र तिनीहरूलाई दाँतले चपाएर किचिफाँडो बनाइदिऊँझैं लाग्छ । भोकमा, दुःखमा रोइरहेकी बिचरी दिदीलाई आधा पेट खाना र त्यही आउन्जेल पनि देशको राजनीतिले हाम्रो जीवनमाथि कसरी खेलबाड गर्दैछ भनेर बुझाइयो । पछि बिदाबारी हुन लाग्दा आँगनको डिलमा उभिएर बच्चा च्यापेर दिदीले भन्नुभयो- 'नानीबाबु, हाम्रो झुप्रोमा फेरिफेरि पनि पाल्नु है ?'

*क्रमशः अर्को अङ्कमा*

*स्रोत : जनादेश, २०५४*

*(गोरखा बगुवाका स्रष्टा, योद्धा एवम् कलाकार क. बुद्धिबहादुर श्रेष्ठ 'अन्जान विरही' २०५५ सालमा जनयुद्धकै क्रममा गोरखामै सहिद हुनुभयो । उहाँका कथासङ्ग्रह, कविता र फुटकर संस्मरण प्रकाशित छन् । -सम्पादक ।)*

---

### अखिल (क्रान्तिकारी) द्वारा बुटवलका ...

केही सामुदायिक तथा संस्थागत विद्यालयहरूमा समेत मागपत्र बुझाएको थियो । मागप्रति गम्भीरता नदेखाएका कारण बुटवलका कालिका मानवज्ञान मावि, कान्ति मावि, नवीन औद्योगिक कदरबहादुर मावि र न्यु होराइजन इङ्लिस बोर्डिङ स्कुलका लेखा शाखाहरूमा अनिश्चितकालीन तालाबन्दी गरेको जनाइएको छ ।

अखिल (क्रान्तिकारी) ले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली (२०७७) मा व्यवस्था गरिएबमोजिम सार्वजनिक विद्यालयहरूले माध्यमिक तहसम्म विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा तथा पाठ्यपुस्तकवापतको शुल्क लिन नपाइने व्यवस्था जस्ताको तस्तै कार्यान्वयन गर्नुपर्ने, संस्थागत विद्यालयहरूले मनोमानी लिइरहेको चर्को शुल्क नियन्त्रण गर्दै आमगरिखाने अभिभावकले तिर्न सक्ने शुल्क निर्धारण गर्नुपर्ने, सामुदायिक विद्यालयहरूले अभिभावक सहयोगका नाममा लिने चर्को शुल्कका कारण आधारभूत वर्गका विद्यार्थी विद्यालयको पहुँचबाट कट्दै गइरहेको अवस्था अन्त्य गर्नुपर्ने, सम्बन्धित स्थानीय तहभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा दिइने, ऐनमा व्यवस्था भएबमोजिमको छात्रवृत्ति पारदर्शिताका लागि सम्बन्धित विद्यालयबाट छात्रवृत्ति पाउने विद्यार्थीको सूची सङ्कलन र छानबिन गरी स्थानीय शिक्षा



शाखाले नै सूची प्रकाशन गर्नुपर्ने, विद्यालयमा हजारौं विद्यार्थीको चाप हुने, कुनै विद्यालयमा विद्यार्थी अति न्यून हुने अवस्था अन्त्यका लागि एउटै स्थानीय तहभित्रका विद्यालयहरूको समान स्तरोन्नतिका लागि कार्यक्रम बनाउनुपर्ने, सबै सामुदायिक विद्यालयमा आवश्यक शिक्षक दरबन्दी र पूर्वाधारको व्यवस्था गर्नुपर्नेलगायत विभिन्न विषय समेटेर स्थानीय शिक्षा शाखा र विद्यालयहरूमा मागपत्र बुझाएको तर त्यस विषयमा सरोकारवालाले कुनै सुनुवाइ नगरेको र मागप्रति आलटाल गरेकाले अनिश्चितकालीन तालाबन्दी गरेर दबाब दिन बाध्य भएको अखिल (क्रान्तिकारी) रूपन्देही संयोजक पारस राहादीमगरले बताए ।

आफूहरूले राखेका मागहरू आमविद्यार्थी, अभिभावक तथा सरोकारवाला सबैको सरोकारको विषय भएकाले यस आन्दोलनमा सबैले साझा ऐक्यबद्धता जनाई आन्दोलनलाई निष्कर्षमा पु-याउन सबैमा अपिल गरिएको पनि संयोजक पारसले बताए । पारसले भने, 'यो सबैको सरोकारको विषय हो । यो शिक्षालाई राज्यले सम्पूर्ण तरिकाले आफ्नो दायित्वमा लिनुपर्छ । त्यसका लागि विद्यार्थी, अभिभावक, शिक्षक सबैले राज्यलाई दबाब दिनुपर्छ । यो आन्दोलन सबैको सरोकारको विषय भएकाले कोही पन्छिन मिल्दैन । हाम्रो सङ्गठनले आन्दोलनको उठान र नेतृत्व गरेको छ र गर्छ ।'

चरणबद्ध रूपमा आन्दोलन गरिरहेको अखिल (क्रान्तिकारी) ले तालाबन्दीपछि पनि सम्बन्धित निकायले सुनुवाइ नगरे थप कडा सङ्घर्षमा जाने चेतावनी दिएको छ ।

### जाजरकोटमा पार्टी ...

६ का भारगाउँ, गर्छिना र लहँबाट विभिन्न पार्टीमा अलमलिएर बसेका क्रान्तिकारी व्यक्तिहरू पार्टीमा ध्रुवीकरण भएका छन् । पार्टी ध्रुवीकरण हुनेमा एमालेबाट खड्क सुनार, प्रेम सुनार, पहलबहादुर वली, माओवादी केन्द्रबाट सीता विक, मनकारी विक, शर्मिला बुढा, शारदा विक, सुनिता विक, अमृता थापा वली, गीता विक र मगर महिला सङ्गठनबाट हिमानी बुढासमेत १२ जना छन् । जाजरकोटमा नेकपा (बहुमत) को दुईमहिने अभियान प्रभावकारी बन्दै गएको बताइएको छ ।

### 'क्रान्तिमा सञ्चार मोर्चाको ...

र निरन्तर देश, जनता र क्रान्तिका विषयमा लेखहरू लेखिरहनुपर्ने धारणा राखे ।

बैठकमा ब्युरो संयोजक सुवेदी, सदस्यहरू सुदृष्टि, इमानदार, प्रज्वललगायतले ब्युरोका गतिविधि, प्रकाशन र सञ्चारको अवस्था र आवश्यकताका बारेमा अनुभूतिजन्य रिपोर्टिङ गरेका थिए । बैठकले ब्युरोको विस्तार, पार्टीको सञ्चारनीति, पत्रकार मोर्चाको भेलालगायत विषयमा निर्णय गरेको बताइएको छ ।

# कार्ल मार्क्स : घटनैघटनाले भरिएको जीवन



जेनी मार्क्स वेस्टफालेन

१८४३, जुन १९ तारिख मेरो बिहेको दिन थियो।

हामी इबनबर्ग भएर क्र्युजनेकबाट राइन्फाल्ज गयौँ र बाडेन–बाडेन भएर फर्क्यौँ। सेप्टेम्बर महिनाको आखिरीसम्म हामी क्र्युजनेकमा रह्यौँ। मेरी प्यारी आमा मेरो भाइ एड्गरसँग ट्रेवेज फर्कनुभयो। कार्ल र म अक्टोबरमा पेरिस पुग्यौँ। हर्वेज र उनकी श्रीमतीसित हाम्रो भेट भयो।

पेरिसमा कार्ल र रुजले 'डिउच फ्रान्जोसिसचे जहारबुच' को सम्पादन गर्नुभयो। जुलियस फ्रोबेल त्यसका प्रकाशक थिए। पहिलो अङ्कपछि नै त्यसको स्थिति खराब भयो। हामी न्यु वानन्यु, फौवोर्ग सेन्ट जर्मनमा बस्यौँ र रुज, हिने, हर्वेज, मौरर, टाल्स्टाय, बाकुनिन, एनेन्कोव, बर्नेज र अरू धेरैजनासित हाम्रो सम्पर्क भयो। ससाना कुरामा खुब छलफल र झगडा हुन्थ्यो। १८४४, मई १ तारिखका दिन हाम्री सानी जेनीको जन्म भयो। त्यसपछि म लफिटेको समाधिमा पहिलोपल्ट गएँ। सेप्टेम्बरमा एकजना जर्मन धाई लिएर म पेरिस फर्कें। त्यसबेला सानी जेनीका चारवटा दाँतहरू निस्किसकेका थिए।

मेरो अनुपस्थितिमा फ्रेडरिक एङ्गेल्सले कार्लसित भेट गर्नुभयो। शरद र हिउँदमा कार्लले आफ्नो 'पवित्र परिवार वा आलोचनात्मक आलोचनाको आलोचना' लेख्नुभयो र सो पुस्तक फ्रान्कफोर्टमा प्रकाशित भयो। हाम्रो मण्डलीमा हेस र उहाँकी श्रीमती, इवरवेक र रिबनट्रेप, खासगरी हिने र हर्वेज थिए। अकस्मात् १८४५ को सुरुमा पुलिस कमिस्नरले हाम्रो घरमा आएर प्रसियाली सरकारको अनुरोधमा ग्युजोटले निकालेको देश–निकालाको आदेश हामीलाई देखायो। आदेश यस्तो थियो : 'कार्ल मार्क्सले चौबीस घन्टाभित्र पेरिस छोड्नुपर्छ।' मलाईचाहिँ अलि बढी समय पेरिसमा रहन दिइयो। उक्त समयलाई मैले आफ्ना सामान र केही लुगाहरू बेच्नमा प्रयोग गरेँ। मैले यसबाट ज्यादै थोरै पैसा पाएँ तर हाम्रो यात्राका लागि पैसाको खाँचो थियो। हर्वेजहरूले दुई दिनसम्म मेरो आतिथ्य सत्कार गर्नुभयो। बिरामी अवस्थामा र निकै चिसो मौसममा फरवरीको सुरुमा म कार्लको पछि लागेर ब्रुसेल्स गएँ। त्यहाँ हामी बोइस सौवेज होटेलमा बस्यौँ। हिनजेन फ्रिलीग्राथसँग मेरो पहिलो भेट भयो। मई महिनामा हामी एउटा सानो घरमा सर्‍यौँ। उक्त घर हामीले पोर्टज्यु लौवेनबाहिर न्यु देला एलैन्समा डा. ब्रेअरबाट भाडामा लिएका थियौँ।

हामी बसोबास मात्र के गरेका थियौँ, एङ्गेल्स हामीलाई पछ्याउँदै आउनुभयो। आफ्नो साथी डा. रोलैन्ड डेनिल्ससँग पेरिसमा हामीसँग भेट्न आएका हेनरिन वर्गस पनि त्यहाँ हुनुहुन्थ्यो। पछि चाँडै नै आफ्नी श्रीमतीको साथमा हेस पनि आइपुग्नुभयो र एकजना सेवासवासी सिलर पनि सानो जर्मन मण्डलीमा सम्मिलित हुनुभयो। उहाँले पत्र–व्यवहार समिति स्थापना गर्नुभयो। सानो जर्मन बस्ती रमाइलोसित सँगसँगै रह्यो। जिगोटसहित धेरै बेल्जियालीहरू र केही पोल्यान्डबासीहरू पनि सम्मिलित भए। हामी जाने गरेको एउटा आकर्षक चिया पसलमा मैले नीलो लुगा लगाएको बुढो लेलेबेलसँग चिनापर्ची गरेँ।

ग्रीष्ममा एङ्गेल्स कार्लसित मिलेर जर्मन दर्शनशास्त्रको आलोचनाबारे लेख्न लाग्नुभयो। 'अहम् र त्यसको स्वत्व' नामक पुस्तक प्रकाशित हुनु यस कामका लागि बाहिरी प्रेरणा थियो। आलोचना एउटा मोटो कृति बन्यो र त्यसलाई वेस्ट्फालियामा प्रकाशित गरिने भएको थियो।

वसन्तमा जोसेफ वेडेमियरले पहिलोपल्ट हामीसित भेट्नुभयो र उहाँ हाम्रो अतिथिका रूपमा केही समय रहनुभयो। अप्रिलमा मेरी प्यारी आमाले आफ्नी विश्वासी नोकर्नीलाई मलाई सघाउन ब्रुसेल्स पठाउनुभयो। चौध महिनाकी सानी जेनीलाई साथमा लिएर म आफ्नी आमालाई हेर्न फेरि एकपल्ट तिनीसँगै गएँ। उहाँसँग छ साता बसेर सेप्टेम्बर १६ तारिखमा (लौरा जन्मनुभन्दा दुई साताअघि) म हाम्रो सानो बस्तीमा फर्कें। मेरो भाइ एड्गारले काम पाउने आशाले ब्रुसेल्समा हामीसँग जाडो बिताए। उनले सिलरको पत्र–व्यवहार समितिमा काम गरे। पछि १८४६ को वसन्तमा हाम्रो प्यारो विलहेल्म वोल्फ पनि समितिमा सम्मिलित हुनुभयो। उहाँ 'कासेमाटटेन ओल्फ' का रूपमा प्रसिद्ध हुनुहुन्थ्यो किनभने सिलेसियामा प्रेस कानुन भङ्ग गरेकोमा किल्लामा चार वर्ष बिताएपछि उहाँ त्यहाँबाट भागेर आउनुभएको थियो। हामीकहाँ उहाँको आगमन हाम्रो प्यारो 'लुपस' सँग घनिष्ठ मित्रताको सुरुआत थियो र यो मित्रता १८६४ मई महिनामा उहाँको मृत्युपछि मात्र टुङ्गियो। जाडोमा जर्ज जङ्ग र डा. स्लिकचरले हामीसित भेट गर्नुभयो।

यसै बीचमा क्रान्तिको तुफानी बादल बाक्लिँदै गइरहेको थियो। बेल्जियमको क्षितिज पनि अँध्यारो थियो। मुख्य रूपमा जनसाधारणका सामाजिक तत्व रहेका मजदुरहरूदेखि डर थियो। पुलिस, सेना, नागरिक गार्ड सबैलाई मजदुरहरूका विरुद्ध बोलाइयो। सबैलाई कारबाहीका लागि तयार राखियो। अनि जर्मन मजदुरहरूले पनि आफूलाई सशस्त्र पार्ने बेला भयो भन्ने कुरा निश्चय गरे। भाला, बन्दुक आदि प्राप्त गरिए। कार्लले स्वेच्छाले पैसा दिनुभयो किनभने उहाँले हालै पैतृक सम्पत्ति पाउनुभएको थियो। यसमा सरकारले षड्यन्त्र र अपराधी योजनाहरू देख्यो– मार्क्सले रूपैयाँ पाउँछ र हतियारहरू किन्छ, त्यसैले उनलाई पन्छाइनुपर्छ। अबेर राति दुईजना मानिस हाम्रो घरभित्र पसे। उनीहरूले आफूहरू पुलिस सर्जेन्ट भएको र मार्क्सलाई गिरफ्तार गर्ने र सोधपुछका लागि लैजाने पक्राउ–पुर्जी आफूहरूसित भएको कुरा बताए। उनीहरूले उहाँलाई लिएर गए। भयानक चिन्ता लिएर उहाँको पछिपछि म दौडेँ र कुरा के रहेछ भनेर पत्ता लगाउन प्रभावशाली मानिसहरूकहाँ गएँ। अँध्यारोमा म एक घरबाट अर्को घरमा दौडेँ। अकस्मात् मलाई गार्डले समातेर लग्यो र यस्तो अँध्यारो जेलमा मलाई राखियो जहाँ घर नभएका भिखारीहरू, लफङ्गाहरू र दुःखी–पतीत आइमाईहरू थुन्ने गरिन्थ्यो। मलाई एउटा अँध्यारो कोठरीमा राखियो। त्यहाँभित्र रुँदै पस्दा एक दुःखी साथीले आफ्नो ठाउँमा मलाई बस्न दिइन्। यो कडा काठले बनेको एउटा बिछ्यौना थियो। म त्यसमा पल्टेँ। बिहान भएपछि मैले आफ्नो सामुन्ने बारपछाडि एउटा ज्यादै नीलो–फुस्रो, निन्याउरो अनुहार देखेँ। झ्यालतिर गएर हेर्दा मैले हाम्रो असल पुरानो साथी जिगोरलाई चिनेँ। मलाई देखेपछि उहाँले मलाई तलतिर देखाएर इशारा गर्नुभयो। त्यतातिर हेर्दा



*आफ्ना पिता गम्भीर रूपले बिरामी भएको खबर पाउँदा उनी लन्डनमा थिए। उनी आफ्ना त्यस्ता विश्वासी साथी लोथर बुचरसँग अलग भए जसले १८६२ को प्रदर्शनको अवधिमा उनका निम्ति दूत, सूचनादाता, किनमेल गरिदिने र खबर लगिदिने र मनोरञ्जन गराउने मानिसको काम गरेको थियो।*

मैले कार्ललाई सैनिक पहरा दिएर लगिरहेको देखेँ। एक घन्टापछि मलाई सोधपुछ गर्ने मेजिस्ट्रेटकहाँ लगियो। दुई घन्टाको सोधपुछमा उनीहरूले मबाट केही कुरा पाएनन् अनि पुलिसले मलाई गाडीमा बसाले र साँझतिर म आफ्ना तीनजना केटाकेटीहरू भएको ठाउँमा फर्कें। त्यो मामिलाले एउटा ठूलो हलचल पैदा गर्‍यो। यसबारे सबै अखबारहरूले रिपोर्ट दिए। केही छिनपछि कार्ललाई पनि रिहा गरियो र उहाँलाई तुरुन्तै ब्रुसेल्स छाडेर जाने आदेश दिइयो।

पेरिसमा फर्कने इरादाले कार्लले लुई फिलिपको शासनमा आफ्नाविरुद्ध निकालिएको देशनिकालाको आदेश रद्द गरियोस् भनी फ्रान्सको अस्थायी सरकारमा निवेदन दिइसक्नुभएको थियो। तुरुन्तै उहाँले ल्फोकनद्वारा सहीछाप गरिएको एउटा कागज पाउनुभयो जसमा अस्थायी सरकारले निकै प्रशंसाको शब्दमा देश–निकालाको आदेश रद्द गरेको थियो। यसरी पेरिसको ढोका हाम्रा लागि फेरि खुल्यो। नौलो क्रान्तिको उदाउँदो सूर्यमुनिभन्दा अन्य ठाउँमा कहाँ हामी बढी आरामको अनुभव गर्न सक्थ्यौँ र ? हामीलाई त्यहाँ जाने परेको थियो। हतार गरी आफ्ना राम्रा लुगाहरू भएका आफ्ना बाकसहरू मैले किताब–बिक्रेता भोग्लरको जिम्मामा ब्रुसेल्समा नै राखेँ। भोग्लरले हाम्रो प्रस्थानको तयारीमा खास रूपले सघाउ गर्नुभयो।

तीन वर्षसम्म बसिसकेपछि हामीले ब्रुसेल्स छाड्यौँ। जुन दिन हामीले ब्रुसेल्स छाड्यौँ त्यो दिन जाडो र उराठलाग्दो थियो। केटाकेटीहरूलाई न्यानो पार्न हामीलाई गाह्रो पर्‍यो। सबभन्दा कान्छो बच्चा एक वर्षको मात्र थियो।

•••

मई महिनाको आखिरीमा कार्लले 'न्यु राइनिस जिटुङ' को अन्तिम अङ्क प्रकाशित गर्नुभयो। यो रातोमा छापिएको 'लाल अङ्क' थियो। विषयवस्तु र रूपको दृष्टिले साँच्चिकै जल्दो आगो थियो। एङ्गेल्स तुरुन्तै बाडेन विद्रोहमा सम्मिलित हुनुभयो र त्यसमा उहाँ विलिचको सहायक हुनुहुन्थ्यो। कार्लले केही समयका लागि फेरि पेरिस जाने निश्चय गर्नुभयो किनभने उहाँका लागि जर्मनीमा रहन असम्भव भयो। रेड ओल्फ उहाँको पछि लाग्नुभयो। तीनजना केटाकेटी लिएर म आफू जन्मेको पुरानो सहर र मेरी प्यारी आमालाई भेट्न विन्जेन भएर गएँ। ब्रुसेल्समा बन्धकी लिनेकहाँबाट छुट्ट्याएको चाँदीको प्लेट बेच्न म विन्जेनबाट घुमाउरो बाटो भएर गएँ। फेरि वेडेमियर र उहाँकी श्रीमतीले हामीलाई आतिथ्य सत्कार गर्नुभयो र बन्धकी लिनेसितको व्यवहारमा मलाई धेरै नै सहायता गर्नुभयो। यसप्रकारले मैले फेरि यात्राका लागि चाहिने रकमको बन्दोबस्त मिलाएँ।

कार्ल रेड ओल्फसित बाडेन फल्ज र पेरिस जानुभयो। त्यहाँ जुन १३ तारिखको लेडुरोलिन मामिलाले क्रान्तिको छोटो सपनालाई अन्त्य गरिदियो। प्रतिक्रियावाद आफ्ना सारा शक्तिका साथ जताततै देखापर्‍यो। हङ्गेरियाली क्रान्ति, बाडेन विद्रोह, इटालीयाली विद्रोह सबै खतम भए। हङ्गेरी र बाडेनमा फौजी अदालती कारबाही चालू थियो। १८४८ मा बहुमतद्वारा निर्वाचित लुइ नेपोलियनको राष्ट्रपतित्वको समयमा ५०,००० फ्रान्सेलीहरूले 'सात पहाडको सहर' मा प्रवेश गरेर इटली कब्जा गरे। विजयको उल्लासमा रहेको प्रतिक्रान्तिका मूल मन्त्रहरू थिए : 'लोरड्री रेग ए भारमो भिया' र 'पराजितहरूको नाश होस्।' पुँजीपतिवर्गले मुक्तिको सास फेर्‍यो। निम्न–पुँजीपतिहरू आफ्नो व्यापारमा फर्के। उदार निम्नगँवारहरू आफ्नो खल्तीभित्र मुट्ठी कसेर बसे। मजदुरहरूको दमन र सिकार गरियो। तलबर र कलम लिएर गरिब र थिचिएकाहरूको राज्यका निम्ति लड्ने मानिसहरू विदेशमा आफ्नो रोटी कमाउन सकेकोमा खुसी थिए।

पेरिसमा रहँदा कार्लले क्लब र गुप्त मजदुर संस्थाका धेरै नेताहरूसित सम्पर्क राख्नुभयो। जुलाई १८४० मा उहाँको पछि लागेर म पेरिस ग्उा। त्यहाँ हामी तीन महिना रह्यौँ तर हामीले त्यहाँ पनि शान्ति पाएनौँ। एक दिन चिनेको पुलिस सर्जनले फेरि आएर 'कार्ल मार्क्स र उनकी श्रीमतीले २४ घन्टाभित्र पेरिस छोड्नुपर्छ' भन्ने सूचना हामीलाई दियो। कार्ललाई वानेस, मोरबिहानमा बसोबास गर्ने कृपापूर्ण अनुमति दिइयो।

अवश्य पनि कार्लले निर्वासनलाई स्वीकार गर्नुभएन। मैले फेरि लन्डनमा आराम गर्ने निश्चित ठाउँ खोज्न आफ्नो गुन्टा कसेँ। स्काल मभन्दा पहिले हतार गरेर पुग्नुभयो र ब्लिन्डसँग घनिष्ठ सम्बन्ध स्थापना गर्नुभयो। जर्ज पिथी पनि पछि आउनुभयो। आफ्ना तीनजना बिचरा लखेटिएका बच्चाहरू लिई थकित र बिरामी भएर म त्यहाँ पुग्दा उहाँले मसित भेट्नुभयो। लिइस्टेर स्क्वायर स्थित एउटा सुचीकारको बोर्डिङ घरमा मेरानिम्ति उहाँले बस्ने ठाउँ मिलाउनुभयो। हामीले हतार गरी चेल्सीमा ठूलो डेराको खोजी गर्‍यौँ किनभने मेरानिम्ति शान्त ठाउँ चाहिने बेला नजिक आइरहेको थियो। नोभेम्बर ५ तारिखमा जब बाहिर जनता 'गे फाक्स जिन्दावाद' भनेर कराइरहेका थिए, जब सडकमा नकाब लगाएका ससाना केटाहरू चलाकीसाथ बनाइएका गधा चढिरहेका थिए र जब सबै कुरा खलबलिइरहेको थियो, मेरो सानो हेनरिक जन्म्यो। महान् षड्यन्त्रकारीको सम्झनामा हामीले उसलाई 'सानो फाक्स' भनी बोलाउने गर्‍यौँ।

पछि चाँडै नै एङ्गेल्स पनि बाडेनबाट भागेर जेनेवा भएर लन्डन पुग्नुभयो। विलिच उहाँभन्दा पहिले नै आउनुभएको थियो। तुरुन्तै उहाँ एक कम्युनिस्ट बन्धु र साथी बनेर हाम्रो बीचमा रहनुभयो। पेटीको सट्टामा रातो कपडा कम्मरमा बाँधेर खैरो ऊनी लुगा लगाई सच्चा प्रसियाली ढङ्गले जोडसँग हाँस्दै उहाँ डोन क्वेग्जटझैँ भएर बिहान सबेरै हाम्रो सुत्ने कोठामा आउनुभयो। उहाँ 'प्राकृतिक' कम्युनिज्मबारे लामो सैद्धान्तिक छलफल गर्न तयार हुनुहुन्थ्यो। कार्लले हतपत उहाँको चेष्टालाई पन्छाइदिनुभयो। हामी चेल्सीमा हुँदा हामीसित डब्लू पिपर र विलियम लिब्नेच्टले पहिलो भेट गर्नुभयो। रेड ओल्फ कार्लसँगै लन्डन आउनुभएको थियो।

प्रत्येक दिन हजारौँ निर्वासित व्यक्तिहरू आइपुगे। उनीहरूमध्ये कसैसित पनि आफ्नो भन्ने कुनै साधन थिएन, सबैजना थोरबहुत ठूलो दुःखमा परेका थिए र सहायता खोज्दै थिए। निर्वासनमा हाम्रो जीवनको यो एउटा सबभन्दा नरमाइलो अवधि थियो। उनीहरूको सहायताका लागि निर्वासन–समितिहरू बनाइए, सभाहरूको आयोजना गरियो, अपिल गरियो, कार्यक्रमहरू बनाइए र ठूलो प्रदर्शनको आयोजना गरियो। सबै निर्वासन–मण्डलीहरूमा फाटो देखापर्‍यो। बिस्तार–बिस्तार धेरै पार्टीहरू पूर्ण रूपले टुक्रिए। एकातिर जर्मन जनवादीहरू र अर्कोतिर समाजवादीहरूको माझमा औपचारिक रूपले फाटो भयो। कम्युनिस्ट मजदुरहरूको बीचमा पनि स्पष्ट रूपमा फाटो परेको थियो। डफ्फाहरूका नेताहरूले ज्यादै घृणित ढङ्गबाट एकले अर्कोमाथि हमला गरे र 'कार्य' तथा 'कारबाही' का लागि उत्सुक निम्नपुँजीवादी फोहोरीहरूको एउटा डफ्फा देखापर्‍यो र तिनीहरू त्यस्ता मजदुरहरू र तिनका नेताहरूका निकै विरोधी थिए जसले ज्यादै स्पष्ट रूपले परिस्थितिलाई बुझेका थिए। मुख्य रूपले कार्लका विरुद्ध बेहद निन्दा र हमला गरियो। त्यही बेला कोनराल्ड स्क्राम र अगस्त विलिचका बीचमा झगडा भयो।

लन्डनमा सम्पादन गरी हेम्बर्गमा प्रकाशित गर्ने एउटा नयाँ पत्रिकाका लागि १८४९ को शरदमा कार्लले सम्झौता–वार्ता सुरु गर्नुभएको थियो। 'रिभ्यु डेर न्युअन जेटुङ' को नामबाट अनगिन्ती अप्ठ्याराहरूको सामना गरी पहिलो ३ वा ४ अङ्कहरू प्रकाशित भए। त्यो ठूलो सफलता थियो तर जर्मन सरकारको हातमा बिकेका पुस्तक–बिक्रेताले त्यसको व्यापारी पक्षतर्फ बेवास्ता गरिदियो भने त्यसलाई लामो समयसम्म चलाउन नसकिने कुरा स्पष्ट भयो।

१८५० को वसन्तमा हामीलाई हाम्रो चेल्सियास्थित डेरा छोड्न बाध्य पारियो। मेरो बिचरा सानो फाक्स हमेसा बिरामी भइरहन्थ्यो। हाम्रो दैनिक जीवनबारे चिन्ताले गर्दा मेरो स्वास्थ्य बिग्रँदै गएको थियो। चारैतिरबाट हैरान भएर र कर्जादाताहरूबाट लखेटिएर हामी लोसेस्टेर स्क्वायर स्थित एउटा जर्मन होटेलमा एक साताका लागि बस्यौँ। हामी त्यहाँ लामो समयसम्म रहेनौँ। एक दिन बिहान हाम्रा सम्माननीय घरपतिले हामीलाई बिहानको चियापान दिन इन्कार गरेर हामीलाई अर्को डेरा खोज्न बाध्य गरायो। मेरी आमाबाट पाएको अलि सहायताले अक्सर हामीलाई कटुतम दुःखबाट बचायो। एकजना यहुदी व्यापारीको घरमा हामीले दुईटा कोठा पायौँ र चार बच्चासहित हामीले त्यहाँ दुःखपूर्ण गर्मी बितायौँ।

त्यै साल शरदमा कार्ल र उनका घनिष्ठ साथीहरूले बहुसङ्ख्यक निर्वासित व्यक्तिहरूको कारबाहीबाट पूरैसित आफूलाई अलग पार्नुभयो र एउटा पनि प्रदर्शनमा भाग लिनुभएन। उहाँ र उहाँका साथीहरू मजदुर शिक्षण समाजबाट हट्नुभयो। लन्डनमा लेखेर जीविका चलाउने निरर्थक कोसिसपछि एङ्गेल्स मान्चेस्टर जानुभयो र उहाँले आफ्नो पिताको कपडा व्यवसायमा ज्यादै कठोर सर्तमा कारिन्दाका रूपमा काम गर्नुभयो। हाम्रा अरू सबै साथीहरूले पढाएर आफ्नो जीविका चलाउन कोसिस गरे। त्यो साल र त्यसपछिका दुई साल हाम्रानिम्ति ज्यादै मुस्किलका, निरन्तर गम्भीर चिन्ताका र सबै खालका ठूलो दुःख र अभावको समय रहे।

बिसन्चोको अवस्थामा हुँदा पनि मैले अगस्त १८५० मा आफ्नो बिरामी बच्चालाई छोडेर कार्लको काकाबाट सान्त्वना र सहायता पाउन हल्यान्ड जाने निधो गरेँ। भविष्यको चिन्ता र पाँचौँ बच्चा जन्मने कुराले म हतोत्साहित थिएँ। क्रान्तिबाट आफ्नो र आफ्ना छोराहरूको व्यापारमा प्रतिकूल प्रभाव परेकाले कार्लको काकाको स्वभाव ज्यादै बिग्रेको थियो। क्रान्ति र क्रान्तिकारीहरूसित उहाँ ज्यादै रिसाउनुभएको थियो। उहाँले मलाई सहायता गर्न इन्कार गर्नुभयो। जेहोस्, फर्कने बेलामा उहाँले मेरो कान्छो बच्चाका लागि मेरो हातमा एउटा कोसेली थमाइदिनुभयो। मलाई बढी मद्दत दिन नसकेकोमा उहाँलाई दुःख लागेको मैले देखेँ। उहाँसित बिदाबारी हुँदाखेरिको मेरो भावनालाई ती वृद्धले बुझ्न सक्नुभएन। म निराश भएर घर फर्कें। मेरो बिचरा सानो एड्गार आफ्नो मैत्रीपूर्ण अनुहार लिएर मतिर उफ्रेर आयो। सानो फाक्सले मतिर आफ्नो सानो हात फैलायो। धेरै लामो समयसम्म मैले उनको स्याहारको आनन्द पाएकी थिइनँ। नोभेम्बरमा निमोनियाबाट त्यो बच्चा मर्‍यो। मेरो दुःख ठूलो थियो। मैले गुमाएको पहिलो बच्चा उही थियो। त्यसबेला मलाई भविष्यमा आइपर्ने त्योभन्दा निकै ठूला दुःखहरूबारे विचार थिएन। बच्चालाई गाडिसकेपछि चाँडै नै हामी त्यो सानो डेरा छोडेर त्यही गल्लीमा अर्को डेरामा सर्‍यौँ।

१८५१ को मार्चमा हाम्री छोरी फ्रान्जिस्काको जन्म भयो। हामीले बिचरी सानी बच्चीलाई धाईको हातमा दियौँ किनभने हामीले तीनवटा सानो कोठामा अरूसँग तिनको पालनपोषण गर्न सकेनौँ। त्यो वर्ष एउटा विश्व–प्रदर्शन भएको थियो र दर्शकहरू लन्डनमा ओइरिएर आइरहेका थिए। वसन्तमा फिलीग्राथ कोलोग्नीबाट लन्डनमा काम खोज्न आउनुभयो। पछि लुपस स्विट्जरल्यान्डबाट आउनुभयो। ड्रोन्के, इमानडट र सिली पनि आउनुभयो। सिलर पहिले नै फर्कनुभएको थियो र कार्लको साथमा रहेका निर्वासित व्यक्तिहरूको जत्थामा गोज सम्मिलित हुनुभएको थियो। १८५१ र १८५२ का सालहरू सबभन्दा ठूला र सबभन्दा भयानक दुःख, चिन्ता, नैराश्य र कष्टका समय रहे।

१८५१ को ग्रीष्मको सुरुमा यस्तो एउटा घटना भयो जसको यहाँ म सविस्तार वर्णन गर्न चाहन्नँ तर त्यस घटनाले हाम्रो व्यक्तिगत र अरू दुःखलाई निकै बढाइदियो। वसन्तमा प्रसियाली सरकारले राइन प्रान्तमा रहेका कार्लका सबै साथीहरूमाथि भयङ्कर क्रान्तिकारी षड्यन्त्रको अभियोग लगायो। उनीहरू सबैलाई जेलमा बन्द गरियो र ज्यादै भयानक तरिकाले सताइयो। १८५२ को अन्त्य नभएसम्म सार्वजनिक मुद्दा चलाउने काम भएन। यो प्रसिद्ध कोलोग्ने कम्युनिस्ट मुद्दा थियो। डेनिल्स र जेकोबीबाहेक सबै अभियुक्तहरूलाई ३ वर्ष देखि ५ वर्षसम्मको जेल सजाय दिइयो।

पहिले डब्लू पिपर कार्लका सेक्रेटरी हुनुहुन्थ्यो। तर छिट्टै नै मैले त्यो पद समालेँ। कार्लको सानो अध्ययन कोठामा उहाँका लेखहरू सारेर मैले जुन दिनहरू बिताएँ, ती दिनहरूको सम्झना मेरो जीवनको एउटा सबभन्दा सुखी सम्झना रहेको छ। १८५१ को अन्त्यमा लुई नेपोलियनद्वारा बलपूर्वक सत्ता अपहरण गरियो। त्यसपछिको सालमा कार्लले आफ्नो 'अठाह्रौँ ब्रुमेएर' लेख्नुभयो र त्यो न्युयोर्कमा प्रकाशित भयो। डिन स्ट्रिटमा हाम्रो सानो डेरामा केटाकेटीहरूको हल्लीखल्ली र घरको हल्लाको बीचमा उहाँले उक्त किताब लेख्नुभयो। मार्चसम्ममा मैले पाण्डुलिपि सारिसकेँ। त्यसलाई छाप्न पठाइयो र धेरै पछि मात्र त्यसको प्रकाशन भयो। त्यसबाट हामीलाई केही आम्दानी भएन।

१८५३ को इसाई पर्वमा हाम्रो सानो फ्रान्जिस्कालाई कडा ब्रोन्क्राइटिस रोग लाग्यो। पूरा तीन दिनसम्म तिनी मर्ने–बाँच्ने दोसाँधमा रहिन्। तिनले भयानक दुःख पाइन्। तिनी मरेपछि हामी तिनको लासलाई पछाडिको कोठामा छाडेर अगाडिको कोठामा गयौँ र त्यहाँ हामीले भुइँमा आफ्नो बिछ्यौना बनायौँ। हाम्रा तीन जिउँदा बच्चाहरू हामीसँगै पल्टे। हामी सबै अर्को कोठामा निष्प्राण रहेकी सानी बच्चीका लागि रोयौँ। सबभन्दा ठूलो दुःखको समयमा हाम्री प्यारी बच्चीको मृत्यु भयो। त्यसबेला हाम्रा जर्मन साथीहरू हामीलाई सहायता गर्न असमर्थ थिए। त्यसताका हामीसित बराबर भेट गर्न आइरहनुहुने आर्नेस्ट जोनले हामीलाई सघाउने बचन दिनुभयो तर उहाँले कुनै चीज पनि ल्याउन सक्नुभएन। हामीलाई बराबर भेट्न आउने एकजना फ्रान्सेली निर्वासित व्यक्तिकहाँ म दुःखी दिल लिएर हतपतमा गएँ र भयानक खाँचो परेको बेलामा उनीसँग मद्दत मागेँ। छिट्टै नै उहाँले मलाई मित्रतापूर्ण सहानुभूतिका साथ दुई पौन्ड दिनुभयो। त्यो पैसा कफन किन्नमा लगाइयो जसमा मेरी बच्ची अहिले शान्तपूर्वक आराम गरिरहेकी छिन्। तिनी जन्मँदाखेरि तिनका लागि झोलुङ्गो थिएन। लामो समयसम्म तिनले आराम गर्ने ठाउँ पनि पाइनन्। कत्रो दुःखी दिलले हामीले तिनलाई चिहानमा लगेको हेरिबस्यौँ।

*क्रमशः अर्को अङ्कमा*

*(कृष्णदास फाउन्डेसनद्वारा प्रकाशित जेनी मार्क्सको 'कार्ल मार्क्ससम्बन्धी संस्मरण र पत्रहरू' बाट)*

नियात्रा

# जनगणतन्त्र कोरिया यात्रा : एउटा दुर्लभ संयोग



**अशोक सुवेदी**

पूर्वाभास

जनवादी गणतन्त्र कोरियाको अति सुन्दर र सफा प्योङयाङ अन्तर्राष्ट्रिय एयरपोर्टमा उत्रिनुअघिदेखि नै मनमा कुरा खेलिरहेको थियो- यसपटक हाम्रो टोलीको इन्टरप्रेटर कस्तो पर्छ होला ? नेपालस्थित कोरियाली दूतावासका कन्सुलर किम सु होलाई पहिल्यैदेखि भरसक नेपालीसमेत बोल्ने इन्टरप्रेटर पारिदिन आग्रह गरेको थिएँ तर उनले यो मुस्किल रहेको बताइसकेका थिए ।



प्योङयाङमा आयोजित पुस्तक लोकार्पण तथा परिचर्चा कार्यक्रममा सहभागी संसारभरका समाजवाद पक्षधरहरू ।

एयरपोर्टमा प्रवेश गरिसकेपछि अघिल्लो वर्षझैँ कोरियाली समाज वैज्ञानिकहरूको सङ्गठन 'कास' का सदस्यसमेत रहेका कमरेड ओ मुस्कानसहित देखापरे र न्यानो अँगालो हालेर कोरियाली आत्मीयता प्रकट गरे । गतसाल कोरिया जाँदाका अगुवा कमरेड माणिक लामा उहाँको र मेरो दुवै टोलीलाई एउटै बनाउने कुरा गर्दै हुनुहुन्थ्यो तर मैले 'हुन्न, अलगअलग गरौँ' भनेँ । उहाँको दुई सदस्यीय टोलीमा नेकपाका पोलिटब्युरो सदस्य कमरेड भरत बम 'रणवीर' हुनुहुन्थ्यो ।

त्यतिबेलै एउटी किशोरी आई हाम्रा अघिल्तिर र भनी, 'तपाईंहरू नेपालबाट आउनुभएका लेखक/ पत्रकारहरू हैन त ?', उसले अघि भनी, 'र तपाईं यस टोलीका नेता अशोक सुवेदी अर्थात् मिस्टर अशोक । तपाईंहरूलाई कस्तो छ ? कसरी आइपुग्नुभयो ? कुनै गाह्रो त भएन नि ? बाई द वे, म पाक जिन हुई हुँ, प्योङयाङ युनिभर्सिटीमा फरेन स्टडी विषयमा मास्टर डिग्री अध्ययन गर्दै गरेकी । यसपटकको साम्राज्यवादविरुद्ध ऐक्यबद्धता अन्तर्राष्ट्रिय सम्मेलन र सन्स डे राष्ट्रिय दिवसमा म तपाइँहरूका साथ हुनेछु ।'

मध्यम कदकी, हिउँजस्ती गोरी, ब्वाइज कट कपाल काटेकी १८-२० वर्षकी जस्ती लाग्ने गोलो अनुहारकी ती किशोरीले छोटो परिचयसँगै हाम्रा असरल्ल सामान समालिँदिँदै हामीलाई कुरिरहेको गाडीतिर जान सङ्केत गरिन् । ४ बजे प्योङयाङ एयरपोर्ट पुग्ने हाम्रो योजना थियो । चीनको राजधानी बेइजिङस्थित बेइजिङ एयरपोर्टबाटै एयर कोरियो समयमा उड्न नपाएपछि ६ बजे मात्र उडेको थियो र हामी राति ८:०० बजे मात्र प्योङयाङ पुगेका थियौँ । होटेल कोरियो पुग्दा ९ बजिसकेको थियो ।



फ्लावर फेस्टिबलमा कोरियाली महान् सहिद र अग्रजप्रति लालसलाम गर्दै नेपाली प्रतिनिधि ।

पाक जिन हुई अर्थात् मिस जिन

'मिस्टर अशोक सुवेदी, नाइस टु मिट यु ! तपाईं नेपालबाट लेखक/पत्रकारको नेतृत्व गरेर आउनुभएको छ । के छ नेपालका लेखक/पत्रकार हरूको अवस्था ?', मिस्टर ओसँगै आएकी हिउँको थुप्रोजस्ती, मध्यम कदकी उसले अझै थपी, 'म पाक जिन हुई, मेरो नाम अलि लामो लाग्न सक्छ । तपाईंहरू आफूलाई सजिलो हुने गरी मिस पाक जिन वा मिस जिन मात्र पनि भन्न सक्नुहुन्छ । बरु मचाहिँ तपाईंलाई के नामले सम्बोधन गरूँ ? तपाईंलाई कुन नामले बोलाएको मन पर्छ ?'

ऊ अझै बोल्न खोज्दै थिई, मानौँ प्योङयाङ युनिभर्सिटीकी स्नातकोत्तर पाक जिन हुई नेपालका लेखक/पत्रकारसामु फरासिली भएर अझै पोखिन चाहन्छे र संसारका प्रतिक्रियावादीहरूले जनवादी गणतन्त्र कोरियाका नागरिक सङ्कुचित छन्, कयसमा छन् । खटाएर, डराएर वा नियन्त्रित भएर मात्र बोल्छन् भन्ने कुरालाई व्यवहारबाटै असफल बनाउन चाहन्छे । त्यसको ठीक उल्टो मिस्टर ओचाहिँ आफ्नो पूर्ववत् शैली कायम राख्दै कम बोलेर हाम्रा गतिविधि नियालिरहेको थियो । गतसाल मैले उसलाई प्रश्नहरू सोधेर हैरान पारेको सन्दर्भ सायद ऊ अहिले पनि सम्झिरहेको थियो र मनमनै भनिरहेको थियो, 'यसले यसपटक पाक जिन हुईलाई पनि प्रश्नहरू सोधेर हैरान पार्नेछ...।'

हामी ६ मध्ये अन्य चारजनाका झोलामा पुस्तक, ब्यानर, हाम्रो संस्था नेपाल-कोरिया लेखक/ पत्रकार मञ्चका टिसर्ट, क्याप र मेरा केही निजी प्रयोगका सामान थिए । म सामान परीक्षण गराएर अध्यागमनको फलामे ढोका पार भइसकेको थिएँ । अरू साथीहरू कडा परीक्षा दिइरहेका थिए शरीर जाँच र सामान परीक्षणको ।




मैले भनेँ, 'केही छैन, तिमीलाई राम्रै लाग्छ भने हामी तिमीलाई 'मिस जिन' भनेर बोलाउनेछौँ । मिस पाक पनि भन्न सकिन्छ तर ...' उसले किन तर भनेर सोधिहाली । मैले भनेँ, 'मिस पाक भन्दा तिम्रो नाम महिलाभन्दा पुरुषजस्तो लाग्छ । मिस भनेकाले मात्र तिमी महिला हौ भन्ने ठानिन्छ । मिस जिन भन्दा हामी जिनमै महिला नाम पाउँछौँ । तिमीले हृदयदेखि नै हामीलाई नाम रोज्न दिएकी हौ भने हामी तिमीलाई मिस जिन भनेर बोलाउन चाहन्छौँ । भन के भन्छ्यौ ?' उसले सहजै भनिदिई, 'तिम्रो खुसी... । मैले त तिमीलाई रोजाइ नै सकेकी छु भने तिम्रो छनोटमा मेरो केको आपत्ति ? म त अझ खुसी हुनेछु... ।' उसले फेरि सोधी, 'तिमीले त भन्दै भनेनौँ नि तिमीलाई म के भनेर बोलाऊँ ?'

गतसाल 'मिस्टर ओ' ले कुनै प्रश्नबिनै मलाई 'मिस्टर सुवेदी' र माणिक लामालाई 'मिस्टर लामा' भनेर सम्बोधन गरेको थियो । यिनीहरू थरबाट सम्बोधन गर्न रुचाउँछन् भन्ने मेरो अनुमान थियो तैपनि मैले उनीहरूको मन बुझ्न भनिदिएँ, 'कुरा त उस्तै हो मिस जिन, यहाँ आउनेहरूमा सुवेदी म एक्लो छु तर सुवेदी मेरो नाम हैन, थर हो । तिमीलाई असजिलो हुँदैन भने मेरो नाम काढेर सम्बोधन गर... ।'

त्यसपछि उसले नाम उच्चारण गर्ने प्रयास गरी । उसको घाँटीबाट 'अ' को स्वर ननिस्किएर ' आऽ' भइरहेको थियो । ऊ मलाई 'आशोक' भनेर बोलाइरहेकी थिई । मैले १/२ पटक 'आशोक' हैन, 'अशोक' हो भनेँ । उसले प्रयास पनि गरी तर तत्काल सकिन । म भने उसले ८ दिनसम्म पक्कै सिक्ली अथवा सिकिन र जानिन भने पनि यही नाम भनिरहोस् भनेर यस्तो होइन, यस्तो हो भनिरहेँ । उसले कनीकनी सम्बोधन गर्दै अध्यागमनका सुरक्षाकर्मीले परीक्षणका लागि लगेका चित्र, पुस्तकहरू, क्यामेरा आदि सामान एकै ठाउँमा भेला पारेर सुटकेस गुडाउँदै एउटा आकर्षक उद्यानमा लिएर गई र भनी, 'तिम्रो समूहका सबैलाई बोलाऊ । हाम्रा पत्रकारहरूले सामूहिक तस्बिर खिच्नेछन् । त्यहीँ परिचय गराउला साथीहरूलाई...।'

मैले सबैलाई भेला पारेँ । माणिक एउटै टिम बनाएर आफू संयोजक बन्ने तयारीमा हुनुहुँदो रहेछ । मैले 'भैगो, दुईवटै बनाऊँ भन्दा पनि केही जिद्दी गरिरहनुभएको थियो । उहाँको स्वभावले पहिल्यै परिचित भइसकेकाले मैले पटकपटक दुईवटै समूह बनाउनुपर्नेमा जोड दिइरहेँ । सामूहिक तस्बिर खिचाइयो हामी ६ जनाको । माणिक र नेकपाका पोलिटब्युरो सदस्य क. रणवीरले एउटा समूह बनेर तस्बिर खिचाउनुभयो । हाम्रो क्यामेरा दिइयो कोरियाली पत्रकारलाई । उनीहरूले पनि हाम्रो क्यामेराबाट तस्बिर खिचिदिए । मिस जिनले हाम्रो समूहमा बसेर तस्बिर खिचाइन । पछि थाहा भयो, कोरियाको दैनिक समाचारपत्रमा प्रायः सबै समूहको तस्बिर प्रकाशित भएको रहेछ । सम्झिएँ, गत साल पनि यस्तै गरिएको थियो । हाम्रो तस्बिर कोरियाली भाषाको राष्ट्रिय पत्रिका र अङ्ग्रेजी भाषामा प्रकाशित समाचारपत्रमा पनि छापिएको थियो ।

त्यसपछि ऊ अघिअघि लागी र हाम्रा सुटकेसहरू मिलाउँदै गाडीमा राख्न लगाई । सबैजना गाडीमा बसेपछि हाम्रो समूहका साथीहरूसँग भनी, 'म तपाईंहरूबीच ८ दिनसम्म सँगै हुनेछु । तपाईंहरूलाई केही समस्या/दु:ख पर्‍यो वा जिज्ञासा भयो भने आफ्नो टोलीनेता मिस्टर अशोकसँग भन्नुहोला । हामी तपाईंहरूलाई कुनै दु:ख हुन दिनेछैनौँ किनकि कोरियामा समाजवाद छ । समाजवादले संसारका सबै श्रमजीवीहरूलाई वर्गीय माया दिन्छ, समान व्यवहार गर्छ र सुखदु:ख साट्छ । जुछे विचारले निर्माण गरेको स्वतन्त्र, मुक्त, सार्वभौमसत्ता सम्पन्न, स्वाधीन, समाजवादी कोरिया सधैँ वर्गमित्रहरूको न्यानो वर्गीय माया चाहन्छ र न्यानो मायाले बाँधिरहन चाहन्छ । कृपया तपाईंहरू आफैँ आफ्ना मौलिक आँखाले कोरिया, कोरियाली जनता र यहाँको समाजवादको परख गर्नुहोला ।'




यो फरासिली र हँसमुख युवतीले हामी सच्चा कम्युनिस्ट हौँ भन्ने भेउ पाइसकेकी छे भन्ने लाग्यो मलाई । किनकि कोरियाका राष्ट्रनिर्माता किम इल सुङको जन्मदिन सूर्योदय दिवस (सन्स डे) का सन्दर्भमा जनवादी गणतन्त्र कोरिया पुगेका अरू कयौँ देशका प्रतिनिधिहरूको शरीरको खानतलासी र झोला एवम् सामानको चिरफार अत्यन्त कडा ढङ्गले भइरहेको थियो । हाम्रो समूहको सामान जाँचमा त्यति धेरै समय लागेन किनकि मिस्टर ओ पनि सामान परीक्षण गर्ने, यताउता लैजाने र केन्द्रीकृत गर्ने कामका लागि मिस जिनलाई सक्रियतापूर्वक सघाइरहेको थियो ।

समाजवादले मानिसलाई कति उन्नत बनाउँछ भन्ने कुराको आभास ओ, मिस जिन र अरू दोभासे तथा कोरियाली नेतृत्वको व्यवहारले देखाइरहेको थियो । सुटमा सजिएको ओ र खागी रङको ओभरकोटजस्तो लाग्ने ज्याकेट लगाएकी जिन दुवैको ध्यान मात्र हामीतिर थिएन, उनीहरू पूरै हाम्रा लागि, आयोजक सङ्गठन कासका पाहुनालाई आतिथ्य दिने कामका लागि र समाजवादभित्र हुने जनवादको उच्चतम अभ्यासका लागि समर्पित थिए ।

प्योङयाङ अन्तर्राष्ट्रिय एयरपोर्टमा जाँच उत्तीर्ण भई आधा घन्टाभन्दा बढी कारमा यात्रा गरेर पाँचतारे होटेल कोरियो पुगुन्जेल अघिल्तिर र पछिल्तिर सिटमा बस्नुभएका अखिल क्रान्तिकारीका अध्यक्ष तथा हाम्रो संस्थाका सल्लाहकार कमरेड पूर्णबहादुर सिंह, केस सरोज भण्डारी, पार्टी पीबीएम कमरेड रणवीर, हस्तबहादुर केसी, सुरेन्द्र केसीहरू कोरियाको विकास र प्रगति देखेर 'वा:, ओ हो !' भन्दै कोरियाविरुद्ध गरिएको साम्राज्यवादी दुष्प्रचारको खिल्ली उडाइरहनुभएको थियो ।

टोलीनेता म भएकाले होला सायद, जिन मसँगै बसेकी थिई । उसलाई यो मेरो दोस्रो कोरियायात्रा हो भन्ने थाहा भइसकेको थियो । 'मिस्टर अशोक, कोरियाको दोस्रो यात्रा गर्दैछौ, कस्तो अनुभूति गरेर फर्केका थियौ पहिलोपटक ?' उसले गाडीमै प्रश्न तेर्स्याएकी थिई । 'म स्वतन्त्र, स्वाधीन, सार्वभौम, शक्तिशाली कोरिया र यस्तो सम्पन्न कोरिया बनाउने तिमी कोरियाली जनताप्रति गर्व गर्छु । अघिल्लोपटक जिज्ञासैजिज्ञासा लिएर आएको थिएँ र जिज्ञासाको आधा घैला भरी थप भोक जगाएर फर्किएको थिएँ । मेरो बाँकी भोक मेटाउन र लाखौँ नेपालीको भोक मेटाउने दिशामा लाग्न युवा, प्रौढ र अधबैँसे तीनै किसिमका प्रतिनिधिलाई ल्याएको छु, हेर न...', मैले भनेको थिएँ । 'यसपटकको सन्स डे भ्रमणमा थप के गर्ने सोचेका छौ ?', उसले सोधी ।

'कोरियासँग सम्बन्ध विस्तार गर्न र आत्मीयता बढाएर दीर्घकालसम्म लैजाने र जनस्तरसम्म पुर्‍याउने विचार छ', मैले भनेँ । उसले सोधेका कयौँ प्रश्नको उत्तर दिँदै मैले कोरियाका लागि पुस्तक उपहार ल्याएको छु भन्दै लबीमै एउटा पुस्तक हेर्न दिएँ, कोरियाका बारेमा मैले लेखेको पहिलो नियात्रा-डायरी-संस्मरणसङ्ग्रह । उसले जिब्रो काढ्दै र पाना पल्टाउँदै बेलाबेलामा छड्के आँखाले मतिर हेर्दै गरी । मलाई लाग्यो, रङ्गीन पुस्तकका पानाहरूमा लेखिएको नेपाली भाषा नबुझे पनि ऊ कोरियाबारे खोजिएका सम्पूर्ण तस्बिरहरूको भाषा र भाव बुझिरहेकी थिई ।

'कति दिनमा लेखिसक्यौ यति राम्रो पुस्तक ?', उसले सोधी । 'राम्रो छ कि नराम्रो, कसरी यकिन गर्‍यौ ?', मैले प्रतिप्रश्न गरेँ । 'यसमा समाविष्ट कोरियाको शक्ति झल्काउने तस्बिर, सुटमा सजिएको तिम्रो तस्बिर, कोरिया आएका संसारका प्रतिनिधिदेखि कोरियालाई मुक्त बनाउने जुछे विचारका प्रवर्तक कमरेड किम इल सुङ र अध्यक्ष माओ एकसाथ उभिएको र बसेको तस्बिर, कोरियाले विकास गरेको मिसाइल, जनसेना, हतियार... यी सबै कुराले अवश्य पनि यो पुस्तक राम्रो छ भन्ने मेरो ठहर हो...', उसले आफ्नो कुरा पुष्टि गर्ने प्रयास गरी ।

उसको व्याख्या सुन्दा मलाई कोरियाले समाजवादसँगै नागरिकको क्षमतामा पनि भव्य विकास गरेको रहेछ भन्ने बुझ्न कुनै आइतबार कुरिरहनु परेन । 'मिस जिन, तिमी यो तस्बिरमा देखिएको मान्छेलाई चिन्छ्यौ ?', मैले पुस्तकभित्रको एउटा तस्बिर देखाउँदै सोधेँ । उसले मलाई खाउँलाझैँ गर्दै हेरी र सुस्तरी भनी, 'किन र ? महान् विचारक र मार्क्सवादका प्रवर्तक कार्ल मार्क्सलाई नचिन्ने बुद्धु ठान्यौ कि क्या हो हामीलाई ?', गम्भीर ढङ्गले प्रस्तुत भई ऊ ।




जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङमा लेखकको पहिलो कोरिया यात्रासम्बन्धी पुस्तक लोकार्पण गर्दै कास महासचिव क. री सोङ चोल, क. रणवीर, फ्रान्सका प्रोफेसर एड्मन्ड जोउभे, मञ्चका सल्लाहकार क. हस्तबहादुर केसी र इन्टरप्रेटर मिस्टर ओका साथ लेखक ।

'हैन-हैन, नरिसाऊ न मिस जिन । यो पुस्तकमा मैले कार्ल मार्क्सदेखि कोरियाली जनताका महान् नेता किम इल सुङसम्म र माओसम्मका नेताको विचारलाई जोडेको छु क्या !', मैले अवस्था सामान्य बनाउने प्रयास गर्दै भनेँ ।

मैले बारम्बार किम इल सुङ मात्रै भनेको सुनिरहेकी मिस जिनले भनी, 'ग्रेट लिटर कमरेड किम इल सुङ भन मिस्टर अशोक । उहाँले कोरिया र हामीलाई सामन्ती/साम्राज्यवादी पञ्जाबाट मुक्ति दिलाउनुभएको छ । उहाँ नेता मात्र होइन, विचारक पनि हो र योद्धा पनि... ।'

मैले सोचेँ, 'कति गम्भीर कुरा गरी यसले ख्यालख्यालमै । मार्क्स-एङ्गेल्सले विचार दिनुभयो तर दुस्मनविरुद्ध हतियार बोकेर लड्न पाउनुभएन । लेनिन, स्टालिन, माओ, किम इल सुङ, किम जोङ इल, फिडेल क्यास्ट्रो, चे ग्वेभारा, हो ची मिन्ह, चारु मजुमदाहरूले त विचारका साथै लडाइँको नेतृत्व पनि गर्नुभयो र मोर्चाहरू पनि समाल्नुभयो । हाम्रोमा पुष्पकमल दाहाल 'प्रचण्ड' हरूले जनयुद्धको नेतृत्व गरे पनि योद्धा बनेनन्, मोर्चा समालेनन् । नजिकबाट खाराको एउटा लडाइँ हेरेका प्रचण्डलाई महानायक र योद्धा भनेर हामीले गल्ती गरेका रहेछौँ । नेता, विचारक, योद्धा र महान् बन्न त युद्धको मोर्चा समाल्नुपर्ने, जितेर टिकाइराख्नुपर्ने रहेछ र देश र जनतालाई आँखाको नानीझैँ माया गर्नुपर्ने रहेछ । तब न कोरियालीहरूले किम इल सुङलाई ग्रेट लिडर भन्ने हक राख्दा रहेछन् ।'

'यो पुस्तकको नाम के हो ?', मिस जिनले सोधी । मैले- 'जनगणतन्त्र कोरिया यात्रा र हाइड्रोजन भूकम्प' भनेँ । उसले यसको अर्थ सोधी । मैले आफूले गरेको जनगणतन्त्र कोरियाको पहिलो यात्रा र कोरियाले सफल रूपमा परीक्षण गरेको हाइड्रोजन बमले साम्राज्यवादी क्याम्पहरूमा ल्याएको भूकम्पीय तरङ्ग... भनेपछि स्वाभाविक रूपमा उसको अनुहारमा खुसी छायो । कोरियालीहरू आफ्नो सफलताप्रति कति गर्व गर्छन् भन्ने कुराको ज्वलन्त उदाहरण थियो यो । मैले जापानी साम्राज्यवाद र अमेरिकी साम्राज्यवादका विरुद्ध निरन्तर लडिरहने अनि हाँसीहाँसी बलिदान गर्ने ती दसौँ लाख कोरियाली योद्धाहरूलाई सम्झिएँ र मेरो देशका योद्धाहरूसँग तुलना गरेँ । मेरो देशका वीरवीराङ्गनाहरूले पनि श्रमिक-उत्पीडित जनता र साम्राज्यवादको चङ्गुलमा फसेको देशको मुक्तिका लागि निर्भीक भएर लडेका थिए । कोरियालीहरूले बलिदानपछि मुक्ति पाए तर मेरो देशमा भने जनयुद्धपछि केही पात्रहरूको मात्र जीवन बदलियो, आधारभूत वर्ग जहाँको तहीँ रह्यो ।



गत सालका इन्टरप्रेटर मिस्टर ओ र यस वर्षकी इन्टरप्रेटर मिस जिन ।

- शक्तिशाली समाजवाद (जनगणतन्त्र कोरियाको दोस्रो यात्रा) २०७४ बाट

## अब दोस्रो जनयुद्ध सुरु भयो भने ...

जनसमाजवादी मञ्चसँग एकता सम्पन्न भएको छ भने नेकपा (क्रान्तिकारी माओवादी) सँग पार्टी एकता संयोजन समिति बनिसकेको छ । अरू क्रान्तिकारी समूह र व्यक्तित्वसँग छलफल भइरहेको छ ।

दसबर्से जनयुद्धलाई नेतृत्वद्वारा अलपत्र पारिएको, बारम्बार अवसरवादी नेतृत्वद्वारा धोका दिइएको र क्रान्तिका लागि वस्तुगत स्थिति तयार भइरहेको अवस्थामा क्रान्तिको आवश्यकता नहुने कुरै भएन । क्रान्तिकारीहरूका बीच एकता हुनका लागि विचारधारात्मक रूपले मार्क्सवाद-लेनिनवाद-माओवादलाई मार्गनिर्देशक सिद्धान्त मान्ने, जनवादी केन्द्रीयतालाई सङ्गठनात्मक पद्धतिका रूपमा मान्यता प्रदान गर्ने, इतिहासमा बल प्रयोगको भूमिकालाई स्वीकार गर्ने, संसदीय व्यवस्थाका विरुद्ध जान तयार रहेका, अन्धराष्ट्रवादका विरुद्ध सर्वहारा अन्तर्राष्ट्रवादलाई अँगाल्ने, नयाँ जनवादी क्रान्तिको कार्यभारसहित वैज्ञानिक समाजवादी क्रान्ति गर्न तयार रहने सर्तहरू नै एकताका प्रमुख आधारहरू हुन् ।

बहुमत र क्रान्तिकारी माओवादीबीच वार्तार्टोलीहरू बन्नु र यो प्रक्रियाबाट पार्टी एकता संयोजन समिति बन्नु पार्टी एकताका लागि एउटा गुणात्मक छलाङ हो । अहिले हाम्रो कार्यदिशासम्बन्धी बहस केन्द्रित भएको छ । कार्यदिशा, कार्यक्रम र कार्यनीति नै पार्टी एकताका मूल विषय हुन् ।

☛ **क्रान्तिकारी आन्दोलनको ध्रुवीकरण आवश्यकता हो कि रहर वा बाध्यता हो ? मिल्ने र विभाजन वा विद्रोह हुने त कुनै सीमा नै रहेन नि ?**

◆ क्रान्तिकारीहरूबीचको ध्रुवीकरण कुनै रहर वा बाध्यता नभएर इतिहासको जिम्मेवारी पूरा गर्नका लागि एउटा आवश्यकता हो । फुट र विभाजन पनि दुई प्रकारका हुन्छन् : एउटा संशोधनवादका विरुद्ध विद्रोह र अर्को व्यक्तिवादी आकाङ्क्षा पूरा गर्ने फुट । त्यसकारण अहिले नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) बीच हुन थालेको पार्टी एकताको प्रक्रिया समग्र क्रान्तिकारीहरूलाई ध्रुवीकरण गर्ने र नेपाली क्रान्तिको कार्यभार सम्पन्न गर्ने उद्देश्यमा आधारित छ । नेपाली कम्युनिस्ट आन्दोलनमा भएका व्यापक फुट र विभाजनले आमजनतामा नकारात्मक प्रभाव पारेको छ । कहिलेकहीँ अनावश्यक फुट र विभाजन भएको कुरा सत्य हो । सैद्धान्तिक मतभेदका आधारमा मिलन र विभाजन दुवै सही हुन्छन् । क्रान्तिलाई बाधा पुऱ्याउने मिलन र विभाजन दुवै हानिकारक छन् । जब विचारधारात्मक र सैद्धान्तिक बहस गरेर समस्याको हल गरिन्छ तब फुट र विभाजन सीमित हुन पुग्दछन् ।

☛ ***अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन, रुस-युक्रेन युद्ध, चीन-ताइवान विवादलगायत अन्तर्राष्ट्रिय विषयमा पार्टी धारणा सार्वजनिक गरिदिनुस् न !***

◆ कम्युनिस्ट आन्दोलन भनेको अन्तर्राष्ट्रिय आन्दोलन हो । त्यसैले मार्क्स र एङ्गेल्सको नेतृत्वमा न्यायप्रिय सङ्घ हुँदै १८६४ मा प्रथम अन्तर्राष्ट्रिय अर्थात् अन्तर्राष्ट्रिय मजदुर सङ्घ बन्यो । पेरिस कम्युनको असफलता र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा बाकुनिनको अराजकताले त्यसको विघटन भयो । फेरि एङ्गेल्सको नेतृत्वमा १८८९ मा दोस्रो अन्तर्राष्ट्रियको गठन भयो । अन्ततः यो बर्नस्टिन र कार्ल काउत्स्कीको अन्धराष्ट्रवादमा पतन भयो । रुसमा क्रान्ति सम्पन्न भएको दुई वर्षमै लेनिनले तेस्रो अन्तर्राष्ट्रियको विकास गर्नुभयो । यसले वास्तवमा विश्व कम्युनिस्ट पार्टीको भूमिका निर्वाह गऱ्यो । दोस्रो विश्वयुद्धका क्रममा १९४३ मा तेस्रो अन्तर्राष्ट्रियको विघटन गरियो । यसमा कहीँ न कहीँ स्टालिनको कमजोरी रह्यो भनेर पनि मूल्याङ्कन गरिएको छ । १९४३ देखि १९८० सम्म अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन नेतृत्वविहीन भयो तथापि त्यसबेला माओ हुनुहुन्थ्यो । सुरुमा स्टालिन र पछि माओ, हो ची मिन्ह, किम इल सुङजस्ता महान् नेताहरूले चौथो अन्तर्राष्ट्रियको पहल किन गर्नुभएन ? भन्ने गम्भीर प्रश्न उठेको छ । सहज रूपमा भन्नुपर्दा चीन-सोभियत सङ्घ विवादले भन्न सकिन्छ तर यति भनेर मात्र चित्तबुझ्ने स्थिति छैन । १९८४ देखि आरसीपी अमेरिका, टर्की कम्युनिस्ट पार्टी माले, नेपाल कम्युनिस्ट पार्टी मशाल, पेरू कम्युनिस्ट पार्टी साइनिङपाथ, इरानेली कम्युनिस्ट पार्टी सर्बेदरानलगायतले पहल गरी अन्तर्राष्ट्रिय क्रान्तिकारी आन्दोलन (रिम) को गठन गरियो । पेरू र नेपालको जनयुद्धको जनयुद्धले त्यसलाई चौथो अन्तर्राष्ट्रियको भ्रूणका रूपमा विकास गर्दै थिए तर ती दुवै जनयुद्धको असफलताले यो अन्तर्राष्ट्रिय भ्रूण तुहिएको छ । आज संसारका विभिन्न देशहरूमा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू त छन् तर ती पार्टीहरू चौथो अन्तर्राष्ट्रिय बनाउन असफल छन् किनभने न त महान् विचारको विकास भएको छ, न त त्यसप्रकारको सक्षम नेतृत्व निर्माण भएको छ । त्यसकारण आज विश्वक्रान्तिको विकासका लागि चौथो अन्तर्राष्ट्रियको आवश्यकता परेको छ । हामी सचेत क्रान्तिकारीहरूले यसका लागि पहल गर्न जरुरी छ ।

आज साम्राज्यवादीहरू विश्वयुद्ध होइन, बरु कम घनीभूत युद्ध गरेर आफ्नो कारखानामा बनेका हतियारहरू बिक्री गरी वैभवशाली बन्न चाहेका छन् । यसको उदाहरण रुस-युक्रेन युद्ध हो । अमेरिकाले नेटोको उक्साहटमा युक्रेनलाई रुसविरुद्ध उक्साइदियो । युक्रेन त्यो उक्साहटमा लागेर रुसलाई ललकार्न पछि परेन । आखिर रुसले पनि हतियारको व्यापक उत्पादन गरेकै छ । अर्को कुरा उसले पनि अमेरिकालाई युक्रेनको युद्धमा तानेर कमजोर बनाउने प्रयत्न गऱ्यो । तर वास्तवमा अमेरिकाले नक्कली युद्ध (प्रोक्सी वार) गरिरहेको कुरा रुसले बल्ल बुझिरहेको छ । दोस्रो विश्वयुद्धदेखि नै अमेरिका आफ्नो नेतृत्वमा अरूलाई लडाउन सफल भइरहेको छ । द्वन्द्ववादी दृष्टिकोणअनुसार युक्रेन युद्धमा ऊ कमजोर साबित पनि भएको छ ।

चीनको ताइवानमा अमेरिकाले तनाव सिर्जना गर्नु भनेको चीनलाई उक्साएर ताइवानमा हमला गर्न लगाउनु हो ता कि ताइवानलाई व्यापक हतियार बेच्न सकियोस् । त्यसका साथै युद्धमा झोकेर चीनलाई पनि कमजोर बनाउन सकियोस् । अरूलाई लडाएर एकातिर शक्तिशालीलाई कमजोर बनाउनु र अर्कातिर आफूले उत्पादन गरेको हतियारको माल बिक्री गरी हतियार किन्ने देशलाई पनि कङ्गाल बनाउन सकियोस् । अमेरिकाको यो रणनीतिलाई ठीक ढङ्गले बुझेन भने अमेरिकाको टक्कर लिन पनि गाह्रो बन्ने स्थिति छ । त्यसकारण आज अमेरिकी साम्राज्यवादका विरुद्ध संसारका श्रमजीवी तथा उत्पीडित वर्गले व्यापक हमला गर्न जरुरी छ । हरेक देशका कम्युनिस्ट पार्टीहरूले भित्रभित्रै कुहिन थालेको साम्राज्यवादका विरुद्ध आआफ्नो देशमा गृहयुद्धको तयारी गर्नु जरुरी छ किनभने हरेक उत्पीडित देशहरूमा साम्राज्यवादका नङ्ग्राहरू गाडिएका छन् ।

☛ **पार्टीको नवौँ महाधिवेशन आगामी फागुन १ गते उद्घाटन गर्ने घोषणा गर्नुभएको थियो । तयारी कस्तो भइरहेको छ ?**

◆ हो, हामी आउँदो फागुन १ गते हाम्रो पार्टीको नवौँ महाधिवेशन गर्दैछौँ । यसका लागि लेनिनले भन्नुभएजस्तै पेसेवर क्रान्तिकारीहरूले बनेको नयाँ ढङ्गको कम्युनिस्ट पार्टी निर्माण गर्ने कुरालाई प्राथमिकता दिएका छौँ । माओले भनेजस्तै नयाँ ढङ्गको कम्युनिस्ट पार्टी सङ्गठनात्मक रूपले मात्र सङ्गठित हुँदैन, यो त विचारधारात्मक रूपले पनि सङ्गठित हुन्छ । त्यसकारण विचारधारात्मक, राजनीतिक, साङ्गठनिक, आन्दोलनात्मक र आर्थिक तयारी गर्दैछौँ । यसका साथै हामीले क्रान्तिकारी कम्युनिस्टहरूका बीचमा एकताप्रक्रियालाई अघि बढाएका छौँ । यसले गर्दा आउँदो महाधिवेशन नयाँ ढङ्गको पार्टीको नयाँ विचारधारा अन्वेषण गर्ने थलो हुनेछ ।

☛ ***कम्युनिस्ट नाउँका अरू पार्टी छोडेर नेकपा (बहुमत) मै लामबद्ध हुनका लागि वैज्ञानिक समाजवादसम्म पुग्ने तपाईंहरूसँग के त्यस्ता आकर्षक, विश्वासिला नयाँ नीति र कार्यक्रमहरू छन् ? यो अन्तरवार्ताको अन्तिममा हाम्रा पाठकहरूको मन जित्ने गरी केही विषय राखिदिनुस् न !***

◆ नेकपा (बहुमत) न त पुरानो सिद्धान्तमा मात्र चिप्किएको छ, न त यसले मालेमावादी आधारभूमि छोडेर हावामा तैरिरहेको छ । यो धर्तीमा टेकेर नयाँ कार्यदिशा, कार्यक्रम र कार्यनीतिको विकास गर्ने प्रक्रियामा अघि बढिरहेको छ । हामीले नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्दै वैज्ञानिक समाजवादी व्यवस्था ल्याउने न्यूनतम कार्यक्रम बनाएका छौँ । यसले गर्दा वैज्ञानिक समाजवादी क्रान्ति हाम्रो राजनीतिक कार्यदिशा बनेको छ । यसका साथै वैज्ञानिक समाजवादको लक्ष्य पूरा गर्न हामीले एकीकृत जनयुद्धको सामरिक कार्यदिशा तय गरेका छौँ । वैज्ञानिक समाजवादी व्यवस्था सञ्चालन गर्न आजैदेखि क्रान्तिकारी वर्ग नयाँ शासनसत्ताको अभ्यासमा पनि लाग्नुपर्दछ । त्यसकारण हामीले स्वाधीन संयुक्त सरकारको कार्यनीति बनाएका छौँ । यो सरकारमा देशभक्त, जनतान्त्रिक र क्रान्तिकारी कम्युनिस्टहरू संयुक्त रूपमा अघि बढ्नेछन् । यसको कारण के हो भने उनीहरूको विकासका लागि दलाल पुँजीवादी संसदीय व्यवस्था बाधक बनेको छ । यही नै हाम्रो कार्यदिशाको आमशृङ्खला हो । यसैबाट नै नेपाली जनताको मुक्ति हुन्छ भन्ने कुरामा हामी विश्वस्त छौँ ।

*प्रस्तुति : अशोक सुवेदी*

## महाधिवेशन आयोजक समितिका सदस्य राजीव रिहा

काठमाडौँ/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य राजीव तामाङ ६ दिनपछि रिहा भएका छन् । उनलाई काठमाडौँ जिल्ला प्रशासनले बिहीबार ४ हजार धरौटीमा रिहा गरेको हो । उनलाई भदौ ११ गते काठमाडौँबाट प्रहरीले बिनाकारण गिरफ्तार गरेको थियो ।

राजीवको रिहाइको माग गर्दै नेकपा (बहुमत) का प्रवक्ता सुदर्शनले आफ्नो पार्टीले राष्ट्रियता, जनतन्त्र, जनजीविकालगायत विषयलाई लिएर देशव्यापी 'राष्ट्रिय जागरण तथा सङ्गठन विस्तार अभियान' सञ्चालन गरिरहेको र सोही अभियानमा लागेका आफ्नो पार्टीका नेता-कार्यकर्तालाई बिनाकारण गिरफ्तार गरेको भन्दै बिनासर्त रिहाइको माग गरेका थिए ।

## शैलुङमा नेकपा (बहुमत)



शैलुङ (दोलखा)/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दोलखा जिल्लाको शैलुङ गाउँपालिका आठ नम्बर वडामा पार्टी समिति गठन भएको छ । पार्टीको नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् दोलखा-सिन्धुपाल्चोक जिल्ला इन्चार्ज विनयराज शर्माको प्रमुख आतिथ्य र युवा जनस्वयम्सेवक नेपाल दोलखा जिल्ला इन्चार्ज भरत घिसिङको सञ्चालनमा सम्पन्न भेलाले कृष्ण विक संयोजक रहने गरी २१ सदस्यीय वडा समिति गठन गरेको हो । वडा भेलामा प्रमुख अतिथि शर्मा र जिल्ला संयोजक अन्जानले प्रशिक्षण दिएका थिए ।

## नेकपा (बहुमत) को घोराही नगरभेला तयारी बैठक



घोराही (दाङ)/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) घोराही नगरभेला आयोजक समितिको तयारी पूर्ण बैठक सम्पन्न भएको छ ।

नगरभेला तयारीका लागि नगरभित्रका सम्पूर्ण वडामा वडा समिति, एकाइ समिति गठन गरिने, जनतासँग भेटघाट गर्ने, जनजीविकाका विषयमा छलफल गर्ने, पार्टीका नीति, कार्यक्रम जनतालाई बुझाउने, लघुवित्तीय र मिटरब्याजीहरूले जनतालाई गरिरहेको ब्रह्मलुटविरुद्ध भन्डाफोर गर्नेलगायत निर्णय गरिएको घोराही नगर समितिले जनाएको छ ।

घोराहीमा आइतबार बसेको बैठकमा पार्टी दाङ जिल्ला इन्चार्ज तिलक, जिल्ला संयोजक वीरेन्द्रलगायतको उपस्थिति थियो । बैठकको अध्यक्षता घोराही नगर इन्चार्ज हिमालले गरेका थिए ।

## क्रान्तिकारी ट्रेड युनियन महासङ्घको आह्वान

काठमाडौँ/ अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले स्वोरोजागार मजदुरका रूपमा कार्यरत पठाओ सेवाअन्तर्गत सवारी चालकलाई राज्यद्वारा गर्ने दुर्व्यवहार र स्वयम् पठाओ एप्सले गरेको मनपरी सेवाशुल्क, चर्को प्रतिशत उठाइरहेकोमा सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । महासङ्घका अध्यक्ष विनोद थापाले विज्ञप्ति जारी गरी पठाओमा कार्यरत स्वोरोजगार श्रमिकको न्यायोचित मागलाई पूरा गर्न सरोकारवाला निकायसँग जोडदार माग राखेका छन् ।

विज्ञप्तिमा थापाले भनेका छन्, 'भर्खरै मात्र नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट हाम्रो महासङ्घलाई बदनाम गर्ने उद्देश्यबाट केही अराजक तत्वहरू सुनियोजित ढङ्गबाट हाम्राविरुद्ध सक्रिय रहेको देखिएको छ । तिनीहरूले गर्ने कुनै पनि गतिविधिमा हाम्रो संग्लनता नरहेको र उनीहरूले गरिरहेका आर्थिक गतिविधिबारे महासङ्घको कुनै पनि साइनोसम्बन्ध नरहेको हुँदा सङ्गठनको ब्यानरमा हुने कुनै पनि आपराधिक क्रियाकलाप स्वीकार गर्न नसकिने बेहोरा जानकारी गराउँदै केही व्यक्तिहरू जो हामीसँग सरोकार राख्दैनन्, तिनीहरूले लगाउने आरोपलाई हामी पूर्ण रूपमा खारेज गर्दछौँ ।'

विज्ञप्तिमा भनिएको छ, 'श्रमिकका बीच सक्रिय हाम्रो सङ्गठन मजदुरविरोधी गतिविधिमा संग्लन जोकोही व्यक्तिप्रति खबरदारी गर्दै आइरहेको पनि जानकारी गराउँछौँ । सङ्गठनमा आबद्ध हुनुभएका सम्पूर्ण कमरेडलाई सचेत रहन अनुरोध गर्दै हाम्रा शुभचिन्तक समर्थक उद्योगी व्यवसायी मित्रहरूलाई अनुरोध छ- हाम्रा साथीहरू तपाईंको बीच आउँदा पहिचानसहितको आफ्नो परिचयपत्रसहित आइरहेका छन् । तसर्थ परिवर्तनको एजेन्डालाई साथ दिन र राजनीतिक, साङ्गठनिक सम्बन्धलाई अझै प्रगाढ बनाउन सम्पूर्ण न्यायप्रेमी महानुभावहरूलाई यसै प्रेस विज्ञप्तिमार्फत हार्दिक अनुरोध गर्दछु ।'

## जनताको घरघरमा नेकपा ...

अभियान टोलीले त्यहाँ सङ्गठन विस्तार गर्नुका साथै चौतारी सभाहरू, कोणसभाहरू र हाटबजार सभाहरू गर्नुका साथै भित्तेलेखन धमाधम गरिरहेको छ । यस्तै महोत्तरीमा चार सहिदको स्मृतिमा सभा गरिएको छ भने यसअघि अभियानकै अवधिमा सहिद रामवृक्ष यादवको स्मृति दिवस पनि मनाइएको छ । त्यस क्षेत्रमा जनताहरू मिटरब्याजी सूदखोरहरूबाट पीडित नागरिकहरू आफ्नो पार्टीमा गुनासो लिएर आउने गरेको र बिस्तारै आफ्नो पार्टीप्रति जनविश्वास बढ्दै गएको मधेस ब्युरो इन्चार्ज नयनको भनाइ छ ।

यस्तै नेकपा (बहुमत) को लुम्बिनी ब्युरोमा पनि ४ वटा अभियान टोली परिचालित गरिएको छ । पार्टी ब्युरो प्रमुख शार्दूलका अनुसार अभियानको अवधिमा लुम्बिनी ब्युरो र ब्युरोअन्तर्गतका सबै जिल्लामा जिल्ला पार्टीको बैठक सम्पन्न भएको छ । ब्युरोमा महिला, युवा, किसान, विद्यार्थी, महिलालगायत सबै जवसका जिल्लास्तरीय बैठकहरू सम्पन्न भएका छन् भने गुल्मीमा पार्टीको जिल्ला सम्मेलन सम्पन्न भएको छ । यस्तै रूपन्देहीमा महिलाको जिल्ला भेला र दाङमा मजदुर र युवाको सम्मेलन सम्पन्न भएको छ । अभियानको अवधिमा पहिलो चरणमा सबै जिल्लाका सबै जनवर्गीय सङ्गठनहरूका समितिहरू, पार्टीका सबै गाउँपालिकास्तरीय समितिहरूलाई पूर्णता दिने योजना रहेको, अहिले अभियान तराई भागमा केन्द्रित भएको र दोस्रो चरणमा पहाडी इलाकामा प्रवेश गर्ने कार्यक्रम रहेको जानकारी ब्युरो इन्चार्ज शार्दूलले दिए ।

इन्चार्ज शार्दूलका अनुसार हाल ब्युरोअन्तर्गत दाङमा एउटा, कपिलवस्तु र रूपन्देहीमा एउटा, नवलपरासी र नवलपुरमा एउटा र रुकुमपूर्व र पश्चिममा एउटा अभियान टोली परिचालित भएको छ । अभियानको अवधिमा रूपन्देहीको देवदहमा महिलाको नगरभेला र सियारी गाउँपालिकामा युवाको भेला पनि सम्पन्न भएको छ । यसका साथै पार्टी केन्द्रको पर्चा छापेर अभियान टोलीले घरघरमा वितरण गरेको छ भने सयौँ ठाउँमा वालपेन्टिङका कामहरू भइरहेको छ । उनका अनुसार दाङका तुल्सीपुर र घोराही उपमहानगरपालिकासहित सबै गाउँपालिकामा पार्टी समिति निर्माण भैसकेको छ ।

यस्तै नेकपा (बहुमत) पूर्वी ब्युरोमा २० जनाको नियमित अभियान टोली परिचालित भएको छ । २ गते मोरङको विराटनगरबाट सरसफाइ गरेर उद्घाटन भएको अभियान झापा र मोरङमा केन्द्रित भएको छ । १५/१५ दिन एउटा क्षेत्रमा रहने गरेको उक्त अभियान टोलीले प्रारम्भमा प्रचारात्मक कामहरू गरेको छ । अभियान टोलीले मेचीका पाँचथरबाहेक अन्य जिल्लामा जिल्ला समितिहरू बनाएको छ भने कोसीमा सङ्खुवासभा र तेह्रथुमबाहेक सबैमा जिल्ला समिति निर्माण गरेको छ । यस्तै सगरमाथामा उदयपुर, ओखलढुङ्गालगायत जिल्लाहरूमा जिल्ला समितिहरू पुनर्गठन भई कतिपय ठाउँमा बैठकहरूसमेत भैसकेका छन् । अभियानकै अवधिमा मोरङमा ६ वटा सम्पर्क समिति बनेको, युवाको जिल्ला समितिको बैठक बसेको र यो प्रक्रिया जारी रहेको जानकारी अभियान टोलीमा रहेका नेकपा (बहुमत) झापाका इन्चार्ज प्रवीण मिश्रले दिएका छन् । नेकपा (बहुमत) का पूर्वी ब्युरो इन्चार्ज निर्मलको नेतृत्वमा सञ्चालन भइरहेको उक्त अभियान टोलीमा व्यवस्थापन, प्रचारप्रसार, जनसम्पर्क तथा परिचालन र आर्थिक समिति बनेर परिचालित भइरहेको, अभियान टोली जतिसक्दो धेरै जिल्लामा पुग्ने कोसिस भइरहेको र जनतामा उत्साह पैदा भइरहेको ब्युरो इन्चार्ज निर्मलले बताएका छन् ।

यस्तै पश्चिम ब्युरोका सेती-महाकालीमा ३ ठाउँबाट सुरु भएको अभियान त्यस क्षेत्रमा चलिरहेको छ । कञ्चनपुर, कैलाली र डँडेल्धुराको अभियान कञ्चनपुरबाट, दार्चुला, बैतडी र बझाङको अभियान दार्चुलाबाट र अछाम, डोटी र बाजुरामा अर्को अभियान टोली परिचालित भएको उक्त ब्युरोबाट प्राप्त समाचारमा जनाइएको छ । पहिलो चरणमा प्रचारात्मक कार्य गरेको उक्त अभियान टोली जनतामा पुगेर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालबारे जनतालाई बुझाउँदै हिँडेको छ । अभियान टोलीले कैलाली र कञ्चनपुरमा लघुवित्तहरू र मिटरब्याजीहरूले पारेको हैरानीबारे अध्ययन गरेर तिनीहरूका विरुद्ध सङ्घर्षका कार्यक्रम अघि बढाउने बताएको छ । अभियानका क्रममा नेकपा समाजवादी र विप्लव नेतृत्वको पार्टीबाट थुप्रै कार्यकर्ता नेकपा (बहुमत) मा प्रवेश गरेको जानकारी त्यस ब्युरोका इन्चार्ज महानले दिएका छन् । साथै उनले युवा, विद्यार्थी, महिला सङ्गठनको भेला सम्पन्न भएको, पार्टीको कैलाली जिल्ला समितिको बैठक सम्पन्न भएको, त्यो प्रक्रिया तलसम्म पनि पुगेको पनि बताए । अभियानको अवधिमा जनताले विप्लव नेतृत्वको तत्कालीन नेकपालाई विश्वास गर्दागर्दै पनि त्यो पार्टी संसदीय संशोधनवादी भैसकेको अवस्थामा अव नेकपा (बहुमत) ले जनतालाई धोका दिन नहुने र यसले पनि जनतलाई धोका दिएको खण्डमा कम्युनिस्ट आन्दोलनप्रति जनताको निकै वितृष्णा पैदा हुने भएकाले जनतालाई धोका नदिन पनि सुझाएका छन् ।

पार्टीको सेम ब्युरो इन्चार्ज महानले त्यस क्षेत्रमा बहुमतका कार्यकर्ताहरूलाई प्रभावित बनाउने काम विप्लव नेतृत्वको नेकपाले निरन्तर गरेको भए पनि त्यस क्षेत्रमा कार्यकर्ताहरू गाउँगाउँसम्म पुगेर अभियान सञ्चालन गरिरहेको र जनतामा उत्साह भेटिएको बताएका छन् ।

बागमती पूर्वी ब्युरोका रामेछाप, काभ्रे, दोलखा, सिन्धुपाल्चोकलगायत जिल्लाहरूमा पनि अभियान सञ्चालन भइरहेको छ । दोलखामा मात्रै अभियान टोली ३०० जनताको घरमा पुगेको, २७ ठाउँमा नाराहरू लेखिएको, ५ वटा गाउँपालिका र नगरपालिकामा समिति बनिसकेको बताइएको छ । त्यस्तै सिन्धुपाल्चोकमा १२ मध्ये ४ वटा गाउँपालिकामा समिति बनिसकेको र अरू ठाउँमा पनि बन्ने प्रक्रिया जारी रहेको जानकारी सिन्धुपाल्चोक-दोलखाका इन्चार्ज निवय शर्माले दिएका छन् । अभियानका क्रममा दोलखामा १५ वटा कोणसभा र पिँढीसभाहरूका साथै सिन्धुपाल्चोकमा १८ स्थानमा सभाहरू भएका छन् । अभियानका क्रममा ब्युरो इन्चार्ज अटलको उपस्थितिमा अन्य पार्टीका पदाधिकारीहरू र जिल्लाका सरकारी अधिकारीहरूसँग पनि भेटघाट तथा अन्तरक्रिया गरिएको छ । अभियानको अवधिमा सिन्धुपाल्चोकमा मेयरहरू र दोलखाको भीमेश्वर नगरपालिकाका मेयरसँग अन्तरक्रिया गरेर पार्टीको अभियानका बारेमा बुझाउने काम अभियान टोलीले गरेको छ ।

पूर्वी ब्युरोका काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुलीमा पनि अभियान जारी रहेको, पार्टी सङ्गठन निर्माणको प्रक्रिया अघि बढिरहेको र सापेक्षित रूपमा अभियान जनताको घरआँगनसम्म पुगेर सङ्गठन विस्तार, गठन-पुनगर्ठन भइरहेको जानकारी त्यस ब्युरोका इन्चार्ज अटलले दिएका छन् ।

त्यस्तै बागमती ब्युरोमा भने अभियान विकेन्द्रित रूपमा सञ्चालन भइरहेको त्यहाँका इन्चार्ज शरदले जनाएका छन् । अभियानको अवधिमा काठमाडौँ र ललितपुरमा युवाको भेला सम्पन्न भएको छ । अभियानमा ऱ्याली, कोणसभाहरू, मार्चपास्ट, पर्चा वितरण, जनभेटघाटलगायत कामहरू भैरहेको र रसुवाबाहेक सबै जिल्लामा पार्टी समिति निर्माण भएर सङ्गठन निर्माणको प्रक्रिया अघि बढेको पनि इन्चार्ज शरदले बताएका छन् ।

यता अखिल (क्रान्तिकारी) ले देशभरि २ महिने प्रज्वल सङ्गठन सुदृढीकरण अभियान (साउन १०–असोज १०) सञ्चालन गरिहरेको छ । यो अभियान अवधिमा कम्तीमा २० हजार विद्यार्थीलाई प्रशिक्षण गरेको, ३ हजारभन्दा बढी विद्यार्थी सङ्गठित गरेको र ५ सयभन्दा बढी शिक्षक-कर्मचारीसँग अन्तरक्रिया सम्पन्न गर्नुका साथै तनहुँ, चितवन, कास्की, दाङ, रूपन्देहीलगायत जिल्लामा सम्मेलन हुन लागेको जानकारी सङ्गठनका केन्द्रीय अध्यक्ष मिलन राईले दिएका छन् ।

यस्तै पार्टीका जनवर्गीय सङ्गठनहरू युवा, विद्यार्थी, मजदुर, किसान, महिलालगायत सङ्गठन पनि अभियानमा परिचालित भएका छन् । यता विनोद थापाको नेतृत्वमा रहेको मजदुर सङ्गठनले पनि यसअघि नै ४ महिने अभियान सञ्चालन गरिरहेको र अहिले पार्टीले सुरु गरेको अभियानमा तीन कमान्डमा अभियान टोली परिचालित भएको जनाएको छ । सङ्गठनका अध्यक्ष विनोद थापाका अनुसार अहिले विनोदको नेतृत्वमा निर्माण, होटेल, उद्योग, चियाबगान र गार्मेन्ट टेक्सटायल, कोषाध्यक्ष ईश्वर बुढाथोकीले सङ्घसंस्था, श्रमिक सङ्घ, स्वास्थ्य सरसफाइ, सिलाइ, सेक्युरिटी, ग्रिलधातु, कोषाध्यक्ष शिशिरको नेतृत्वमा यातायात, गलैँचा, अटोमोबाइल, हाइड्रो, पेट्रोल, ढुवानीलगायत पेसागत सङ्गठहरूको नेतृत्व गरिरहेका छन् ।

सेती, महाकाली, भेरी-कर्णाली र गण्डक क्षेत्रमा पनि मजदुरको अभियान चलेको र त्यस क्षेत्रमा पार्टीसँग तालमेलमा अभियान अघि बढिरहेको अध्यक्ष विनोदको भनाइ छ । अभियानको अवधिमा पर्चाहरू वितरण, कोणसभाहरू, विरोधसभाहरू र सङ्गठन निर्माण भइरहेका छन् । हालसम्म मजदुर सङ्गठनका ४ जिल्लाको सम्मेलन सम्पन्न भइसकेको छ ।

यस्तै सबै ब्युरोहरूमा सङ्गठनको रूपरेखा तयार गरेको अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) ले पनि अभियानको अवधिमा २४ जिल्लामा सङ्गठन बनाएको र केन्द्रमा १२ जना नयाँ केन्द्रीय सदस्य थपेको जनाएको छ । भेला-सम्मेलनहरू विभिन्न जिल्लामा धमाधम सम्पन्न भइरहेको र यो प्रक्रियालाई छिट्टै देशभर बनाउने योजना रहेको जानकारी महासङ्घका केन्द्रीय अध्यक्ष हरि श्रेष्ठले दिए ।

## राष्ट्रहितविपरीत काम...

जनसमुदायमा आफ्नो नागरिक स्वतन्त्रता र जनतान्त्रिक अधिकार तथा राष्ट्रिय स्वत्व, अस्तित्व, स्वाभिमान र स्वाधीनताका लागि एकजुट भएर देशको स्वाधीनता र आफ्ना अधिकारको रक्षा गर्न सङ्घर्षको मैदानमा उत्रिनुबाहेक अन्य कुनै विकल्प नरहेको गम्भीर स्थिति सिर्जना भएको औँल्याउन चाहन्छौँ र सङ्घर्षको मैदानमा सचेत र एकताबद्ध किसिमले खडा हुन सर्वशक्तिमान जनतामा हामी हार्दिक आह्वान गर्न चाहन्छौँ ।'

वक्तव्यमा बाह्य शक्तिको अवाञ्छित स्वार्थको आडमा देशमा उत्पन्न गराइएको आजको यो गम्भीरतम् र संवेदनशील स्थितिमा देश र जनताको हितमा आफूलाई क्रियाशील ठान्ने सबै निष्ठावान् देशभक्त, लोकतान्त्रिक, वामपन्थी तथा कम्युनिस्ट शक्ति, समूह एवम् सत्यनिष्ठ व्यक्तिहरूलाईसमेत सङ्कीर्ण राजनीतिक पूर्वाग्रहलाई त्यागेर देश र जनतालाई जोगाउने र सततः रक्षा गर्ने आन्दोलनलाई एकताबद्ध र सशक्त तुल्याउन अग्रसर हुन र पहल गर्न पनि जोडदार रूपमा विशेष आग्रह गरिएको छ ।

यस सन्दर्भमा पाँच वाम शक्तिले भदौ २६ गते काठमाडौँमा विरोध जुलुस तथा सभा गर्ने निर्णय गरेका छन् । यसमा सहभागी भई सफल पार्न सम्पूर्ण जनसमुदायमा हार्दिक आह्वानसमेत गरिएको छ ।

वक्तव्यमा नेकपा (बहुमत) का संयोजक कञ्चन, नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य सीपी गजुरेल, नेकपा (मसाल) राष्ट्रिय महाधिवेशन आयोजक समितिका संयोजक सन्तबहादुर नेपाली, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष लोकनारायण सुवेदी र संयुक्त क्रान्तिकारी मोर्चा नेपालका प्रतिनिधि नारायण शर्माले हस्ताक्षर गरेका छन् ।

नियमित

# वैज्ञानिक समाजवादी शिक्षाको आवश्यकता

**गगन परियार**

*व्यक्ति होइन व्यवस्था बदलौँ ! शिक्षामा सुधार होइन, आमूल रूपान्तरण गरौँ !!*

जन्मदेखि मृत्युपर्यन्त मानवजीवनलाई सहज, सुखी र समृद्ध बनाउनका निम्ति सक्षम गराउने ज्ञान नै शिक्षा हो । अर्को अर्थमा असल, खराब छुट्ट्याउनसक्ने, सही र वैज्ञानिक निर्णय लिन सक्षम बनाउने, विभिन्न समस्याको व्याख्या मात्र होइन, समाधानका निम्ति विवेक प्रदान गर्ने ज्ञान वा चेतना नै शिक्षा हो । वर्गविभाजित समाजमा शिक्षा पनि वर्गीय हुने भएकाले सर्वहारावर्गीय दृष्टिकोणले शिक्षालाई परिभाषित गर्दा समाजमा मानवले मानवलाई गर्ने शोषण, विभेद, असमानता पैदा गर्ने र मुनाफाका निम्ति प्राकृतिक स्रोत-साधनलाई चरम दोहन गरी मानवजीवनलाई सङ्कट पार्नुका साथसाथै पृथ्वीलाई ध्वस्त बनाउने मावनताविरोधी र प्रकृतिविरोधी पुँजीवादी विचारधाराको विकल्पमा प्रकृतिको रक्षा गर्दै वर्गविहीन सुन्दर समाज निर्माण गर्ने चेतनाको निर्माण गराउनु नै शिक्षा हो । समग्रमा शिक्षा भनेको प्रकृतिलाई रक्षा गर्दै शोषणविहीन, समानता भएको वर्गविहीन सुन्दर समाजको स्थापनाका निम्ति द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित चेतना नै शिक्षा हो ।

कुनै पनि मुलुकको शिक्षाप्रणाली उक्त मुलुकमा भएको राजनीति र अर्थनीतिअनुरूपको हुन्छ । नेपालको वर्तमान राज्यसत्ता दलाल पुँजीवादी संसदीय व्यवस्था हो । त्यसकारण नेपालको वर्तमान शिक्षाप्रणाली दलाल एवम् निगम पुँजीवादी शिक्षाप्रणाली हो । नेपालको शिक्षा २००७ देखि २०२८ सम्मको अवधिमा बेलायत र भारतबाट निर्देशित रह्यो । २०२८ मा ल्याइएको नयाँ शिक्षापद्धतिबाट २०३६ सालमा शिक्षामा निजीकरणलाई वैधानिकता दिएसँगै नेपालको शिक्षा दलाल तथा निगम पुँजीवादी शिक्षातिर उन्मुख भयो । दलाल एवम् निगम पुँजीवादी शिक्षा भनेको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, राष्ट्रियतालगायत सम्पूर्ण क्षेत्रमा दलाली, परजीवी र परनिर्भर दास मानसिकता भएको जनशक्ति उत्पादन गर्नु हो । विदेशी तथा दातृ संस्थाद्वारा नियन्त्रित र निर्देशित शिक्षा हुनु, शिक्षालाई निजीकरण र व्यापारीकरण गरी श्रमजीवी जनताको हातबाट शिक्षा खोस्नुका साथै ज्ञानलाई व्यापारको वस्तु बनाई अकूत नाफा कमाउनु, शिक्षालाई मुख्य गरी श्रम र उत्पादनबाट अलग गराई शैक्षिक वेरोजगार उत्पादन गर्नु, युवा विद्यार्थीमा दास मानसिकता निर्माण गर्नु, मानव-मानवबीचमा असमानता, विभेद, शोषण, उत्पीडन पैदा गर्नु र मुनाफाका निम्ति प्राकृतिक स्रोत-साधनलाई दोहन गरी मानव जीवनसँगै प्रकृतिलाई नै ध्वस्त बनाउने प्रकृतिविरोधी र मानवताविरोधी पुँजीवादी विचारधाराको पक्षपोषण गर्ने जनशक्ति उत्पादन गर्नु, राष्ट्रिय आवश्यकतामा भन्दा विदेशीहरूको इच्छा र आवश्यकताअनुसारको जनशक्ति उत्पादन गर्नुलगायत विशेषताहरू दलाल एवम् निगम पुँजीवादी शिक्षाको विशेषता हो । हरेक कोणबाट नियाल्दा नेपालको शैक्षिक प्रणाली असफल सिद्ध भएको छ । त्यसकारण अन्धकारलाई उज्यालोतिर, पराजयलाई विजयतिर, असफलतालाई सफलतातिर उन्मुख गराउने र नागरिकको आत्मसम्मान, स्वाभिमानको सम्मान गर्दै राष्ट्रिय र सामाजिक आवश्यकतालाई सम्बोधन गर्ने आत्मनिर्भर, सिर्जनशील र सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्ने शिक्षा वैज्ञानिक समाजवादी शिक्षाप्रणाली मात्र हो ।

लाखौँ युवा विद्यार्थीको भविष्य सुनिश्चित र सुरक्षित गर्ने समाजवादी शिक्षाप्रणालीको वैचारिक जग मालेमावाद हो जसले ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई आत्मसात गर्दछ । पुँजीवादले पैदा गर्ने शोषण, विभेद, असमानतालाई चिर्दै शान्ति, समानता, स्वतन्त्रता सुनिश्चित गर्ने समाजवादी व्यवस्थालाई थप सुदृढ बनाउँदै साम्यवादी व्यवस्था स्थापना गर्ने महत्वपूर्ण आधार बन्न जान्छ । समाजवादी शिक्षाले अधिभूतवादी आदर्शवादी दृष्टिकोणलाई निषेध गर्दछ । समाजवादी शिक्षा श्रमजीवी वर्गीय शिक्षा हो जसले शोषणकारी पुँजीवादी शिक्षाको निषेध गर्दछ । समाजवादी शिक्षाको विशेषता यसप्रकार रहेको छ :

**१. बहुप्राविधिक शिक्षामा जोड**

बहुप्राविधिक शिक्षा भनेको विद्यार्थीलाई कुनै एक विषयमा मात्र सीमित र सङ्कुचित नबनाईकन सबै विषयमा उदाहरणका लागि प्रकृति विज्ञान, समाज विज्ञान, भौतिकशास्त्र, रसायनशास्त्र, अर्थशास्त्र, दर्शनशास्त्र आदि विषयको आधारभूत ज्ञान सिकाएर विद्यार्थीको चौतर्फी विकास गराई सिर्जनशील, गतिशील, रचनात्मक र स्वाधीन नागरिक बनाउने गर्दछ । यस शिक्षामा सैद्धान्तिक पक्ष र व्यावहारिक पक्षलाई संयोजन गरिन्छ अथवा शिक्षालाई श्रम र उत्पादनसँग जोडिन्छ जसले गर्दा श्रम गर्न र श्रमप्रति सम्मान गर्न सिकाउँछ । यस शिक्षाले प्रविधि चलाउन मात्र होइन, बनाउनसमेत सिकाउँछ । विद्यार्थीको चौतर्फी क्षमताको विकास गराउन समाजवादी शिक्षाले मद्दत गर्दछ, यो विज्ञानमा आधारित शिक्षा हो ।

**२. नि:शुल्क र समान शिक्षामा जोड**

विद्यार्थीको इच्छा, चाहना, क्षमता र आवश्यकताका आधारमा उसले जुनसुकै विषयको ज्ञान नि:शुल्क हासिल गर्न पाउने अधिकारको सुनिश्चित गरिन्छ । पुँजीवादीहरूले शिक्षामा निजीकरण र व्यापारीकरण गरी शिक्षालाई व्यापारको वस्तु बनाएकाले श्रमजीवी जनताको पहुँचबाट टाढा बनाएका छन् जसले गर्दा गरिबका छोराछोरीहरूको इच्छा र क्षमता हुँदाहुँदै पनि लाखौँ, करोडौँ तिरेर डाक्टर, इन्जिनियर, वकिल आदि क्षेत्रमा दक्ष हुन पाइरहेका छैनन् । २१ औँ शताब्दीमा दलाल पुँजीवादीहरूले जति नै स्वतन्त्रता र समानताको नारा लगाए पनि गरिब विद्यार्थीले ज्ञान हासिल गर्ने इच्छा र क्षमतालाई पैसाले कुल्चेर ती विद्यार्थीको सपनाको हत्या गरिरहेका छन् । स्वतन्त्रता र समानताको नाराले आफ्नो आपराधिक र अमानवीय हर्कतलाई लुकाउन पुँजीपतिहरू सफल भइरहेका छन् । समाजवादी व्यवस्थामा लागू हुने वैज्ञानिक समाजवादी शिक्षाप्रणालीमा सर्वप्रथम ज्ञान/शिक्षाको व्यापारको अन्त्य गरिन्छ । बुबा-आमाको खल्तीमा भएको पैसाका आधारमा नभई विद्यार्थीको इच्छा, क्षमता र आवश्यकताका आधारमा जुनसुकै विषय पनि पढ्न पाउने व्यवस्था हुन्छ । पैसा हुनेले पढ्ने र पैसा नहुनेले नपढ्ने विभेदकारी वर्तमान शिक्षाप्रणालीलाई अन्त्य गर्दै समान र नि:शुल्क रूपमा विद्यार्थीको इच्छा र आवश्यकताका आधारमा जुनसुकै विषय पनि पढ्न पाउने सुनिश्चितता समाजवादी शिक्षाप्रणालीमा हुन्छ ।

**३. श्रम र उत्पादनसँग जोडिएको शिक्षा**

'शिक्षा र भौतिक उत्पादनको संयोजन' नै समाजवादी शिक्षा हो भनी मार्क्सले कम्युनिस्ट घोषणापत्रमा भन्नुभएको छ । थप मार्क्सले श्रमसँग नजोडिएको शिक्षालाई बेकम्मा भन्नुभयो । यसलाई जोड दिँदै लेनिन भन्नुहुन्छ, 'पुँजीवादी शिक्षाको आधारभूत कमजोरी भनेकै श्रमबाट अलग गराउनु हो ।' त्यसकारण पुँजीवादी शिक्षाको विशेषता भनेकै सैद्धान्तिक र व्यावहारिक पक्षको तालमेल नमिल्नु हो । समाजवादी शिक्षामा विद्यालय र शिक्षालाई उद्योग र उत्पादनसँग अनिवार्य जोडिएको हुन्छ । श्रम र उत्पादनबिनाको शिक्षा भनेको हातखुट्टाबिनाको मानव-शरीरजस्तो हुन्छ । समाजवादी शिक्षाले प्रत्यक्ष श्रम र उत्पादनसँग जोडी मानव-जीवनलाई सुख, समृद्धितिर उन्मुख गराउँछ ।

**४. समाज र देशको मागमा आधारित शिक्षा**

नेपालको वर्तमान दलाल तथा निगम पुँजीवादी शिक्षाप्रणालीले व्यक्ति, परिवार, समाज र देशको माग र आवश्यकतालाई परिपूर्ति गर्ने जनशक्ति उत्पादन गर्ने नभई कुन देशमा कस्तो जनशक्ति आवश्यक छ, त्यसको परिपूर्ति गर्ने काम नेपालको विद्यालय र विश्वविद्यालयमार्फत उत्पादन गरिरहेका छन् जसअनुसार नेपाली युवा विद्यार्थीहरू आफ्नो आत्मसम्मान र स्वाभिमानलाई गुमाई विदेशमा सस्तो ज्यालामा श्रमशक्ति बेच्न बाध्य भएका छन् । समाजवादी शिक्षाप्रणालीले देशमा भएको प्राकृतिक स्रोतसाधनलाई उपयोग र परिचालन गर्दै समाज र देशको आवश्यकता परिपूर्ति गर्ने जनशक्ति उत्पादन गर्दछ ।

**निष्कर्ष**

नेपालको वर्तमान शैक्षिक प्रणालीले शिक्षामा निजीकरण र व्यापारीकरण गरी गरिब किसान मजदुरका छोराछोरीहरूको हातबाट शिक्षालाई खोसिएको छ । साथै शिक्षालाई श्रम र उत्पादनबाट अलग गराई शैक्षिक बेरोजगार जन्माउने गरेको छ । नेपाल अहिलेसम्म कसैको प्रत्यक्ष उपनिवेशमा नरहे पनि नेपाली युवाहरूलाई आधुनिक तरिकाले अर्काको देशमा दास बनाई देशको स्वाधीनता र नागरिकको स्वाभिमानलाई गुमाएको छ । करिब ७० लाख नेपाली युवा विदेशमा दास जीवन बिताउन बाध्य छन् । वर्तमान शैक्षिक प्रणालीले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हरेक क्षेत्रमा परनिर्भर, परजीवी बनाउने जनशक्ति उत्पादन गरेको छ । यो सबै परिणाम हुनुको मुख्य कारण दलाल पुँजीवादी संसदीय व्यवस्था र यसअन्तर्गत रहेको शैक्षिक प्रणाली हो । तसर्थ यो शिक्षाप्रणाली राष्ट्रविरोधी र जनविरोधी छ । दलाल पुँजीवादी राज्यसत्तालाई परास्त गरी गरिब, श्रमजीवी जनताको व्यवस्था वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गरी वैज्ञानिक समाजवादी शिक्षाप्रणाली लागू गर्नुपर्छ जसले बहुसङ्ख्यक मानिसको समस्या समाधान गर्दछ । त्यसो हुँदा वर्तमान दलाल एवम् निगम पुँजीवादी शिक्षाप्रणाली अन्त्य गरी वैज्ञानिक समाजवादी शिक्षाप्रणाली स्थापना गर्नु अहिलेको आवश्यकता हो ।

*(लेखक नेकपा (बहुमत) निकट अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य हुन् ।)*

# अखिल नेपाल महिला सङ्गठन चितवनको अध्यक्षमा विमला




चितवन/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) निकट अखिल नेपाल महिला सङ्गठन चितवनको प्रथम जिल्ला भेला सम्पन्न भएको छ । शनिबार सम्पन्न भेलाले इन्चार्जमा विमला भण्डारी, अध्यक्षमा विमला शेर्पा, उपाध्यक्षहरू रुविना चौधरी, अञ्जु खड्का र जानकी तिमिल्सिना, सचिवमा सुमित्रा मगर, सहसचिवमा विक्रममिया महतो र कोषाध्यक्षमा रचना प्रजा रहेको ३१ सदस्यीय जिल्ला समिति चयन गरेको छ ।

भेलामा प्रमुख अतिथि अखिल नेपाल महिला सङ्गठनकी केन्द्रीय अध्यक्ष अञ्जना, विशेष अतिथि नेकपा (बहुमत) चितवनका जिल्ला संयोजक विजय, अतिथिहरूमा भरतपुर महानगर इन्चार्ज जीवन, महानगर संयोजक काका, इच्छाकामना पालिका इन्चार्ज अभय, मजदुर जिल्ला इन्चार्ज ओम, युवा जनस्वयम्सेवक नेपाल चितवनका उपाध्यक्ष सुविन र माडी नगरपालिका इन्चार्ज शान्तिको विशेष उपस्थिति थियो ।

# नेकपा (बहुमत) दोलखाद्वारा शिक्षक र अभिभावकसँग अन्तरक्रिया



दोलखा/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) दोलखाले शिक्षक र अभिभावकसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । शुक्रबार दोलखा जिल्ला पार्टीले शारदा माध्यमिक विद्यालयमा शिक्षक-अभिभावकसँग अन्तरक्रिया गरेको हो ।

नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् दोलखा-सिन्धुपाल्चोक जिल्ला इन्चार्ज विनयराज शर्माको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक मानबहादुर तामाङ, विद्यालय व्यवस्थापन समितिका अध्यक्षसहित १८ जना शिक्षक र २० भन्दा बढी अभिभावक सहभागी थिए ।

अन्तरक्रिया कार्यक्रममा शर्माले यतिबेला शैक्षिक क्षेत्र शैक्षिक व्यापारी र माफियाहरूले कब्जा गरेको, शैक्षिक क्षेत्रमा विकृति फैलिएकाले यसको वैज्ञानिक सुधार गर्नुपर्ने, विद्यार्थीमाथि नै विद्यालय प्रशासनले नै अनैतिक र अभद्र व्यवहार गरेकाले यसको व्यापक रूपमा भन्डाफोर गर्दै शैक्षिक माफियालाई जनकारबाही गर्नुपर्ने बताए । आवश्यक सबै ठाउँमा समयमै पाठ्यपुस्तक पुऱ्याउन, यसका लागि सबैजना एकजुट भएर सम्बन्धित निकायमा जनदबाब दिनुपर्ने उनको भनाइ थियो ।

विद्यालयका प्रधानाध्यापक तामाङले आफ्नो विद्यालयमा आवश्यक पाठ्यपुस्तकसमेत नभएकाले विद्यार्थीले पढ्न नपाएको गुनासो गरेका थिए । नेकपा (बहुमत) ले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका भ्रष्टाचारी हाकिमलाई कारबाही गरेको सुनेर आफूहरू खुसी भएको र अब समयमै पाठ्यक्रम आइपुग्नेमा आशावादी भएको उनले बताए ।

कार्यक्रमको सञ्चालन नेकपा (बहुमत) दोलखाका संयोजक अन्जानले गरेका थिए । कार्यक्रममा युवा जनस्वयम्सेवक नेपाल दोलखाका संयोजक भरत पनि सहभागी थिए ।

# युवा जनस्वयम्सेवक पोखरा महानगरको प्रथम भेला सम्पन्न




पोखरा/ नेपाल कम्युनिस्ट पार्टी (बहुमत) को सहायक सङ्गठन युवा जनस्वयम्सेवक नेपाल कास्कीको पोखरा महानगरको प्रथम भेला विनोदको अध्यक्षतामा २१ सदस्यीय समिति चयन गर्दै सम्पन्न भएको छ ।

युवा जनस्वयम्सेवक नेपाल कास्कीको शनिबार पोखरामा सम्पन्न भेलाले उपाध्यक्षमा निसान, सचिवमा दीपक रहेको समिति चयन गरेको हो ।

नेकपा (बहुमत) नवौँ महाधिवेशन आयोजक समितिका सदस्य एवम् कास्की जिल्ला इन्चार्ज गोकुल पराजुलीको प्रमुख आतिथ्यमा सम्पन्न भेलामा महाधिवेशन आयोजक समिति सदस्य तथा कास्की जिल्ला संयोजक बद्री अधिकारी, पोखरा महानगर समिति इन्चार्ज रवीन्द्र राई, युवा जनस्वयम्सेवक नेपालका केन्द्रीय सदस्य प्रमोद सिंहलगायतको उपस्थिति थियो । कार्यक्रम युवा जनस्वयम्सेवक नेपाल कास्की जिल्ला सदस्य सुलभ तिमिल्सिनाले सञ्चालन गरेका थिए ।

**खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लि. को अति आवश्यक जानकारी**

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।



**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौ ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।



**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :**

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन : ०१-४२६२९७०, ४२६३४८५




निर्देशक : गुणराज लोहनी, प्रवन्ध निर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, व्यवस्थापक : झनक श्रेष्ठ, डिजाइन : अग्निराज पौडेल, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ